# निरन्तर नेपाली व्याकरण र रचना

कक्षा ७

लेखक तथा सम्पादक
डा. भूपहरि पौडेल

निरन्तर प्रकाशन
पुतलीसडक, काठमाडौँ–२९, नेपाल ।
फोन: ०१–४५४६३८४

| | | | |
|---|---|---|---|
| **नाम** | :........................................ | | |
| **कक्षा** | :........................................ | **रोल नं.** | ........................................ |
| **सेक्सन** | :........................................ | **विषय** | :........................................ |
| **विद्यालयको नाम** | :........................................ | | |


पुस्तक : निरन्तर नेपाली व्याकरण र रचना, कक्षा – ७

लेखक तथा सम्पादक : डा. भूपहरि पौडेल

प्रकाशक : निरन्तर प्रकाशन
काठमाडौँ, नेपाल
फोन नं. ०१–४५४६३८४, ९८५११७२२३०, ९८५११००००० 

प्रथम संस्करण : २०७६, वैशाख

द्वीतिय संस्करण : २०७७, वैशाख

तृतिय संस्करण : २०७८, वैशाख

चतुर्थ संस्करण : २०८०, वैशाख (पूर्ण परिमार्जित)



सर्वाधिकार : © प्रकाशकमा



मूल्य : रू. २६१।–

छपाइ नेपालमा ।

# भूमिका

भाषाको प्रयोग मानव समाजमा दैनिक व्यवहारिक प्रयोजनका निमित्त गरिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्नु भाषा सिकाइको प्रमुख सक्षमता हो । भाषाका यिनै चार सिप विकास गर्न विभिन्न व्याकरण निर्माण गरिएका छन् । यसरी निर्माण गरिएका व्याकरणहरू व्यवहारिकभन्दा पनि सैद्धान्तिक पद्धतिका रहेका पाइन्छन् । सैद्धान्तिक प्रकृतिका व्याकरणका पठनपाठनबाट विद्यार्थीहरूले भाषाका नियम जानेका हुन्छन् तर भाषा प्रयोगमा कठिनाइ महसुस पनि गरेका छन् । भाषा सिकाइमा रहेका विभिन्न कठिनाइहरूलाई सुधार गर्ने उद्देश्यले प्रस्तुत व्याकरण शृङ्खला लेखिएको हो । यस पुस्तकबाट व्याकरण शिक्षण गराउँदा विद्यार्थीहरूलाई घोक्न नलगाई उनीहरूकै परिवेशबाट सिकाउने प्रयास गरिएको छ । भाषा व्याकरण भनेको सिद्धान्तको व्याख्या र इतिहासको वर्णनमा भन्दा व्यवहारिक प्रयोग र अभ्यासमा केन्द्रित हुने पक्ष हुन् । यिनीहरूको व्यवहारिक प्रयोगका लागि भाषिक सीपहरूको प्रयोग हुनु जरुरी छ । अतः भाषा व्याकरणका यस्ता पाठ्य तथा अभ्यासपरक सामग्रीले अभ्यासात्मक पक्ष र गतिविधिमा जोड दिनु स्वभाविक भएकाले यस्तै अभ्यासपरक सामग्री तथा आगमनात्मक विधिले पाठ्यपुस्तकमा प्राथमिकता पाएका छन् ।

प्रस्तुत पुस्तक निरन्तर नेपाली व्याकरण र रचना कक्षा–७ शिक्षक मित्रहरूको अभिप्रेरणाबाट विद्यार्थीहरूका लागि लेखिएको हो । पुस्तक प्रकाशक वितरक निरन्तर प्रकाशनका सारथीद्वय रामहरि खड्का र पूर्ण बस्नेतमा म हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अन्तमा यस पुस्तकलाई आधिकारिक तथा त्रुटिरहित बनाउन सक्दो प्रयास गरिएको छ तर पनि कतै त्रुटि रहन गएको हुन सक्छ त्यसका लागि विज्ञहरूबाट सकारात्मक सुझावको अपेक्षा गर्दछु ।

२०८०, बैशाख — लेखक तथा सम्पादक

# विषयसूची


| खण्ड 'क' | व्याकरण | १–१४० |
|---|---|---|
| एकाइ १ | भाषा र व्याकरण | १ |
| एकाइ २ | वर्ण र अक्षर | ३ |
| एकाइ ३ | नाम | ६ |
| एकाइ ४ | सर्वनाम | ११ |
| एकाइ ५ | विशेषण | १६ |
| एकाइ ६ | क्रियापद | २१ |
| एकाइ ७ | अव्यय | २७ |
| एकाइ ८ | लिङ्ग, वचन र पुरुष | ३२ |
| एकाइ ९ | आदरार्थी | ४१ |
| एकाइ १० | कारक र विभक्ति | ४५ |
| एकाइ ११ | करण र अकरण | ५३ |
| एकाइ १२ | वर्णविन्यास | ५८ |
| एकाइ १३ | काल र पक्ष | ७१ |
| एकाइ १४ | शब्दनिर्माण प्रक्रिया | ७९ |
| एकाइ १५ | उपसर्ग र प्रत्ययद्वारा शब्दनिर्माण प्रक्रिया | ८० |
| एकाइ १६ | समास प्रक्रियाद्वारा शब्दनिर्माण | ८८ |
| एकाइ १७ | द्वित्व प्रक्रियाद्वारा शब्दनिर्माण | ९४ |
| एकाइ १८ | सन्धि प्रक्रियाद्वारा शब्दनिर्माण | ९८ |
| एकाइ १९ | क्रियाको अर्थ अथवा भाव | १०२ |
| एकाइ २० | प्रेरणार्थक | १०७ |
| एकाइ २१ | वाच्य | ११० |
| एकाइ २२ | पदसङ्गति | ११५ |
| एकाइ २३ | शब्दभण्डार | १२१ |
| एकाइ २४ | वाक्य संश्लेषण र विश्लेषण | १३० |
| एकाइ २५ | उखान टुक्का | १३५ |

| खण्ड 'ख' | रचना | १४१–१६८ |
|---|---|---|
| एकाइ १ | बोध तथा अभिव्यक्ति | १४२ |
| एकाइ २ | सारांश लेखन | १४७ |
| एकाइ ३ | कथा लेखन | १५० |
| एकाइ ४ | जीवनी लेखन | १५४ |
| एकाइ ५ | संवाद लेखन | १५७ |
| एकाइ ६ | वादविवाद लेखन | १६१ |
| एकाइ ७ | चिठी/निवेदन लेखन | १६४ |
| एकाइ ८ | निबन्ध लेखन | १६८ |

एकाइ
१

# भाषा र व्याकरण

## भाषाको परिचय

मानिसको विचार आदानप्रदान गर्ने माध्यमलाई भाषा भनिन्छ । भाषाको सहयोगबाट नै हामी एकअर्काको हालखबर, सन्चो बिसन्चो तथा मानवीय अनुभूतिहरू साटासाट गर्छौं । मानवीय जीवन सञ्चालन गर्नका लागि विविध तरिकाबाट भाषिक आदानप्रदान गरिन्छ । भाषा बोलेर लेखेर अथवा विभिन्न माध्यम र हाउभाउबाट एकबाट अर्को व्यक्तिसमक्ष प्रस्तुत गरिन्छ । स्पर्श गरेर, सङ्केत गरेर तथा आवाज निकालेर आफ्ना कुरा अरूलाई बुझाउन सकिने भए पनि मान्छेको बोलीलाई मात्र भाषा भन्ने गरिन्छ । त्यसैले भाषा मानव समुदायमा विचार र भावना साटासाट गर्ने मानवीय साधन हो ।

भाषा मानवीय वस्तु हो । मानिसले मानव सभ्यताको क्रममा नै भाषा प्राप्त गरेको हो । भाषा पुस्तौँपुस्तासम्म एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जान्छ । यही क्रममा भाषा परिवर्तन भएर समृद्ध पनि हुँदै जान्छ । हरेक भाषिक समुदायमा हरेक वस्तु विचार तथा विषय बुझाउँदा भिन्नाभिन्नै ध्वनि, सङ्केत शब्दको प्रयोग गरिएको पाइन्छ । यस्तै :हरेक भाषाको आफ्नो ध्वनि, वर्ण, व्याकरण तथा अर्थ व्यवस्था हुन्छ । विकसित भाषाको लिखित ध्वनि, वर्ण, व्याकरण तथा शब्दकोश हुन्छ । तसर्थ लिखित रूपमा प्रयोग हुने भाषा बढी व्यवस्थित हुन्छ ।

## व्याकरणको परिचय

व्याकरण भाषाको व्यवस्था अथवा नियम हो । हरेक भाषा आफैँमा व्यवस्थित हुन्छ । भाषा व्यवस्थित हुन्छ भन्नुको अर्थ भाषाका आफ्नै नियम हुन्छ । कुनै पनि भाषा सिक्न र जान्नका लागि त्यस भाषाको व्याकरणको ज्ञान र जानकारी हुनु आवश्यक छ । भाषामा व्यक्त विचारलाई शुद्ध रूपमा सिलसिला मिलाएर राख्ने कार्यमा व्याकरणले अहम् भूमिका खेलेको हुन्छ । व्याकरणअन्तर्गत वर्ण, पद र वाक्यहरूको विस्तृत अध्ययन हुन्छ । व्याकरणले भाषाको वर्णविन्यास, शब्दनिर्माण, वाक्य व्यवस्था, वाक्यान्तरण र अन्य व्याकरणात्मक कोटि एवम्लिङ्ग, वचन, पुरुष, काल, पक्ष, आदर, भाव, करण, अकरणसँग सम्बन्धित नियम तथा प्रयोग सम्बन्धमा जानकारी दिने गर्दछ । कुनै पनि भाषाको व्याकरणले उक्त भाषाको स्तरीय रूपमा भाषिक प्रयोग गर्न मार्गदर्शन गर्ने काम गर्दछ ।

## अभ्यास

१. भाषा भनेको के हो ?

२. व्याकरण भनेको के हो ?

३. भाषा र व्याकरणमा के भिन्नता रहेको छ ?

४. तलको अनुच्छेद पढ्नुहोस् अनि त्यो अनुच्छेदमा प्रयोग भएका वाक्यहरूमा भाषा र व्याकरणको के कस्तो सम्बन्ध पाउनु भयो छुट्याउनुहोस् :

### वसन्त र विद्यार्थी

धेरै वर्ष पहिलेको कुरा हो । वसन्त ऋतु लागेपछि विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू खुबै रमाउँथे । काठमाडौं, भक्तपुर र पाटनका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू बालाजुको वनमा जान्थे । विद्यार्थीहरू पालैपालो गरी काफलका रूखमा चढ्थे । हाँस्दै, गिज्जिदै काफल टिपेर खान्थे । काफलले अघाएपछि अर्को बिदाका दिन फेरि बालाजु जान्थे । ऐँसेलुघारीमा पसेर ऐँसेलु टिप्दै खान्थे । तर, हाँस्दैनथे । किनभने ऐँसेलुका काँडाले कोतरेर बाउला च्यातिन्थे । पाखुरामा घाउ हुन्थ्यो । एक हप्तामा ऐँसेलुले कोतरेको घाउ निको हुन्थ्यो । फेरि बिदाको दिन पारेर बालाजु जान्थे । चुत्रो टिप्दै खाँदै गर्थे । विद्यार्थीलाई चुत्रोका काँडले कोतरेर घाउ बनाउँथ्यो । वसन्त ऋतु लागेपछि राजधानी काठमाडौं बाहिरका विद्यार्थीहरू पनि आफ्नो आफ्नो गाउँका वनमा जान्थे । काफल, ऐँसेलु खाएर रमाउँथे । तर, अचेल बिदाका विद्यार्थीहरू वनमा गएर काफल, ऐँसेलु र चुत्रो खान रुचाउँदैनन् । किनभने अचेल विद्यार्थीहरू बिदाका दिनमा मोबाइल हेरेर, चिडियाखाना गएर, मामाघर गएर बिदा मनाउन थालेका छन् ।

५. भाषा र व्याकरणको सम्बन्धका बारेमा पाठका आधारमा दुई अनुच्छेद लेख्नुहोस् :

६. तपाईँका घरमा व्याकरण पढेका अभिभावक को को हुनुहुन्छ ? यदि हुनुहुन्छ भने उहाँको छोटो परिचय लेख्नुहोस् :

नाम :

जन्म :

जन्मस्थान :

अध्ययन :

पेसा :

कृति लेखेको भए के के लेखेको :

एकाइ
२

# वर्ण र अक्षर

## वर्णको परिचय

ध्वनिको समूहलाई प्रतिनिधित्व गर्ने, आफ्नो स्वतन्त्र अर्थ नभएको भाषाको सबैभन्दा सानो एकाइलाई वर्ण भनिन्छ । यो आफैँमा अर्थपूर्ण नभए पनि अर्थ भेदक भएर आउँछ । अ, आ, इ ..........., क, ख, ग, आदि वर्णहरू हुन् । यिनीहरू आफैँमा अर्थपूर्ण छैनन् तर शब्दभित्र प्रयोग भएर आउँदा यिनीहरूले अर्थमा भिन्नता ल्याउँछन् । जस्तै : 'काम' 'खाम' यी दुई शब्दका अगाडि आएका भिन्नाभिन्नै वर्ण 'क' र 'ख' ले अर्थमा फरक ल्याएका छन् । 'काम' ले कुनै कार्य र 'खाम' ले चिठी पठाउन प्रयोग गरिने साधनलाई बुझाएका छन् । त्यसैले यी छुट्टाछुट्टै वर्ण हुन् ।

हामी फोक्सोबाट बाहिर निस्कने सासको सहायताले बोल्छौँ तर बोल्दा भित्रबाट आउने सासको अवस्था सधैँ एकैनासको हुँदैन । कुनै वर्णको उच्चारण गर्दा सासको प्रवाहमा बाधा उत्पन्न हुन्छ भने कुनै वर्णको उच्चारण गर्दा सासमा कुनै बाधा नपारीकन उच्चारण हुन्छ । त्यसैका आधारमा वर्ण मुख्य रूपमा दुई प्रकारका हुन्छन् ।

### स्वर वर्ण र व्यञ्जन वर्ण

वर्ण
- स्वर वर्ण : अ, आ, इ, ई .......
- व्यञ्जन वर्ण : क, ख, ग, घ .......

### (क) स्वर वर्ण

जुन वर्णको उच्चारण गर्दा सासमा कुनै बाधा उत्पन्न हुँदैन त्यस्ता वर्णलाई स्वर वर्ण भनिन्छ । स्वर वर्णलाई अरू कुनै वर्णको सहायताबिना नै उच्चारण गर्न सकिन्छ । यी वर्णहरू स्वतन्त्र हुन्छन् ।

नेपाली भाषाको परम्परागत व्याकरणमा १३ ओटा स्वर वर्णहरू रहेका छन् :

अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अः ।

तर भाषा विज्ञानका अनुसार नेपाली भाषामा छुट्टै अस्तित्वमा भएका स्वर वर्ण भने ६ ओटामात्र छन् :

अ, आ, इ, उ, ए, ओ

ई र ऊ दीर्घ स्वर वर्ण हुन् ।

ऐ (अ+इ) र औ (अ+उ) संयुक्त स्वर वर्ण हुन् ।

ऋ (रि) संस्कृतको वर्ण हो ।

अं (अम्) अनुसार हो ।

अः (अह्) विसर्ग हो ।

## (ख) व्यञ्जन वर्ण

जुन वर्ण उच्चारण गर्दा सास प्रवाहमा बाधा उत्पन्न हुन्छ त्यस्ता वर्णलाई व्यञ्जन वर्ण भनिन्छ । यी वर्ण स्वर वर्णका सहायताले मात्र पूर्ण हुन्छन् । यी वर्णहरू स्वर वर्णमा आश्रित हुन्छन् ।

परम्परागत व्याकरणअनुसार नेपालीमा ३६ ओटा व्यञ्जन वर्ण छन् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क्, | ख्, | ग्, | घ्, | ङ् | – | कवर्ग |
| च्, | छ्, | ज्, | झ्, | (ञ) | – | चवर्ग |
| ट, | ठ, | ड, | ढ, | (ण) | – | टवर्ग |
| त्, | थ्, | द्, | ध्, | न् | – | तवर्ग |
| प्, | फ्, | ब्, | भ्, | म् | – | पवर्ग |
| य, | र्, | ल्, | व् | | – | अन्तस्थ |
| (श), | (ष), | स्, | ह् | | – | उष्म |
| (क्ष), | (त्र), | (ज्ञ) | | | – | संयुक्त |

नेपाली भाषामा ञ, ण, श, ष वर्ण उच्चारणका क्रममा छैनन् । लेख्य क्रममा मात्र छन् । यी वर्णहरू संस्कृत भाषाका वर्णहरू हुन् ।

त्यस्तै : क्ष त्र, ज्ञ वर्ण संयुक्त वर्ण हुन् ।

क् + ष = क्ष

त् + र = त्र

ज् + ञ = ज्ञ

यसरी लेख्य रूपमा ३६ ओटा वर्ण भए पनि संस्कृत भाषामा मात्र प्रयोग हुने वर्ण र संयुक्त वर्णबाहेक नेपाली भाषामा २९ ओटा वर्ण मात्र छन् :

| | | | | |
|---|---|---|---|---|
| क्, | ख्, | ग्, | घ्, | ङ् |
| च्, | छ्, | ज्, | झ् | |
| ट, | ठ, | ड, | ढ | |
| त्, | थ्, | द्, | ध्, | न् |
| प्, | फ्, | ब्, | भ्, | म् |

य्, र्, ल्, व्
स्, ह्

## अक्षर

बोल्दा सासको एक झोक्कामा उच्चारण हुने एक अथवा एकभन्दा बढी वर्णको समूहलाई अक्षर भनिन्छ । यो वर्णभन्दा माथिल्लो भाषिक एकाइ हो । एक अथवा एकभन्दा बढी वर्ण मिलेर अक्षर बन्दछ । अक्षरमा कम्तीमा एउटा स्वर ध्वनि हुन्छ । नेपालीमा क्, ख्, ग्, घ् ....... वर्ण मात्र हुन् । यी स्वरसँग मिलेर आउँदा मात्र अक्षर बन्दछन् ।

नेपालीमा अक्षर बन्नका लागि स्वर नभई हुँदैन । शब्दमा पूरा उच्चारण हुने स्वर जति छन् सामान्यतया अक्षर पनि त्यति नै हुन्छन् । जस्तै : 'राम' भन्दा फोक्सोबाट आएको एकै सासको झोक्काले उच्चारित हुन्छ । त्यसैले लेख्य रूपमा दुई वर्ण भए पनि उच्चारित रूपमा एउटै अक्षर मात्र हो । त्यस्तै 'सीता' भन्दा फोक्सोबाट एक झोक्का नभई दुई झोक्का सास आई उच्चारित हुन्छ त्यसैले सीता दुई अक्षर भएको शब्द हो ।

### उदाहरण

| शब्द | वर्णहरू | अक्षर सङ्ख्या |
|---|---|---|
| म | म् + अ | १ |
| राम | र् + आ + म् | १ |
| पिता | प् + इ + त् + आ | २ |
| घरेलु | घ् + अ् + र + ए + ल् + उ | ३ |
| देखावटी | द् + ए + ख् + आ + व + अ + ट् + इ | ४ |

## अभ्यास

१. वर्ण भन्नाले के बुझिन्छ ?
२. वर्ण कति प्रकारका छन् ?
३. स्वर वर्ण भनेको के हो ?
४. व्यञ्जन वर्ण भनेको के हो ?
५. अक्षर भनेको के हो ?
६. तल दिइएका शब्दहरूको अक्षर संरचना छुट्याउनुहोस् :

काम, कान, हात, रात, औषधी, काम, गोठालो, घर, आकाश, तँ, भन्, स्त्री, विज्ञान

एकाइ
3

# नाम

## पढ्नुहोस् र बुझ्नुहोस् :

नेपाल एसिया महादेशमा पर्छ । हाम्रो देशमा पहाड, तराई र हिमाल छन् । हाम्रो देशमा कोसी, गण्डकी, कर्णाली, राप्तीजस्ता ठुला ठुला नदीहरू छन् । हाम्रो देशमा पर्यटकहरूलाई लोभ्याउने सगरमाथा, कञ्जनजङ्घा, माछापुच्छ्रेजस्ता हिमालहरू रहेका छन् । यो देशमा काठमाडौँ, ललितपुर, भक्तपुर, मकवानपुर, नुवाकोट, धादिङ, डोटीजस्ता सतहत्तर जिल्ला र बागमती, नारायणी, राप्ती, भेरी कर्णालीजस्ता चौध अञ्चल छन् । यस देशमा बाहुन, क्षत्री, तामाङ, मगर, राई, लिम्बू, नेवार, थारु, किराँत, शेर्पा आदि जातका मानिस बसोबास गर्दछन् । यस देशमा विभिन्न जातजाति, धर्म र संस्कृति मान्ने मानिस छन् । यहाँ दसैँ, तिहार, छठ, इद, क्रिसमस भव्य रूपमा मनाइन्छ । नेपालीहरू कमिलाका ताँती जस्तै मिलेर हिँडछन् भने मौरीको हुल जस्तै मिलेर काम गर्छन् । विवाहमा जन्ती र मर्दामा मलामी जाने नेपालीको संस्कृति बनेको छ । नेपालको जमिनमा मकै, कोदो, धान, फापर गहुँजस्ता बाली उत्पादन हुन्छन् । नेपालमा स्वच्छ पानी र शुद्ध हावा पाइन्छ । नेपालीहरू समुदायमा मिलेर बस्छन् । उनीहरू एक आपसमा माया, प्रेम सद्भाव व्यक्त गर्दछन् । नेपालीहरू वीर छन् । उनीहरू देशद्रोहीलाई घृणा गर्दछन् । नेपालमा धेरै पर्यटन स्थलहरू पनि रहेका छन् । साथीहरू राम, सीता, दावा लाक्पा, लखन र म पोहोर पोखरा घुम्न गएका थियौँ । मसँग कलम, कापी, झोला पुस्तकहरू पनि साथैमा थिए ।

माथिको अनुच्छेदबाट नाम छानी तल दिइएको तालिका भर्नुहोस् :

| व्यक्ति | वस्तु | ठाउँ | समूह | द्रव्य | भाव |
|---|---|---|---|---|---|
| | | | | | |

कुनै व्यक्ति, वस्तु, ठाउँ, समूह, द्रव्य र भाव बुझाउने शब्दलाई नाम भनिन्छ । नाम शब्द को र के प्रश्नको जवाफमा प्रस्तुत हुन्छ ।


जस्तै :

को : आमा, बुबा, गुरु, केटा, बच्चा, मामा, राम, श्याम

के : कलम, सुन, पानी, स्याउ, झोला, माया, हुल

## नामका प्रकार

नामलाई सामान्यतया पाँच प्रकारमा विभाजन गरिन्छ :




### (क) व्यक्तिवाचक नाम

कुनै व्यक्ति, वस्तु, ठाउँ, नदी, हिमाल, चाड आदिको नाम तोकेर बुझाउने शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ । जस्तै :

व्यक्ति बुझाउने : राम, सीता, लखन, आभास, मिजार

वस्तु बुझाउने : घर, महाभारत, मुनामदन, कुरान, टेलिफोन

स्थान बुझाउने : नेपाल, पोखरा, मनकामना, युरोप

चाड बुझाउने : दसैँ, तिहार, छठ, क्रिसमस, इद

नदी बुझाउने : मेची, कोसी, गण्डकी, इन्द्रावती, सुनकोसी

हिमाल बुझाउने : सगरमाथा, माछापुच्छ्रे, धौलागिरी

### (ख) जातिवाचक नाम

व्यक्ति, वस्तु, ठाउँ आदिको साझा नाम बुझाउने शब्दलाई जातिवाचक नाम भनिन्छ ।

जस्तै : जनावर, गाई, रूख, हिमाल, ताल, फूल, देश, पुस्तक, नदी, मानिस, पशु, चरा ।

### (ग) समूहवाचक नाम

कुनै व्यक्ति र वस्तुको समूह बुझाउने शब्दलाई समूहवाचक नाम भनिन्छ ।
जस्तै :

विद्यार्थीको समूह – कक्षा, वर्ग

मानिसको समूह – परिवार, हुल, फौज, गण, पल्टन, जुलुस, दल, जन्ती, मलामी

### (घ) द्रव्यवाचक नाम

नापतौल गर्न सकिने तर एउटा दुइटा भनेर गन्न नसकिने वस्तुलाई बुझाउने शब्दलाई द्रव्यवाचक नाम भनिन्छ ।

जस्तै : ग्राम, किलो, तोला, सुन, चाँदी, हीरा, मोती, घिउ, दाल, चिनी, पिठो, फलाम, माटो बालुवा मकै, धान, धुँवा, कुहिरो, लिटर, पानी, तेल, पेट्रोल, दुध, मोही, दही, मिटर, धागो, डोरी कपडा, जमिन, काठ, ढुङ्गा आदि ।

### (ङ) भाववाचक नाम

व्यक्ति अथवा वस्तुमा रहेको भाव, गुण, अवस्था आदि बुझाउने नामलाई भाववाचक नाम भनिन्छ ।

जस्तै : सुख, दुःख, दया, माया, वीरता, बुद्धि, साहस, धैर्य, सुन्दरता, गरिबी, रुवाइ, पढाइ, गराइ, बालकपन, मुर्खपन, शान्ति आदि ।

## अभ्यास

१. तलका शब्द समूहबाट नामको प्रकार चिनेर तालिका भर्नुहोस् :

सीता, गाई, घोडा, जमात, तामा, पुस्तक, घर, दया, मकालु, नेपाल, भुटान, चामल, बुद्धि, तिहार, बाग्मती, पढाइ, नदी, पोखरा, मनकामना, तामा, दया, मेची, कासी, मामा, आमा, गण, बथान, कुकुर, धुँवा, चामल, सुख, दुःख आदि ।

| व्यक्तिवाचक | जातिवाचक | समूहवाचक | द्रव्यवाचक | भाववाचक |
|---|---|---|---|---|
| | | | | |

२. तलका शब्द समूह र नामका बिचमा जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सीता, भारत, घर, तिहार, बाग्मती सगरमाथा | भाववाचक |
| दया, माया, सुख, दुःख, खुसी, पढाइ, शिक्षा | द्रव्यवाचक |
| जमात, बथान, रास, थुप्रो, हुल | जातिवचक |
| गाई, देश, नदी, हिमाल, मानव, चरा | व्यक्तिवाचक |
| तामा, पानी, दुध, पिठो, धुवाँ, तेल | समूहवाचक |

३. तल दिइएका वाक्य पढी नाम शब्द छुट्याउनुहोस् :

(क) दुध, दही, घिउ, मह खाएर गोपाल धेरै मोटाएछ ।

(ख) रमाले सुनका गहनालाई पानीले धोएर सफा पारी दाजुको बिहेमा जन्ती गई ।

(ग) उसले घरमा भएको धुलाको रासलाई बढारेर बाहिर फाल्यो ।

(घ) ऊ दौरा, सुरुवाल, ढाका, टोपी लगाएर बजार गयो ।

(ङ) मानिसका लागि पढाइ, लेखाइ, दया, माया, सबै थोक आवश्यक पर्छ ।

(च) मेची, कोसी, कर्णाली नदी नेपालका ठुला नदी हुन् ।

(छ) नेपालीहरू दसैँ तिहारमा चितवन घुम्न गएर बाघ, भालु, हात्ती, चरा अवलोकन गर्दछन् ।

(ज) पोखरा, विराटनगर, वीरगञ्ज, महेन्द्रनगर नेपालका ठुला सहर हुन् ।

४. वाक्यमा प्रयोग गर्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| क्रिसमस | पुस्तक | नेपाल | हिमाल | जमात | बथान |
| हुल | दया | बुद्धि | खुसी | तामा | दुध |

५. तल दिइएको अनुच्छेद पढ्नुहोस् र नाम शब्दमा गोलो ◯ लगाउनुहोस् :

मानिस एक्लै बाँच्न सक्दैन । ऊ समूहमा बस्न मन पराउँछ । मानिसले जीवनमा सफलता पाउन गाउँ, सहर, देश, विदेश जहाँ बसे पनि सङ्घर्ष गर्नुपर्दछ । ज्ञान, बुद्धि, विवेक, धैर्यजस्ता कुरा मानिसमा हुनुपर्दछ । गधा, कुकुर, बाँदर, बाघ, भालुजस्ता जनावरको स्वभावले मानिसको जीवन सार्थक हुन सक्दैन । मानिसमा पढाइ, लेखाइजस्तो ज्ञान हुन जरुरी हुन्छ ।

सुन, चाँदी, धन, सम्पत्तिजस्ता कुराले मानिस सुखी हुन सक्दैन । मानिसले परिश्रम गरेर धर्तीमा धान, मकै, गहुँ, कोदो फलाउन सक्नुपर्दछ । सैनिकको फौज, मौरीको गोलो, कमिलाको ताँतीजस्ता कुरा देखेर पनि मानिसले समूहमा काम गर्न सिक्नुपर्छ ।

६. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) नामलाई कसरी चिनाउन सकिन्छ ?

(ख) नाम कति प्रकारका छन् ?

(ग) व्यक्तिवाचक नाम भनेको के हो ?

(घ) जातिवाचक नाम भनेको के हो ?

(ङ) द्रव्यवाचक नाम भनेको के हो ?

(च) समूहवाचक नाम भनेको के हो ?

(छ) भाववाचक नाम भनेको के हो ?

## परियोजना कार्य

१. **तल दिइएका वाक्य पढी नाम शब्दमा गोलो घेरा लगाउनुहोस् :**

(क) जानकीले जनै पूर्णिमामा क्वाँटी पकाइन् ।

(ख) नेपालमा ग्याँस, चामल र पेट्रोल विदेशबाट आयात गरिन्छ ।

(ग) काकाले पसलबाट गाईको दुध र घिउ ल्याउनुभयो ।

२. **तल दिइएका वाक्य पढी नाम शब्दमा गोलो घेरा लगाउनुहोस् :**

(क) मामा र माइज्यू पशुपति मन्दिर जानुभयो ।

(ख) बुबाले मलाई माया गरेर सय रुपैयाँ दिनुभयो ।

(ग) आज रत्नपार्कमा ठुलो जुलुस रहेछ ।

३. **तल दिइएका वाक्य पढी नाम शब्दमा गोलो घेरा लगाउनुहोस् :**

(क) लाक्पा शेर्पाले छोरीलाई जनता विद्यालयमा पढ्न पठाए ।

(घ) मिठो बोली भएकाले उनी रेडियो नेपालमा समाचार वाचन गर्छिन् ।

४. **तल दिइएका वाक्य पढी नाम शब्दमा गोलो घेरा लगाउनुहोस् :**

(क) मृगको गोडाबाट रगत बगिरहेको छ ।

(ख) बहिनीले राजनलाई जन्म दिनमा लक्ष्मीप्रसाद देवकोटाको मुनामदन किताब उपहार दिइन् ।

(ग) कमिलाको ताँती बाहिर निस्केकाले केटाहरू डराएर भागे ।

५. **तल दिइएका वाक्य पढी नाम शब्दमा गोलो घेरा लगाउनुहोस् :**

(क) बाबु आमालाई घृणा गर्ने छोराछोरी असल हुन सक्दैनन् ।

(ख) समाले फूलबारीबाट सयपत्री र गुलाफको फूललाई फूलको गुच्छा बनाइन् ।

(ग) ढुङ्गाको चाङमा खेल्नु हुँदैन भनी केटाकेटीलई सम्झाइबुझाइ गर्नुपर्छ ।

एकाइ

४

# सर्वनाम

## पढ्नुहोस् र बुझ्नुहोस् :

मेरो नाम आयुष हो । म कक्षा सातमा पढछु । म र गोपालसँगै विद्यालय जान्छौँ । हामी एउटै कक्षामा पढ्छौँ । राधा मलाई मनपर्ने साथी हो । उनीसँग म नजानेका कुरा सोध्ने गर्छु । खाजा खाने छुट्टीमा तँ कता गइस् ? भनेर गोपाल फुटबल खेल्न आइहाल्यो । मेरी सानी बहिनी दीपा पनि त्यही विद्यालयमा पढ्छिन् । म उनलाई खाजा खान पैसा दिन्थेँ ।

खाजा खाने छुट्टीमा सुमनले कथा सुनाउँथ्यो । जुन कथा सुमनले भन्थ्यो त्यो कथा सबै राम्रो हुन्थ्यो । हामी कथा सुन्दा को आयो, को गयो, भन्दा पनि कथामा ध्यान दिन्थ्यौँ । म सुमनले भनेको कथा सुनेर रमाइलो मान्थे । आफूलाई कथा भन्न साथीहरूले भन्दा अनेक कुरा गरेर टार्ने गर्थें ।

माथिको अनुच्छेदमा प्रयोग भएका सर्वनाम शब्द टिप्नुहोस् :

...................... ........................... ........................... ...................... ............................


...................... ...................... ........................... ........................... ......................

...................... ...................... ........................... ........................... ......................

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ ।

## सर्वनामका प्रकार

सर्वनाम पाँच प्रकारका छन् :




### (क) पुरुषवाचक सर्वनाम

पुरुष अथवा स्त्रीको नामका सट्टामा प्रयोग गरिने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ । म, हामी, तँ, तिमी, तपाईं, ऊ, उनी, त्यो, यो, यहाँ पुरुषवाचक सर्वनाम हुन् ।

पुरुषवाचक सर्वनाम तीन प्रकारका छन् :

(अ) **प्रथम पुरुषवाचक सर्वनाम**

बोल्ने व्यक्तिलाई बुझाउन प्रयोग गरिने सर्वनामलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ । प्रथम पुरुषवाचक सर्वनाममा 'म' र 'हामी' पर्दछन् ।

(आ) **द्वितीय पुरुषवाचक सर्वनाम**

जोसँग कुरा गरिन्छ, त्यस व्यक्तिलाई बुझाउन प्रयोग गरिने सर्वनामलाई द्वितीय पुरुषवाचक सर्वनाम भनिन्छ ।

तँ, तिमी तपाईँ, हजुर द्वितीय पुरुषवाचक सर्वनाम हुन् ।

(इ) **तृतीय पुरुषवाचक सर्वनाम**

जसका विषयमा कुरा गरेको छ, त्यसलाई बुझाउन प्रयोग गरिने सर्वनामलाई तृतीय पुरुषवाचक सर्वनाम भनिन्छ । ऊ, उनी, उहाँ, यो त्यो, तिनी, यिनी तृतीय पुरुष सर्वनाम हुन् ।

## (ख) दर्शकवाचक सर्वनाम

नजिक अथवा टाढाको वस्तु, व्यक्ति अथवा ठाउँलाई तोकेर बुझाउने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ ।

१. नजिकको वस्तु अथवा पदार्थलाई तोकेर देखाउने : यो, यी, यिनीहरू

२. टाढाको वस्तु अथवा पदार्थलाई तोकेर देखाउने : त्यो, ती, तिनीहरू

## (ग) सम्बन्धवाचक सर्वनाम

नामको सट्टामा प्रयोग भएर वाक्यमा रहेका शब्दका बिचको सम्बन्ध जनाउन आउने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ ।

जो, जुन, जेसुकै, जोजो, जुनजुन आदि सम्बन्धवाचक सर्वनाम हुन् ।

## (घ) प्रश्नवाचक सर्वनाम

कुनै व्यक्ति अथवा वस्तुका बारेमा प्रश्न गर्दा प्रयोग हुने सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ ।

को, के, कुन, कोही, कुनै, केही आदि प्रश्नवाचक सर्वनाम हुन् ।

## (ङ) निजवाचक सर्वनाम

आफूलाई बुझाउन प्रयोग हुने सर्वनामलाई निजवाचक सर्वनाम भनिन्छ । आफू, आफैँ, स्वयम् निजवाचक सर्वनाम हुन् ।

## अभ्यास

१. **तलका शब्द समूह र सर्वनामका प्रकारका बिचमा जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| म, हामी, तँ, तिमी, ऊ, उनी | प्रश्नवाचक सर्वनाम |
| यो, त्यो, यी, ती | निजवाचक सर्वनाम |
| जे, जुन, जोजो, जुनजुन | दर्शकवाचक सर्वनाम |
| के, को, कुन, केही, कोही | पुरुषवाचक सर्वनाम |
| आफू, आफैँ, स्वयम् | सम्बन्धवाचक सर्वनाम |

२. **तलका सर्वनामहरू कुन कुन प्रकारका हुन् ? लेख्नुहोस् ।**

| | |
|---|---|
| ऊ = | आफैँ = |
| त्यो = | तिनी = |
| यी = | कोही = |
| को = | जो = |
| तिमी = | के के = |
| स्वयम् = | तपाईँ = |

३. **खाली ठाउँमा उपयुक्त सर्वनाम भर्नुहोस् :**

(क) परबाट ____________ आउँदै छ ?

(ख) किन ____________ बुबासँग पैसा माग्छौ ?

(ग) रमा खेल्न गएकी थिई । ____________ निकै थाकिछे ।

(घ) गल्ती गरेको भए पनि ____________ इमानदार छ ।

(ङ) ____________ भोलि खेल्न आउँछ ।

(च) ____________ ढिलो आएका थियौ ।

४. **तल दिइएका वाक्य पढी सर्वनाम शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :**

(क) ऊ आफैँ काम गर्न सक्छ । तिमी उसलाई सहयोग मात्र गर ।

(ख) तिमी के खान्छौ ? म त आज भोकै छु ।

(ग) तँ घरमा बस् । म, विद्यालय जान्छु ।

(घ) आफैँलाई थाहा छैन । म के गर्दै छु ।

(ङ यो तिम्रो घर हो ? त्यो घर राम्रो छ ।

(च) जसले पुरस्कार पायो त्यसले राम्रो कविता लेखेको छ । यो कुरा कसैले नबिर्स ।

५. **तल दिइएको अनुच्छेद पढी सर्वनाम शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :**

मेरो नाम गोपाल हो । म कक्षा सातमा पढ्दै छु । उसको नाम सरोज हो । ऊ पनि मसँगै पढ्छ । हामी एउटै विद्यालयमा पढ्छौँ । तिमी पनि तिम्रो विद्यालयमा साथीसँग बस्छौ होला । हामीलाई गुरुले पढाउनुका साथै खेलाउनु पनि हुन्छ । हामीहरू कतिपय पाठ आफैँ पढ्छौँ । मलाई फुटबल खेल्न मन पर्छ । तिमीलाई कुन खेल मन पर्छ ? जुन मन पर्छ मलाई पनि भन ल । मेरा साथीहरू गुरुलाई आदर गर्छन् । गुरुले पनि हामीलाई आफ्नै सन्तानसरह माया गर्नुहुन्छ ।

६. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) सर्वनाम भनेको के हो ?

(ख) सर्वनाम कति प्रकारका हुन्छन् ?

(ग) पुरुषवाचक सर्वनामका प्रकार उदाहरणसहित लेख्नुहोस् ।

(घ) निजवाचक सर्वनाम प्रयोग गरी आफ्नो अनुभव वर्णन गर्नुहोस् ।

७. **म, हामी, तपाईँ, तिमी, ऊ, उनी जस्ता सार्वनामिक पदको प्रयोग गरी आफूले पढेको विद्यालयको वर्णन गर्नुहोस् ।**

## परियोजना कार्य

१. **दिइएको अनुच्छेदमा भएका नाम शब्दको सट्टामा सर्वनाम शब्द प्रयोग गर्नुहोस् :**

हात्तीको बथानको नाइके चतुर्दन्त थियो । चतुर्दन्तले आफ्नो बथानको हेरविचार गर्थ्यो । चतुर्दन्तले कुनै समस्या परेमा समाधान निकाल्थ्यो । चतर्दुन्तको निर्देशनमा हात्ती बसेका थिए । चतुर्दन्त ठुलो सिमलको रुखमुनि बस्थ्यो । चतुर्दन्तलाई हात्तीहरूले साँझमा सबै वृतान्त सुनाउँथे ।

२. **दिइएका सर्वनाम शब्दलाई तालिकामा भर्नुहोस् :**

यो, तिमी, आफू, जो, आफैँ, यी, जो जे, कोही यिनी, तिमीहरू, ती, जोसुकै, को, तपाईँ उहाँ

| पुरुषवाचक सर्वनाम | प्रश्नवाचक सर्वनाम | सम्बन्ध वाचक सर्वनाम | दर्शक वाचक सर्वनाम | निजवाचक सर्वनाम |
|---|---|---|---|---|
| | | | | |

३. **तल दिइएका पुरुषवाचक सर्वनामलाई तालिकामा भर्नुहोस् :**

म, ऊ, उनी, तँ हामी, तिमी, उनी, तपाईँ, यिनी

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| | | |

४. **तल दिइएका वाक्य पढी सर्वनाम शब्दमा गोलो घेरा लगाउनुहोस् :**

(क) तपाईँ कहाँबाट आउनुभयो । यहाँ आएर बस्नुहोस् न ।

(ख) ऊ धेरै दिनदेखि बिरामी थियो ।

(ग) कक्षा छोडेर को भाग्यो ? तँ त्यसको नाम टिपेर राख् ।

(घ) हामीले तिमीलाई हिँड भनेका थिएनौँ । तिमी आफैँ आएका हौ ।

(ङ) उनी हतारहतार गर्दै विद्यालयतिर गइन् ।

५. **तल दिइएका वाक्य पढी सर्वनाम शब्दमा गोलो घेरा लगाउनुहोस् :**

(क) जो चोरी गर्छ, उही ठुलो स्वरले कराउँछ ।

(ख) म आउँदै थिएँ, तिनले बाटोमा भेटिन् ।

(ग) कहाँ पुगेर आयौँ ? हामी त झन्डै आत्तिएको ।

(घ) तिमीहरूले हाम्रो विद्यायको इज्जत राखे । तिमी बधाई दिदैनौँ ?

(ङ) तपाईँ यो ठाउँको समाजसेवी हुनुहुन्छ त्यसैले उनीहरू तपाईँकै सम्मान गर्छन् ।

एकाइ
५

# विशेषण

## पढ्नुहोस् र बुझ्नुहोस् :

तल दिइएको अनुच्छेद पढ्नुहोस् :

मेरो नाम हर्क गुरुङ हो । म १२ वर्षको भएँ । म सुजनभन्दा मोटो छु । सुजन मभन्दा अग्लो छ । मेरो साथी राधा होची छे । हामी सुन्दर सहर पोखरामा बस्छौँ । हामीले पोखरा सहरको चित्र बनायौँ । त्यस चित्रमा रातो, हरियो, निलो, पहेँलो रङ बढी थियो । पोखरामा राम्रा र ठुला तालहरू रहेका छन् । सडक पनि फराकिला छन् । त्यहाँका मानिसहरू इमानदार र मिहिनेती छन् । पोखरामा धेरै विद्यालयहरू छन् । पोखरामा लामा लामा नदीहरू पनि छन् । पोखरा नेपालको रमणीय ठाउँ हो ।

माथिका अनुच्छेदमा प्रयोग भएका विशेषण शब्द टिप्नुहोस् :

> नाम अथवा सर्वनामको गुण, दोष, सङ्ख्या, मात्रा आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । कुन, कस्तो, कत्रो, कति, कस्ता जस्ता प्रश्नको उत्तरमा आउने शब्द विशेषण हुन् ।

जस्तै :

(क) भत्केको विद्यालय बनाऊ । कुन ?


(ख) दाइ अग्लो हुनुहुन्छ । कत्रो ?

(ग) उसले पाँच रूपैयाँ खर्च गऱ्यो । कति ?

(घ) मेरा असल साथी आइपुगे । कस्ता ?

## विशेषणका प्रकार

विशेषण चार प्रकारका छन् :



## (क) गुणबोधक विशेषण

नाम अथवा सर्वनामको गुण, दोष, रङ, अवस्था आदि बुझाउने विशेषणलाई गुणबोधक विशेषण भनिन्छ । जस्तै :

| | | |
|---|---|---|
| गुण/दोष बुझाउने | : | असल, खराब, राम्रो, नराम्रो, अल्छी, दुष्ट, सज्जन, मिचाहा । |
| आकार बुझाउने | : | ठुलो, गोलो, चेप्टो, लामो, अग्लो, मोटो । |
| स्वाद बुझाउने | : | अमिलो, तितो, पिरो, टर्रो, गुलियो । |
| रङ बुझाउने | : | रातो, पहेँलो, सेतो, हरियो, कालो, नीलो । |
| काल बुझाउने | : | नयाँ, पुरानो, प्राचीन, आधुनिक । |
| स्थान बुझाउने | : | नेपाली, रोल्पाली, झापाली, डोटेली । |

## (ख) सङ्ख्याबोधक विशेषण

नाम अथवा सर्वनामको निश्चित अथवा अनिश्चित सङ्ख्या, आवृत्ति तथा क्रम बुझाउने विशेषणलाई **सङ्ख्याबोधक** विशेषण भनिन्छ । जस्तै :

| | | |
|---|---|---|
| निश्चित सङ्ख्या | : | एक, दुई, तीन, दस, सय, हजार । |
| अनिश्चित सङ्ख्या | : | सयौँ, हजारौँ, करोडौँ । |
| आवृत्ति | : | दोब्बर, तेब्बर, दुगुना, चौगुणा । |
| क्रम | : | पहिलो, दोस्रो, प्रथम, द्वितीय । |
| अंश | : | आधा, सवा, अढाइ, पौने, एक तिहाइ । |
| प्रत्येकवाचक | : | हरेक, एकएक, प्रत्येक । |

## (ग) परिमाणबोधक विशेषण

नाम अथवा सर्वनामको मात्रा अथवा परिमाण बुझाउन आउने शब्दलाई परिमाणबोधक विशेषण भनिन्छ । जस्तै :

धेरै, थोरै, अलिकति, प्रशस्त, ज्यादा, अधिक, घटी, बढी, कम, सबै आदि ।

## (घ) सार्वनामिक विशेषण

विशेषणको सट्टामा प्रयोग भई नाम अथवा सर्वनामको विशेषता जनाउने सर्वनाम शब्दलाई **सार्वनामिक** विशेषण भनिन्छ ।

सार्वनामिक विशेषण तीन प्रकारका छन् :

### (अ) दर्शकवाचक सार्वनामिक विशेषण

नामको अगाडि आई विशेषणको काम गर्ने प्रश्नवाचक सर्वनामलाई दर्शकवाचक सार्वनामिक विशेषण भनिन्छ ।

जस्तै : त्यो साथी असल छ ।
त्यो घर अग्लो छ ।
यी केटाहरू चलाख छन् ।

'साथी', 'घर' तथा केटाहरू जस्ता विशेष्यका अगाडि प्रयोग गरिएकाले यो, त्यो, यी दर्शकवाचक सार्वनामिक विशेषण हुन् ।

### (आ) सम्बन्धवाचक सार्वनामिक विशेषण

नामका अगाडि आई विशेषणको कार्य गर्ने सम्बन्धवाचक सर्वनामलाई सम्बन्धवाचक सार्वनामिक विशेषण भनिन्छ । जस्तै :

जो कलम मनपर्छ, त्यही लैजाऊ ।
जुन कुरा भनेको हो, त्यही मात्र गर ।
जस्तो काम गर्छौं उस्तै फल भोग्छौं ।

माथि प्रयोग गरिएका कलम, कुरा तथा काम जस्ता विशेष्यका अगाडि जो, जुन, जस्तो शब्द प्रयोग गरिएकाले ती सम्बन्धवाचक सार्वनामिक विशेषण हुन् ।

### (इ) प्रश्नवाचक सार्वनामिक विशेषण

विशेष्यका अगाडि आई विशेषणको कार्य गर्ने सर्वनामलाई प्रश्नवाचक सार्वनामिक विशेषण भनिन्छ । जस्तै :

कुन कलम तिमीले किन्यौ ?
को केटो घरमा आयो ?
उसले के कुरा भन्न खोजेको हो ?

माथि प्रयोग गरिएका को, कुन तथा के शब्दहरू सार्वनामिक हुन्, किनभने यिनीहरू कलम, केटो, भन्न विशेष्यसँगै आएका छन् ।

## अभ्यास

१. **तल दिइएका विशेषण शब्दलाई तालिकामा भर्नुहोस् :**

रातो, प्रथम, पहिलो, दोब्बर, पुरानो, खराब, सुन्दर, अलिकति, यो, थोरै, कम, जो, को, के, प्रशस्त, नेवारी, बाटुलो, सयौँ, एक, सय, जवान, आधुनिक, सेतो, हरियो, कुन, नयाँ, प्रथम, आधा, नेपाली, पाल्पाली

| गुणबोधक | सङ्ख्याबोधक | परिमाण बोधक | सार्वनामिक |
|---|---|---|---|
| | | | |

२. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| यो, त्यो, जो, को | सङ्ख्याबोधक |
| यति, धेरै, कम, अलिकति | गुणबोधक |
| पहिलो, हरेक, हजारौँ, प्रथम | परिमाणबोधक |
| रातो, असल, पुरानो, गोलो | सार्वनामिक |

३. **तलका वाक्यमा भएका विशेषण शब्दलाई गोलो ◯ घेरा लगाउनुहोस् :**

(क) यो लामो सडक चीनको सहयोगमा बनेको हो ।

(ख) मेरी छोरी कक्षा सातमा पढ्छे ।

(ग) प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीले पुरस्कार पाए ।

(घ) प्रत्येक वर्ष धेरै नेपाली विदेश जान्छन् ।

(ङ) फूलबारीमा राता, सेता र पहेँला फूलहरू फुलेका छन् ।

(च) जङ्गलमा अग्ला, होचा रूखहरू छन् ।

(छ) पाल्पाली, झापाली, डोटेली मिलेर ठुलो पसल खोलेका छन् ।

(ज) करोडौँ नेपाली लागेमा देशमा प्रशस्त विकास गर्न सकिन्छ ।

४. **तल दिइएको अनुच्छेद पढी विशेषण शब्दलाई गोलो ◯ घेरा लगाउनुहोस् :**

नेपालीहरू आफ्नो देशलाई धेरै माया गर्छन् । हिमाली, पहाडी, मधेसी सबै जनता नेपाल समृद्ध भएको हेर्न चाहन्छन् । परिश्रमी, लगनशील र उदार स्वभावका नेपालीहरूलाई विश्वले वीर गोर्खाली भनेर चिन्दछ । सयौँ वर्षदेखि नेपाल स्वतन्त्र राष्ट्रका रूपमा उभिएको छ । अनेकौँ पीडा सहेर हजारौँ वीर सिपाहीहरूले रूखा, सुख्खा खाना खाएर देशमा सङ्कट परेको बेला खटेका छन् । उनीहरू नयाँ नेपाल बनाउन चाहन्छन् । यो देशमा परिवर्तन होस् भन्ने चाहन्छन् । जुन हामी सबैले चाहनुपर्छ ।

५. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) कस्तो शब्दलाई विशेषण भनिन्छ ।

(ख) विशेषणका प्रकारहरू उल्लेख गर्नुहोस् ।

(ग) विशेषण पदलाई छुट्याउने आधारहरू के के हुन् ?

## परियोजना कार्य

१. **तल दिइएका वाक्यमा भएका विशेषण शब्दलाई गोलो घेरा लगाउनुहोस् :**

(क) तिमी यो कपडा फुकाली सुकिलो लुगा लगाएर बस ।

(ख) यो बाटो जानुभयो भने चार घण्टामा पुग्नुहुन्छ ।

(ग) को मान्छे आएर तिमीलाई सही बाटो देखायो ?

(घ) भाइटीकामा दिदीले मलाई हरियो दुबोको माला, सप्तरङ्गी टीका, मिठाई र भादगाउँले टोपी उपहार दिनुभयो ।

२. **रेखाङ्कित शब्द नाम, सर्वनाम र विशेषण के के हुन् ? छुट्याउनुहोस् :**

(क) तिमी नयाँ बजार गई तीन किलो आलु ल्याऊ ।

(ख) मैले आफूलाई ऐनामा हेर्दा भर्खरको ठिटो केटो देखेँ ।

(ग) उसलाई विदेशी नरम रोटी भन्दा नेपाली चाम्रो रोटी मन पर्छ ।

(घ) साँखुका किसानले मलिलो माटोमा आफूलाई मनपर्ने हरियो साग उत्पादन गरे ।

३. **रेखाङ्कित शब्द नाम, सर्वनाम र विशेषण के के हुन् ? छुट्याउनुहोस् :**

(क) पोहर साल उनीहरू फेवाताल घुम्न गएका थिए । त्यो ताल नेपालको प्रसिद्ध ताल हो ।

(ख) सेतो हिमाल, गहिरो ताल, हरियो पहाड र उर्वर तराई हामी नेपालीको सम्पत्ति हो ।

(ग) लामो कपाल पाल्ने केटाहरूलाई विद्यालयमा प्रवेश गर्न निषेध गरेको कुरा तपाईंले भन्नुभएको थियो ।

(घ) क्रिश्चियन धर्मावलम्बी बाइबललाई पवित्र ग्रन्थ मान्दछन् भनी उहाँले सिकाउनुभयो ।

४. **रेखाङ्कित शब्द नाम, सर्वनाम र विशेषण के के हुन् ? छुट्याउनुहोस् :**

(क) सहरिया जनताले ग्रामीण तरकारी र फलफूल नखाई सुखै छैन ।

(ख) ऊ एकोहोरो सोचमा डुब्दै थियो । के यो कुरा सत्य हो ?

(ग) वैज्ञानिक चार्ल्स डार्बिनले विकासवादी सिद्धान्त प्रतिपादन गर्न सफल भए ।

एकाइ ६

# क्रियापद

## पढ्नुहोस् र बुझ्नुहोस् :

सफल काठमाडौँ बस्छ । ऊ कक्षा सातमा पढ्छ । ऊ मिहिनेती र अनुशासित छ । ऊ हरेक परीक्षामा सधैँ प्रथम हुन्छ । ऊ घरमा दिनको चार घण्टा पढ्छ । ऊ अग्लो र पातलो छ । उसलाई फुटबल खेल धेरै मन पर्छ । उसले हिजो नयाँ फुटबल किन्यो । शनिबारका दिन फुटबल खेल्ने उसको योजना छ ।

माथिको अनुच्छेदमा प्रयोग भएका क्रियापदमा गोलो ◯ घेरा लगाउनुहोस् :

कर्ताले गरेको काम, घटेको घटना अथवा कर्ताको अवस्था बुझाउने शब्दलाई क्रियापद भनिन्छ । क्रियापदले वाक्य समापन गर्दछ ।

जस्तै :

| | |
|---|---|
| गोपलले कलम किन्यो । | काम बुझाउने क्रिया |
| उसले स्याउ काट्यो । | काम बुझाउने क्रिया |
| रामको घर भत्कियो । | घटना बुझाउने क्रिया |
| उमेश डरले काप्यो । | अवस्था बुझाउने क्रिया |
| आज धेरै गर्मी छ । | अवस्था जनाउने क्रिया |
| उनीहरू उत्तीर्ण होलान् । | अवस्था जनाउने क्रिया |

## क्रियापदको रचना

क्रियापद बन्नका लागि धातुमा प्रत्ययहरू थपिनुपर्छ । धातु वाक्यमा प्रयोग हुँदैन । धातुमा विभिन्न काल, पक्ष, लिङ्ग, वचन, पुरुष, आदर, भाव, वाच्य, करण, अकरण आदि जनाउने प्रत्यय लागेपछि क्रियापद बन्दछ । जस्तै :

| धातु + प्रत्यय | = | क्रियापद |
|---|---|---|
| सुत् + यो | = | सुत्यो |
| भन् + छ | = | भन्छ |
| बस् + यो | = | बस्यो |

देख् + नेछ = देख्ने छ
बोल् + नुहुन्छ = बोल्नुहुन्छ
रु + एछ = रोएछ

## क्रियापदका प्रकार

क्रियापदलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ :

### १. समापनका आधारमा

समापनका आधारमा क्रियापद दुई प्रकारका छन् :

(क) समापिका क्रियापद (ख) असमापिका क्रियापद

#### (क) समापिका क्रियापद

वाक्य टुङ्ग्याउन आउने क्रियापदलाई समापिका क्रियापद भनिन्छ । जस्तै :

राम मेचमा बस्छ । म विद्यालय जान्छु ।

आमाले खाना पकाउनुभयो । आज पानी पर्लां ।

उनीहरू खेल्न जान्छन् ।

माथिका वाक्यहरूमा आएका रेखाङ्कित क्रियापदहरूले वाक्यलाई टुङ्ग्याएका छन् ।

#### (ख) असमापिका क्रियापद

वाक्यलाई पूरा नगर्ने धातुमा कृत् प्रत्यय (नु, एका, ने, एर, एको, ई, दै) जोडिएर बनेका क्रियापदलाई असमापिका क्रियापद भनिन्छ । असमापिका क्रियापदको मात्र प्रयोगले वाक्य बन्दैन । यसलाई समापक क्रियाको आवश्यकता पर्दछ । जस्तै :

राम चिठी लेख्दै ............. । आमा नुहाएर खाना ............ ।

भाइ पढेर आयो । म पनि जाने थिएँ ।

म घर गएर काम गर्छु ।

माथिका रेखाङ्कित पद असमापिका क्रियापद हुन् । यी क्रियापदले वाक्य पूरा गरेका छैनन् ।

### २. कर्म लिने र नलिने आधारमा

कर्म लिने र नलिने आधारमा क्रियापद दुई प्रकारका छन् :

(क) सकर्मक क्रियापद (ख) अकर्मक क्रियापद

### (क) सकर्मक क्रियापद

कर्म लिने क्रियापदलाई सकर्मक क्रियापद भनिन्छ । सकर्मक क्रियापद 'के' र 'कसलाई' भन्ने प्रश्नको जवाफमा आउँछ ।

जस्तै :

| | |
|---|---|
| राम भाइलाई डाक्छ । | कसलाई ? |
| गोपाल भात खान्छ । | के ? |
| तिमीले उसलाई पुस्तक दियौ । | कसलाई ? |

### (ख) अकर्मक क्रियापद

जुन क्रियापदले कर्म लिँदैन त्यसलाई अकर्मक क्रियापद भनिन्छ । अकर्मक क्रियापदमा के र कसलाई भन्ने प्रश्नको जवाफ आउँदैन ।

जस्तै :

| | |
|---|---|
| भाइ पढ्न जान्छ । | बहिनी हाँसी । |
| हामी ज्यादै थाक्यौँ । | सीता बजार हिँडी । |

माथिका उदाहरणमा आएका जान्छ, हाँसी, थाक्यौँ, हिँडी क्रियाले कर्म बिना नै अर्थ स्पष्ट पारेका छन् । त्यसैले यी अकर्मक क्रियापद हुन् ।

## अभ्यास

१. **तलको अनुच्छेदबाट क्रियापद चिनेर गोलो ◯ घेरा लगाउनुहोस् :**

किसान धर्तीलाई सिँगारपटार गर्ने पुजारी हो । किसान नभए खेतबारीमा अन्न उब्जिदैन । कठोर परिश्रम गर्ने किसानका आफ्नै प्रकारका कथा व्यथा छन् । उसलाई मानिसले मात्र होइन प्रकृतिले पनि ठग्ने गर्दछ, तापनि ऊ उत्साह र उमङ्गका साथ हलो बोकेर घरबाट बाहिर निस्कने गर्दछ । उसले आकाशबाट खसेको पानीको पहिलो स्पर्शले जब माटोलाई भिजाएको देख्छ तब उसको भित्री सपनाले बाली लगाएको अनुभव गर्न थाल्दछ । यति मात्र होइन ऊ अन्नको ऐश्वर्य ल्याएर आफू बाँच्ने र अर्कालाई पनि बचाउने आदर्शमा बाँच्दछ ।

२. **तलका शब्द समूहबाट धातु र क्रिया चिनेर छुट्टाछुट्टै तालिकामा भर्नुहोस् :**

लेख्छ, बस, पढ्छ, लेख, खान्छ, भन्, खा, चढ, भिक्छ, घुम्, सुन्छ, जा, आउने छ, हु, देख्छ, दौडियो, चोर्छ, गर्छ, हाँस्छ, छन्, हो, खानुभयो, आउँछु, गइसकेछ, गए, गाउँछ, पढ्, चढ्

| धातु | क्रियापद |
|---|---|
| | |

३. **तलका वाक्यहरू सकर्मक अथवा अकर्मक के हुन् ? चिनेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) बहिनी हाँसी ।
(ख) राम पाठ पढ्छ ।
(ग) ऊ बजार गयो ।
(घ) भाइ स्याउ खान्छ ।
(ङ) गाई घाँस खान्छ ।
(च) चरो भुर्र उड्यो ।
(छ) ऊ धुरुधुरु रोयो ।
(ज) हामीले सिनेमा हेर्‍यौँ ।
(झ) राम त भुसुक्क निदाएछ ।
(ञ) रामले गीत गायो ।

४. **तलका वाक्यबाट समापक र असमापक क्रिया चिनेर खाली ठाउँमा भर्नुहोस् :**

(क) हामीले असल काम गरेर नाम कमाउनुपर्छ ।

समापक क्रिया ____________ असमापक क्रिया ____________

(ख) फलफूल खाँदा स्वास्थ्यलाई फाइदा पुऱ्याउँछ ।

समापक क्रिया ____________ असमापक क्रिया ____________

(ग) म विद्यालयमा पढेर घर फर्किएँ ।

समापक क्रिया ____________ असमापक क्रिया ____________

(घ) किसान परिश्रम गरेर अन्न उब्जाउँछ ।

समापक क्रिया ____________ असमापक क्रिया ____________

(ङ) बहिनी पढ्दापढ्दै निदाइछे ।

समापक क्रिया ____________ असमापक क्रिया ____________

(च) रामले बगैँचामा गएर फूल टिप्यो ।

समापक क्रिया ____________ असमापक क्रिया ____________

५. **तल दिइएका धातुलाई क्रियापद बनाएर वाक्यमा प्रयोग गर्नुहोस् :**

गर्, कुर्, हिँडाउ, फुट्, उक्ल, हाँक्, चलाउ, सार्, कोर्, पढ्, बस्, सुत्, हिँड्, भोकाउ, रिसाउ, घेराउ ।

६. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) कस्तो शब्दलाई क्रियापद भनिन्छ ।

(ख) क्रियापद कसरी बन्छ ?

(ग) सकर्मक र अकर्मक क्रियाको भिन्नतालाई उदाहरणसहित देखाऊ ।

(घ) समापिका र असमापिका क्रियाका बिच फरक देखाई उदाहरण समेत दिनुहोस् ।

७. **क्रियापद प्रयोग भएका तलका वाक्यांश प्रयोग गरी विद्यालय जाँदाको एक दिनको अनुभव लेख्नुहोस् :**

विहान चाँडै उठ्नु, नित्यकर्म गर्नु, गृहकार्य गर्नु, एकछिन् आमालाई भान्सामा काम सघाउनु, साढे आठ बजे खाना खानु, पोसाक लगाउनु, सीता, अनिता, अनमोलको घर हुँदैन विद्यालय पुग्नु ।

## परियोजना कार्य

१. **तल दिइएका रेखाङ्कित पद नाम, सर्वनाम, विशेषण र क्रिया के के हुन् ? लेख्नुहोस् :**

(क) मलाई हिमाली हावा र चिसो पानी खान मनपर्छ ।

(ख) आफू त घर हिँडियो । तिमी यही बजारमा बस्छौँ कि ?

(ग) चालकहरू फराकिलो बाटो पाउने वित्तिकै गाडी हावा जस्तै कुदाउँछन् ।

(घ) बजारमा हरेक सामानको भाउ बढेछ । एक किलो प्याजको दुई सय रुपैयाँ पऱ्यो ।

२. **तल दिइएका रेखाङ्कित पद नाम, सर्वनाम, विशेषण र क्रिया के के हुन् ? लेख्नुहोस् :**

(क) तिमी सिधा धर्को कोर अनि मात्र चित्र बनाऊ ।

(ख) अनुशासित छात्र देशको नेता बन्नुपर्छ ।

(ग) चलाख खरायोले घण्डमी सिंहको सेखी झाऱ्यो ।

(घ) पौराणिक कथाले नैतिक शिक्षा दिन्छ भन्ने कुरा हामीले कथापि भुल्नु हुँदैन ।

३. **तल दिइएका रेखाङ्कित पद नाम, सर्वनाम, विशेषण र क्रिया के के हुन् ? छुट्याउनुहोस् :**

(क) फर्पिङ विद्युत गृहलाई जीवित सङ्ग्रहालय बनाउने पहल सबैले गर्नुपर्छ ।

(ख) नेपालमा आजभोलि बेरोजगारी समस्याबाट प्रशस्त युवा पीडित छन् ।

(ग) उनीहरू महङ्गो सामान खोज्न हिँडेका नभई बजार भाउ बुझ्न आएका छन् ।

(घ) कृषि विकास बैङ्कले मिहिनेती किसानलाई सुलभ ब्याजमा ऋण उपलब्ध गराउँछ ।

४. **तल दिइएका रेखाङ्कित पद नाम, सर्वनाम, विशेषण र क्रिया के के हुन् ? लेख्नुहोस् :**

(क) तिमी स्वयम्ले यो गल्ती महसुस गर्नुपर्छ ।

(ख) कमिलाका ताँती देखेर साना केटाकेटीहरू धेरै रमाए ।

(ग) स्वावलम्बी मानिस आफ्नो पाखुरीको भर पर्छन् ।

(घ) उसले समाज सेवाको नाममा प्रशस्त पैसा कमायो ।

**५. तल दिइएका रेखाङ्कित पद नाम, सर्वनाम, विशेषण र क्रिया के के हुन् ? लेख्नुहोस् :**

(ख) तिमी घना जङ्गल फाँडेर त्यो गाउँमा बाटो लैजान सक्छौं होला त ?

(ख) मैले लक्ष्मीप्रसाद देवकोटाको सम्झनामा दुई थोपा आँसु खसालेँ ।

(ग) एक दर्जन केरा लिएर हिँडेको साजनलाई मैले आरोलो बाटोमा भेटेको थिएँ ।

(घ) आर्थिक उन्नति नभएका कारण घनश्यामले देश छाडेर हिँड्यो ।

# एकाइ ८

# अव्यय

## पढ्नुहोस् र बुझ्नुहोस् :

**तल दिइएको अनुच्छेद पढी अव्यय शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :**

आज सबेरै दाजु, बहिनी र म सँगै उठेका थियौँ । त्यसपछि हामी सबै घरबाट बाहिर निस्केर बस चढ्यौँ । बस अगाडि बढ्यो । हामीले बसको छतमा कुकुर राखेका थियौँ तर बाँधेका थिएनौँ । बसबाट कुकुर अकस्मात् तल खस्यो । दाजुले आत्तिएर भन्नुभयो, "आम्मै ! कुकुर मर्‍यो ।" डाइभरले गाडी घच्याक्क रोक्यो । हामी तीनै जना बसबाट बाहिर निस्क्यौँ । हामीले कुकुरलाई उठायौँ । 'बिचरा ! कुकुर मर्‍यो कि क्या हो ?' बहिनीले भनी । कुकुरको त एउटा खुट्टा भाँचिएको रहेछ । हामी कुकुरलाई लिएर पशु चिकित्सालय गयौँ । त्यहाँ केही क्षण पालो कुर्नुपर्‍यो । कुकुरको उपचारपछि हामी सरासर घर फर्क्यौँ ।

**तल दिइएका अव्यय पद चिनी गोलो ◯ घेरा लगाउनुहोस् :**

अव्यय शब्द लिङ्ग, वचन, पुरुष आदिका आधारमा परिवर्तन हुँदैन । यसलाई रूप परिवर्तन नहुने शब्द भनिन्छ ।


रूप परिवर्तन नहुने शब्द अविकारी हुन् ।

रूप परिवर्तन हुने शब्द विकारी हुन् ।

> लिङ्ग, वचन, पुरुष आदिका आधारमा रूप परिवर्तन नहुने अथवा शब्दका रूपमा विकार नहुने शब्दलाई अव्यय शब्द भनिन्छ ।

## अव्ययका प्रकार

अव्यय पाँच प्रकारका छन् :



## १. नामयोगी

टेबलमाथि पुस्तक छ । ऊसित कलम छ ।

रातभरि पानी पऱ्यो । तिमी कतातिर जान्छौ ?

घुम्नुभन्दा पढ्नु राम्रो हुन्छ ।

### नामयोगी शब्दहरू

अनुसार, सित, बाहेक, भरि, मुनि, सँगै, बमोजिम, बिना, सम्म, भन्दा, भित्र, बाहिर, प्रति, पट्टि, नेर, सम्म, मात्र, केवल, पूर्व, सामु, पछि, केवल, निम्ति, जस्तै, झैँ, सिवाय, बेगर, पर्यन्त, पश्चात्, मध्ये, कारण, अगाडि, पछाडि, मार्फत् ।

वाक्यमा नाम अथवा नामिकपद (नाम, सर्वनाम र विशेषण) सँग जोडिएर आउने र केही आफ्नो स्वतन्त्र अर्थ पनि हुने अव्यय पदलाई नामयोगी भनिन्छ ।

## २. क्रियायोगी/क्रियाविशेषण

म राम्ररी पढ्छु । भाइ ज्यादै अग्लो छ ।

चराहरू भुर्र उडे । बहिनी मुसुक्क हाँसी ।

बुबा हिजो आउनुभयो ।

वाक्यमा रहेका शब्द क्रियाविशेषण हो कि होइन भनेर चिन्न क्रियासँग कहिले, कसरी कहाँ, कति तथा किन भनेर प्रश्न गर्न सकिन्छ ।

कहिले : भोलि, पर्सि, अहिले, उहिले, हिजो, भरे, बेलुका, आज, दिउँसो

कसरी : यसरी, उसरी, त्यसरी, कसरी, बिस्तारै, भुसुक्क, मुसुक्क, थपक्क, जुरुक्क, फटाफट, खुरुक्क, दौडेर ।

किन : खान, जान, बोल्न, हाँस्न, दिन, लिन, आउन, हेर्न, भन्न, उठ्न, पढ्न, बस्न, सुन्न ।

कति : धेरै, थोरै, ज्यादै, प्रशस्त, पूरै, अलिकति, निकै, असाध्यै, अत्यन्त, चौपट्टै, औधी, पर्याप्त ।

कहाँ : अघि, पछि, भित्र, बाहिर, तल, पारि, माथि, अगाडि, वर, तल्तिर, पछिल्तिर, पछाडि ।

क्रियापदको विशेषता बुझाउन प्रयोग गरिने अव्यय शब्दलाई क्रियाविशेषण भनिन्छ ।

## ३. संयोजक

राम र गोपाल विद्यालय गए । ऊ आयो अनि गयो ।

तिमी आऊ नत्र म जान्नँ ।	जब पानी पर्‍यो तब जाडो भयो ।

जसले मह काढ्छ उसैले हात चाट्छ ।

सापेक्ष संयोजक : जो, जे, जब, जहाँ, जसरी, जब, तब, भने, भन्ने, जसरी, त्यसरी आदि ।

निरपेक्ष संयोजक : तर, पनि, नत्र, तापनि, कि, वा, परन्तु, किनभने, अन्यथा, अनि आदि ।

दुई अथवा दुईभन्दा बढी पद पदावली अथवा वाक्यलाई जोड्ने अव्ययपदलाई संयोजक भनिन्छ ।

## ४. विस्मयादिबोधक

| | | | |
|---|---|---|---|
| वाह ! तिमीले खेल जित्यौ । | खुसी | कठै ! कति दुःख पाएछ । | शोक |
| आहा ! कति रामो फूल रहेछ । | हर्ष | आत्था ! आगोले पोल्यो । | पीडा |
| छि ! कस्तो गन्हाउने फोहोर । | घृणा | ओहो ! कति ठुलो सर्प रहेछ । | आश्चर्य |
| हे ! ईश्वर हाम्रो रक्षा गर । | सम्बोधन | हाहा ! क्या मजा आयो । | उपहास |

आश्चर्य, खुसी, शोक, घृणा, प्रशंसा आदि मनका भावहरू व्यक्त गर्ने अव्यय शब्दलाई विस्मयादिबोधक शब्द भनिन्छ । विस्मयादिबोधक शब्दसँग उद्गार ( ! ) चिह्न आउँछ ।

## ५. निपात

अँ, म भोलि नै जान्छु ।

खै, अलि पर जाऊ न ।

तिमीले भनेको त हो नि ।

उनीहरू आउँदैनन् क्यारे !

ए को भनेको त हरि पो रहेछ ।

राम पो आएन ।

मानिस भनेको त ज्ञानी पो हुनुपर्छ नि ।

आ, कति किचकिच गरिहेका होलान् ।

आज पानी पर्छ कि !

अँ, खै, त, क्यारे, ए, पो, आ, कि आदि निपातहरू हुन् ।

आफ्नो छुट्टै अर्थ नहुने तर वाक्यमा प्रयोग हुँदा भनाइमा जोड दिने, अर्थलाई रसिलो पार्ने अव्यय पदलाई निपात भनिन्छ ।

## अभ्यास

१. **तलका शब्द समूहबाट नामयोगी चिनेर लेख्नुहोस् :**

अहो, तिर, सरह, पो, बमोजिम, अनि, अनुसार, खर्‍र, जब, घुरेर, कसै, सित, बिचरा, किनकि, मार्फत्, भनेर, तर, अगाडि, राम्ररी, अचानक, पश्चात्, माथि, ज्यादै, जसरी, स्याबास, खै, नि ।

२. **कोष्ठकबाट मिल्दो क्रियायोगी छानेर खाली ठाउँमा भर्नुहोस् :**

(क) हामी घर ________ गएछौं । (बाहिर, सरासर, जब)

(ख) म आमा ________ बजार गए । (माथि, सँग, फटाफट)

(ग) रात ________ पानी पऱ्यो । (आहा, चाहिँ, भर)

(घ) तिमी पाठ ________ पढ । (देखि, राम्ररी, जब)

(ङ) टेबल ________ कलम छ । (अनि, ओहो, माथि)

३. **तलका शब्द समूहबाट क्रियाविशेषण चिनेर लेख्नुहोस् :**

हिजो, कारण, टाढा, बाहेक, किनभने, धत्, खै, मुसुक्क, नि, छि, भुर्र, समेत, बाहेक, अरे, हाय, खुल्ल, राम्ररी, अथवा, भने, बिस्तारै अबेर, कसरी, सँग, भरि पहिले, अलिकति, नत्रभने, थुचुक्क, टलक्क ।

४. **कोष्ठकबाट मिल्दो क्रियाविशेषण छानेर खाली ठाउँमा भर्नुहोस् :**

(क) उसले ________ पढ्यो । (फेरि, खर्रर, बाहेक)

(ख) कुम्भकर्ण ________ सुत्छ । (घुरेर, पो, अनि)

(ग) मैले खोलामा ________ पानी बगेको देखेँ । (कलकल, निर, तर्फ)

(घ) मेरो घर ________ छ । (सम्म, सित, टाढा)

(ङ) भाइ ________ गयो । (खेल्न, पो, अनि)

(च) ऊ पढ्दापढ्दै ________ रोकियो । (अनि, टक्क, देखि)

५. **तलका शब्द समूहबाट संयोजक चिनेर गोलो ◯ घेरा लगाउनुहोस् :**

अनुसार, अनि, पो, फेरि, नत्र, तर, माथि, तिर, र, किनभने, बिना, रे, तिर, भने, सरासर, धेरै, यदि, जब, मात्र, बिच सँग, किनभने, त्यसैले, कठैबरा, थुक्क, कि, खै, क्यारे ।

६. **कोष्ठकबाट उपयुक्त संयोजक छानेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) तिमी आऊ ________ भाइ आउँछ । (अनि, भने, कारण)

(ख) राम ________ गोपाल घर गए । (पो, र, आहा)

(ग) ऊ आयो ________ म जान्छु । (फेरि, सरासर, भने)

(घ) तिमी चिया खान्छौ ________ दुध । (कि, पो, नत्र)

(ङ) जब पानी पर्छ ________ जाडो हुनेछ । (कठै, तब, धेरै)

(च) म विद्यालय जान्न ________ म बिरामी छु । (किनभने, राम्ररी, बिहान)

७. **तलका शब्द समूहबाट विस्मयादिबोधक चिनेर खाली ठाउँमा भर्नुहोस् :**

आहा, राम्ररी, अनि, सँग, भित्र, मुसुक्क, वाह, भने, पो, कठै, हिजो, है, खेल्न, विस्तारै, बिचरा, भनेर, धिक्कार, वाह, नि, अहिले, खरर, आत्था, त्यसैले, राम्ररी, स्यावास्, जसरी, छि, आम्मै, तर, नत्र, पो, हरे, स्याबास, अनि, किनभने, थुक्क ।

८. **वाक्यमा प्रयोग गर्नुहोस् :**

स्याबास, आहा, बिचरा, छि, आम्मै, वाह, थुक्क, धिक्कार, हरे, आत्था, आबुइ, कठैबरा, धिक्कार, आच्छु ।

९. **तलका शब्द समूहबाट निपात चिनेर खाली ठाउँमा लेख्नुहोस् :**

खै, किनभने, पो, क्यारे, आहा, अनुसार, भरि, नाइँ, त, नि, तर, उ, हिजो, लौ, टक्क, है, छि, अहो, चाहिँ, आम्मै, कठै, पनि, नत्र, ए, रे, अरे ।

१०. **वाक्यमा प्रयोग गर्नुहोस् :**

खै, नि, लौ, चाहिँ, त, रे, नाइँ, क्यारे, है, कि, पो ।

११. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) अव्यय पद भन्नाले के बुझिन्छ ? यी कति प्रकारका छन् ।

(ख) नामयोगी भनेको के हो उदाहरण दिनुहोस् ।

(ग) क्रियाविशेषण भनेको के हो ? उदाहरण दिनुहोस् ।

(घ) संयोजक भनेको के हो ? उदाहरण दिनुहोस् ।

(ङ) कस्ता शब्दलाई विस्मयादिबोधक भनिन्छ ? उदाहरण दिनुहोस् ।

## परियोजना कार्य

१. **रेखाङ्कित शब्दको पद वर्ग (नाम, सर्वनाम, विशेषण र अव्यय) पहिचान गरी लेख्नुहोस् :**

(क) घरमा मनाइने हरेक चाडवाडमा तपाईंको याद आउँछ ।

(ख) हामी त सामूहिक खेतीतिर अग्रसर हुनुपर्छ ।

(ग) ओहो ! साथीहरूले त निकै घत लाग्दा कुरा पो गरे ।

(घ) सानै उमेरमा उनी प्राकृतिक दृश्य र मानिसका मुहारको चित्र बनाउन सक्थे ।

(ङ) वाह ! तिमी आफैँले किनेको । आज बुबा पक्कै खुसी हुनुहुन्छ ।

(च) अव्यवस्थित बसोबासले जहाँसुकै फोहोर मैला बढेको छ नि ।

(छ) हरेक नागरिकले नैतिकताका साथ आफ्नो कर्तव्य पूरा गर्ने गरेमा देश अगाडि बढिहाल्छ नि !

(ज) यी समस्या मानिस आफैँले सिर्जना गरेका हुन् अनि अहिले रोएर के फाइदा छ र ?

(झ) तिमी पनि मानिस नभएर मेरा लागि महान् देवता नै हौँ ।

(ञ) धत् ! जनकलाई चाहिँ किन विदेशको हावाले छोएको होला नि ?

एकाइ
८

# लिङ्ग, वचन र पुरुष

## पढ्नुहोस् र बुझ्नुहोस् :

मेरो परिवार संयुक्त परिवार हो । मेरो घरमा हजुरबा, हजुरआमा, बुबाआमा, काकाकाकी, ठुलोबा ठूलीआमा र दाजुदिदी, भाइबहिनी सबै जना रहेका छन् । हजुरबा, हजुरआमाले घरमा बसेर नाति नातिनी हेर्नुहुन्छ । मेरो बुबाआमा, खेतबारीमा काम गर्नुहुन्छ । हाम्रो खेतमा केटाकेटीहरू काम गर्न आउँछन् । हाम्रो घरमा गोरु, गाई, राँगो, भैँसी, कुखुराको भाले, पोथी पालेका छौँ । दाजु, दिदी, भाइ बहिनी विद्यालयमा पढ्छौँ । हामीलाई गुरुबा, गुरुआमाले माया गरेर पढाउनुहुन्छ । छात्र छात्राहरू अनुशासित छन् । मेरो काका गायक हुनुहुन्छ भने काकी नायिका हुनुहुन्छ । उहाँहरू श्रीमान्, श्रीमती मिलेर सिनेमा बनाउनु भएको छ ।

माथिको अनुच्छेदबाट पुलिङ्गी र स्त्रीलिङ्गी शब्द चिनेर लेख्नुहोस् :

| पुलिङ्गी | स्त्रीलिङ्गी |
|---|---|
| | |

पुरुष अथवा स्त्री अर्थात् भाले अथवा पोथी बुझाउन प्रयोग गरिने शब्दको चिह्नलाई लिङ्ग भनिन्छ ।

## लिङ्गका प्रकार

**लिङ्ग २ प्रकारका छन् :**

(क) पुलिङ्गः पुरुष अथवा भाले जाति बुझाउने शब्दलाई पुलिङ्ग भनिन्छ ।

पुलिङ्ग शब्दहरू

बा, दाजु, भाइ, काका, राम, गोपाल, भिनाजु, ज्वाइँ, गोरु, राजा, काका, मामा, राँगो, साने, विद्वान्, थापा, लेखक, बालक, नाति, बाहुन, पाडो, होचो, कुखुरो, बाच्छो, लोग्ने, शिक्षक आदि ।

(ख) स्त्रीलिङ्गः स्त्री अथवा पोथी जाति बुझाउने शब्दलाई स्त्रीलिङ्ग भनिन्छ ।

स्त्रीलिङ्ग शब्दहरू

आमा, दिदी, बहिनी, काकी, सीता, रमा, छोरी, रानी, माइजु, सानी, थपिनी, होची, बाच्छी, नातिनी, बाहुनी, स्वास्नी, शिक्षिका, भाउजू, माइजू, फुपू, हजुरआमा, बालिका आदि ।

## लिङ्ग परिवर्तन

एउटा लिङ्गमा रहेका शब्द अथवा वाक्यलाई अर्को लिङ्गमा परिवर्तन गर्नुलाई लिङ्ग परिवर्तन भनिन्छ ।

लिङ्ग परिवर्तन गर्ने तरिका

(क) पुलिङ्ग शब्दको अन्त्यमा ई प्रत्यय लगाएर

| | |
|---|---|
| कालो – काली | ठिटो – ठिटी |
| काका – काकी | केटो – केटी |
| छोरा – छोरी | कुमार – कुमारी |
| साना – सानी | कुखुरो – कुखुरी |

(ख) पुलिङ्ग शब्दका पछाडि नी प्रत्यय जोडेर

| | |
|---|---|
| नाती – नातिनी | नेवार – नेवार्नी |
| पण्डित – पण्डित्नी | जर्नेल – जर्नेल्नी |
| थारु – थरुनी | छेत्री – छेत्रिनी |

(ग) पुलिङ्ग शब्दमा एनी/इनी प्रत्यय लगाएर

| | |
|---|---|
| पापी – पापिनी | थापा – थपिनी |
| सुब्बा – सुब्बेनी | बाघ – बघिनी |
| कार्की – कर्किनी | मित – मितिनी |

(घ) पुलिङ्ग शब्दमा इका प्रत्यय थपेर

| | |
|---|---|
| नायक – नायिका | लेखक – लेखिका |
| बालक – बालिका | शिक्षक – शिक्षिका |
| सेवक – सेविका | गायक – गायिका |

(ङ) शब्दको पूरै रूप परिवर्तन गरेर

| | |
|---|---|
| लोग्ने – स्वास्नी | भिनाजु – दिदी |
| दाजु – भाउजू | गोरु – गाई |
| बुबा – आमा | राँगो – भैंसी |

(च) पछाडिको शब्द जस्ताको तस्तै राखी अगाडि स्त्री लिङ्ग शब्द राखेर

| | |
|---|---|
| लोग्ने मान्छे – स्वास्नी मान्छे | भाले हाँस – पोथी हाँस |
| भाले खरायो– पोथी खरायो | राजा साहेब – रानी साहेब |

वाक्यमा लिङ्ग परिवर्तन गरिएका केही उदाहरणहरू

| | |
|---|---|
| ऊ फुटबल खेल्छ । | ऊ फुटबल खेल्छे । |
| गोरुले घाँस खायो । | गाईले घाँस खायो । |
| मेरो भाइ पढ्छ । | मेरी बहिनी पढ्छे । |
| गायक गीत गाउँछ । | गायिका गीत गाउँछे । |
| तँ स्याउ खान्छस् । | तँ स्याउ खान्छेस् । |
| राम घुम्न गएको छ । | सीता घुम्न गएकी छे । |

## पढ्नुहोस् र बुझ्नुहोस् :

म आज विद्यालय गएँ । मेरा साथीहरू घरमै बसेछन् । हामीहरू पढन कक्षामा गयौँ । गुरुले पाठ पढाउन सुरु गर्नुभयो । राम, गोपाल र श्याम पनि अबेर कक्षामा आइपुगे । उनीहरू खेल्न गएका रहेछन् । गुरुले गाली गर्नुभयो । सीताले गीत गाई । हामीहरू नाच्यौँ । एक बजे खाजा खाने छुट्टी भयो । केटाकेटीहरू खाजा खान दौडिए । म पनि खाजा खान गएँ । दावा र सुमनले खाजा खाएनन् । एकछिन् हामीहरू चौरमा बसेर गफ गऱ्यौँ । घण्टी लागेपछि हामी कक्षामा प्रवेश गऱ्यौँ ।

अनुच्छेदबाट एकवचन र बहुवचनको वाक्य छुट्याएर लेख्नुहोस् :

| एकवचन | बहुवचन |
|---|---|
| | |

## वचन

| | एकवचन | बहुवचन |
|---|---|---|
| (क) | ऊ घरमै छ । | उनीहरू घरमै छन् । |
| (ख) | म छ कक्षामा पढ्छु । | हामी छ कक्षामा पढ्छौँ । |
| (ग) | भाइ राम्ररी पढ्छ । | भाइहरू राम्ररी पढ्छन् । |

सङ्ख्या जनाउन प्रयोग हुने व्याकरणात्मक चिह्नलाई वचन भनिन्छ ।

वचन नाम, सर्वनाम, विशेषण र क्रियापदबाट अभिव्यक्त हुन्छ ।

## वचनका प्रकार

नेपाली भाषामा वचन दुई प्रकारका छन् :

वचन → एकवचन
वचन → बहुवचन

### (क) एकवचन

एक मात्र वस्तु अथवा व्यक्तिको बोध गराउने शब्दलाई एकवचन भनिन्छ। जस्तैः

| | | |
|---|---|---|
| नाम | : | ऊ, केटो, घर |
| सर्वनाम | : | म, तँ, ऊ |
| विशेषण | : | रातो, अग्लो गुलियो, |
| क्रिया | : | छ, पढ्छ, गयो, भन्छ |

### (ख) बहुवचन

दुई अथवा दुईभन्दा बढी वस्तु अथवा व्यक्तिको बोध गराउने शब्दलाई बहुवचन भनिन्छ। जस्तैः

| | | |
|---|---|---|
| नाम | : | काकाहरू, कलमहरू, घरहरू, पुस्तकहरू |
| सर्वनाम | : | उनीहरू, हामीहरू, तिनीहरू |
| विशेषण | : | गुलिया, राम्रा काला, राता, |
| क्रिया | : | पढ्छन्, खान्छन्, गए, सुन्छन् |

## वचन परिवर्तन

एकवचनबाट बहुवचनमा परिवर्तन गर्ने तरिकाहरू

(क) शब्दमा 'हरू' थपेर

| | |
|---|---|
| काका – काकाहरू | राम – रामहरू |
| पुस्तक – पुस्तकहरू | तिमी – तिमीहरू |
| ऊ – उनीहरू | मान्छे – मान्छेहरू |

(ख) एकवचनका शब्दको अन्त्यमा ओकार भए त्यसलाई आकार बनाएर

बाटो – बाटाहरू कालो – कालाहरू

लौरो – लौराहरू कुखुरो – कुखुराहरू

चरो – चराहरू छोटो – छोटाहरू

(ग) शब्दको रूप फेरेर

म – हामी ऊ – उनीहरू

तँ – तिमीहरू यो – यिनीहरू

त्यो – तिनीहरू

(घ) शब्दको पछाडि 'गण', 'वर्ग', 'वृन्द', 'जन' जोडेर

श्रोता – श्रोतागण भक्त – भक्तजन

सज्जन – सज्जनवृन्द विद्यार्थी – विद्यार्थीवर्ग

(ङ) शब्द दोहोऱ्याएर

दिन – दिनदिनै जो – जोजो

फूल – फूलैफूल को – कोको

वाक्यमा वचन परिवर्तनका केही उदाहरणहरू

ऊ पाठ पढ्छ । उनीहरू पाठ पढ्छन् ।

तिमीले सुन्यौ र ? तिमीहरूले सुन्यौ र ?

विद्यार्थी आउँछ । विद्यार्थीहरू आउँछन् ।

अग्लो मान्छे आयो । अग्ला मान्छेहरू आए ।

म खाना खान्छु । हामी खाना खान्छौँ ।

केटो घर आयो । केटाहरू घर आए ।

भक्त दर्शन गर्छ । भक्तजन दर्शन गर्छन् ।

जो आउँछ, त्यो खेल्छ । जोजो आउँछन् ती ती खेल्छन् ।

## पढ्नुहोस् र बुझ्नुहोस् :

तल दिइएका वाक्यहरू पढ्नुहोस् :

म विद्यालयबाट आउँदै थिएँ । उनीहरूसँग बाटामा भेट भयो ।

हामी सँगै घर फर्क्यौँ । तिमी खेल्न चौरमा जाऊ ।

ऊ घरमै बस्छ । तपाईं आज घुम्न जानुहोस् ।

तँ चकचक नगर् ।	उहाँ खाना पकाउनुहुन्छ ।

तिमीहरू गीत गाउँछौ ।	हामी मिहिनेत गर्छौं ।

माथिका वाक्यहरू कुन कुन पुरुषका हुन् ? तालिकामा भर्नुहोस् :

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| | | |

पुरुष अथवा स्त्री दुवैलाई बुझाउने व्याकरणिक कोटिलाई पुरुष भनिन्छ । पुरुष क्रियापद र सर्वनामसँग सम्बन्धित हुन्छ ।

## पुरुषका प्रकार

पुरुष तीन प्रकारका छन् :

(क) प्रथम पुरुष	(ख) द्वितीय पुरुष	(ग) तृतीय पुरुष

### (क) प्रथम पुरुष

वक्तासँग सन्दर्भित भएर आउने र बोल्ने व्यक्तिका बारेमा बताउने पदलाई प्रथम पुरुष भनिन्छ । प्रथम पुरुषमा म र हामी पर्दछन् ।

म पाठ पढ्छु ।	(एकवचन)

हामी पाठ पढ्छौं ।	(बहुवचन)

### (ख) द्वितीय पुरुष

श्रोतासँग सन्दर्भित भएर आउने र सुन्ने व्यक्तिका बारेमा बताउने पदलाई द्वितीय पुरुष भनिन्छ । द्वितीय पुरुषमा तँ, तिमी, तपाईं, हजुर पर्दछन् ।

तँ चिठी लेख्छस् ।	तिमी घुम्न जान्छौ ।

तपाईं बजार जानुहोस् ।	हजुर गीत गाउनुहुन्छ ।

### (ग) तृतीय पुरुष

अन्य व्यक्ति अथवा वस्तुसँग सन्दर्भित भएर आउने र तेस्रो व्यक्तिको बारेमा बताउने पदलाई तृतीय पुरुष भनिन्छ । तृतीय पुरुषमा ऊ, उनी, उहाँ, तिनी, उनीहरू पर्दछन् ।

ऊ गीत गाउँछ ।	उहाँ सहयोगी हुनुहुन्छ ।

उनी घरमा बस्छिन् ।	तिनीहरू फुटबल खेल्छन् ।

## पुरुष परिवर्तन

प्रथम पुरुषबाट द्वितीय या तृतीय पुरुषमा र द्वितीय पुरुषबाट प्रथम या तृतीय पुरुषमा तथा तृतीय पुरुषबाट प्रथम या द्वितीय पुरुषमा बदल्ने प्रक्रियालाई पुरुष परिवर्तन भनिन्छ ।

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म पढ्दै छु । | तँ पढ्दै छस् । | ऊ पढ्दै छ । |
| हामी बजार गयौँ । | तिमीहरू बजार गयौ । | उनीहरू बजार गए । |
| मैले गीत गाएँ । | तैँले गीत गाइस् । | उसले गीत गायो । |
| म खाना खान्छु । | तपाईँ खाना खानुहुन्छ । | ऊ खाना खान्छ । |
| म खेती गर्छु । | हजुर खेती गर्नुहुन्छ । | उहाँ खेती गर्नुहुन्छ । |
| हामी पुस्तक किन्छौँ । | तिमी पुस्तक किन्छौ । | उसले पुस्तक किन्छ । |
| म धेरै हाँस्छु । | तँ धेरै हाँस्छस् । | उनी धेरै हाँस्छिन् । |

## अभ्यास

१. **तल दिइएका वाक्यलाई स्त्रीलिङ्गमा बदल्नुहोस् :**

(क) छोरो विद्यालय गयो । (ख) गोरु घाँस खान्छ ।

(ग) बुबा घर आउनुभयो । (घ) दाजु पसलमा बस्नुहुन्छ ।

(ङ) तँ खेल्न जान्छस् । (च) मामा पोखरामा बस्नुहुन्छ ।

२. **तल दिइएका वाक्यलाई पुलिङ्गमा बदल्नुहोस् :**

(क) माहिली छोरी पढ्न गई । (ख) रामकी बहिनी असल छे ।

(ग) सविना बजार गई । (घ) आमा घरमा हुनुहुन्छ ।

(ङ) तँ घर जान्छस् । (च) भैँसी चौरमा चर्छे ।

३. **तल दिइएका वाक्यलाई बहुवचनमा बदल्नुहोस् :**

(क) साथी खेल्न जान्छ । (ख) ऊ घुम्न जान्छ ।

(ग) कालो केटो आयो । (घ) भक्तले दर्शन गऱ्यो ।

(ङ) मेरो छोरो आयो । (च) केटी गीत गाउँछे ।

४. **तल दिइएका वाक्यलाई एक वचनमा बदल्नुहोस् :**

(क) सेता कपडाहरू सुके । (ख) मुसाहरू दगुर्छन् ।

(ग) किसानहरू खेतमा गए । (घ) तिमीहरू पढ्न जान्छौ ।

(ङ) हामी बजार जान्छौँ । (च) रूखहरू ढले ।

५. **तल दिइएका वाक्यहरूलाई कोष्ठकमा दिइएको सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् :**

(क) म खेल्न जान्छु । (द्वितीय पुरुष)

(ख) ऊ घरको काम गर्छ । (प्रथम पुरुष)

(ग) तिमी पढ्न बस । (तृतीय पुरुष)

(घ) हामी गृहकार्य गर्छौं । (द्वितीय पुरुष)

(ङ) तपाईं खाना खानुहोस् । (तृतीय पुरुष)

(च) उनी सहर जान्छिन् । (प्रथम पुरुष)

(छ) उहाँ विद्यालयमा पढाउनुहुन्छ । (द्वितीय पुरुष)

(ज) उनीहरूले परीक्षा दिए । (प्रथम पुरुष)

(झ) हामी फुटबल खेल्छौं । (तृतीय पुरुष)

(ञ) तँ धेरै पढ्छस् । (प्रथम पुरुष)

६. **तल दिइएको अनुच्छेदलाई द्वितीय पुरुषमा परिवर्तन गर्नुहोस् :**

म नेपाली हुँ । मलाई मेरो देशको माया लाग्छ । म मेरो देशप्रति इमानदार छु । म देशको विकास चाहन्छु । म देशलाई छोडेर विदेश जान्न । हामीहरू पनि देश विकासमा लाग्नुपर्छ । हामी सबै मिलेमा देशमा छिटो विकास हुन्छ ।

७. **तल दिइएको अनुच्छेदलाई तृतीय पुरुषमा बदल्नुहोस् :**

तिमी असल छौ । तिमी सबैले भनेको मान्छौ । तिमीले कहिले झुट बोल्न जानेका छैनौ । तिमीलाई सबैले मन पराउँछन् । सबैले तिमी जस्तै बन्नुपर्छ ।

८. **तल दिइएको अनुच्छेदलाई प्रथम पुरुषमा बदल्नुहोस् :**

ऊ पढ्न विद्यालय जाँदै थिई । उसले साथीलाई बाटामा भेटी । उनीहरू गफ गर्दै विद्यालय पुगे । ऊ कक्षा सातमा पढ्छ । उनीहरू मिल्ने साथी हुन् । उनीहरू पढाइ सकेर सँगै घर फर्के ।

९. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) लिङ्ग भनेको के हो ? (ख) वचन भनेको के हो ?

(ग) वचन कति प्रकारका छन् ? (घ) पुरुष भनेको के हो ?

ङ) पुरुष कति प्रकारका छन् ?

१०. **तलका पुलिङ्गी र स्त्रीलिङ्गी शब्दहरू प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :**

आमा, बावा, दिदी, भाइ, दाजु, बहिनी, उमेश, उषा, कला, धिरेन्द्र, शिवेन्द्र, कोपिला, तारा, टेकराज, विनोद, कुशल, हरि, राम, उर्मिला, शर्मिला, लक्की, लक्ष्मी, शान्ता

## परियोजना कार्य

१. **एकवचन भए बहुवचन र बहुवचन भए एकवचनमा परिवर्तन गर्नुहोस् :**

(क) हिमालहरू सुन्दर थिए ।
(ख) म गीत गाउँला ।
(ग) गुरुआमा कक्षामा आउनुभएछ ।
(घ) कालिगढ मूर्ति बनाउँछ ।
(ङ) पारखीहरू कलाको पारख गर्दै छन् ।
(च) चरो आकाशमा उडेको थियो ।
(छ) अग्ली केटी हिँडिछे ।
(ज) ऊ भोलि आउने छ ।

२. **तलका वाक्यलाई कोष्ठमा दिइएको सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् :**

(क) केटोले राम्रोसँग पढ्यो । (स्त्रीलिङ्ग)
(ख) जोगी भिक्षा माग्छ । ( स्त्रीलिङ्ग)
(ग) दुलही डोली चढ्छे । (पुलिङ्ग)
(घ) पापीले दुःख पाउँछ । (स्त्रीलिङ्ग)
(ङ) गोपालको गाई हरायो । (पुलिङ्ग)
(च) आमा खाना पकाउनुहुन्छ । (पुलिङ्ग)

३. **तलका वाक्यलाई कोष्ठमा दिइएका सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् :**

(क) म सहरमा घुम्न जान्छु । (तृतीय पुरुष)
(ख) उसले कविता लेखेछ । (प्रथम पुरुष)
(ग) तिमीले दुःख पायौँ । (तृतीय पुरुष)
(घ) तँ असल बन् । (प्रथम पुरुष)
(ङ) हामीले गृहकार्य सक्यौँ । (द्वितीय पुरुष)
(च) म घुम्न जान्छु । (तृतीय पुरुष)

४. **तल दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) म शैक्षिक भ्रमण जाँदै छु । (तृतीय पुरुष)
(ख) तिमीहरू ज्ञानी छौ । (प्रथम पुरुष)
(ग) उनीहरू धेरै रुन्थे । (प्रथम पुरुष)
(घ) तपाईं पुस्तक पढ्नुहोस् । (तृतीय पुरुष)
(ङ) ऊ सहरमा बसेछ । (द्वितीय पुरुष)
(च) तँ चकचक नगर । (तृतीय पुरुष)
(छ) हामी मिलनसार हुने छौँ । (द्वितीय पुरुष)
(ज) उनी गीत गाउँछिन् । (प्रथम पुरुष)

५. **तल दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) म मन्दिर जान्थेँ । (बहुवचन)
(ख) गोरी केटी आई (पुलिङ्ग)
(ग) ऊ चौरमा बस्छ । (प्रथम पुरुष)
(घ) गुरुआमा सबैलाई माया गर्नुहुनछ । (पुलिङ्ग)
(ङ) उनीहरू विद्यालय गए । (एकवचन)
(च) हामी परीक्षामा पास भएछौँ । (तृतीय पुरुष)
(छ) कोठा उज्यालो छ । (बहुबचन)
(ज) उसको भाइ खाना खाँदै छ । (स्त्रीलिङ्ग)

एकाइ ८

# आदरार्थी

## पढ्नुहोस् र बुझ्नुहोस् :

| | | |
|---|---|---|
| हजुर गइबक्स्यो । | (अतिउच्च आदरार्थी) | अतिउच्च तह |
| तपाईं जानुभयो । | (उच्च आदरार्थी) | उच्च तह |
| तिमी गयौ । | (मध्यम आदरार्थी) | मध्यम तह |
| तँ गइस् । | (सामान्य आदरार्थी) | निम्न तह |
| अति उच्च तहलाई | अतिउच्च आदरार्थी | |
| ठुलालाई | उच्च आदरार्थी | |
| सामान्य तहलाई | मध्यम आदरार्थी | |
| साना अथवा सामान्यलाई | सामान्य आदरार्थी | |

समाजको मर्यादाक्रमअनुसार व्यक्तिको इज्जत, प्रतिष्ठा व्यक्त गर्ने नाम र सर्वनामसँग क्रियापदको सङ्गति मिलाउनुलाई आदरार्थी भनिन्छ ।

## आदरार्थीका प्रकार

### (क) सामान्य आदरार्थी

आफूभन्दा साना व्यक्ति अथवा कसैलाई हेलाको व्यवहार प्रस्तुत गर्दा प्रयोग गरिने शब्दलाई सामान्य आदरार्थी भनिन्छ । यसमा तँ र ऊ सर्वनामको प्रयोग हुन्छ ।

जस्तै :

तँ घर जा ।

तैँले खाना खाइस् ?

उसले बाटो बिरायो ।

ऊ भाग्छ ।

छोरो खेल्न गयो ।

केटो पढ्दै छ ।

### (ख) मध्ययम आदरार्थी

आफू समान अथवा आफूभन्दा साना भए पनि स्नेह, आदर, प्रेम र सद्भाव जनाउँदा प्रयोग गरिने आदरार्थीलाई मध्यम आदरार्थी भनिन्छ । यसमा तिमी, उनी, यिनी, तिनी जस्ता सर्वनाम प्रयोग हुन्छ । जस्तै :

| | |
|---|---|
| रोम बजार गए । | भान्जा घर आए । |
| उनी विद्यालय जान्छिन् । | तिमी रामलाई भेट । |
| तिनी असल छिन् । | तिनले फुटबल ल्याए । |

### (ग) उच्च आदरार्थी

आफूभन्दा ठुला र सम्मान गर्नुपर्ने व्यक्तिलाई प्रयोग गरिने आदरार्थीलाई उच्च आदरार्थी भनिन्छ । यसमा तपाईँ, उहाँ, यहाँ आदि सर्वनामको प्रयोग हुन्छ । जस्तै :

| | |
|---|---|
| तपाईँ पाठ पढाउनुहुन्छ । | उहाँ कविता लेख्नुहुन्छ । |
| यहाँले केही गरिदिनुहुन्छ कि ? | उहाँले प्रशस्त काम गर्नुभएको छ । |

### (घ) अतिउच्च आदरार्थी

आफूभन्दा ठुलो र विशिष्ट सम्मान गर्नुपर्ने व्यक्तिका लागि प्रयोग गरिने आदरार्थीलाई अतिउच्च आदरार्थी भनिन्छ । जस्तै :

| | |
|---|---|
| हजुरबाट आज्ञा दिइबक्सियोस् । | मौसुफ सवारी होइबक्सनुभयो । |
| हजुर के खाइसिन्छ ? | बुबा कहिले आइबक्सिन्छ ? |

## अभ्यास

१. **आदरार्थीका प्रकार छुट्याउनुहोस् :**

| | |
|---|---|
| (क) उनी रूख रोप्छिन् । | (ख) तँ पाठ पढ्छस् । |
| (ग) उनी विद्यालय जान्छिन् । | (घ) हजुर कता गइबक्सियो ? |
| (ङ) ऊ घाँस काट्छ । | (च) तिमी रामलाई भेट । |
| (छ) तपाईँले कथा भन्नुभयो । | (ज) ऊ विद्यालय गयो । |
| (झ) उनी घर गइन् । | (ञ) उहाँ बजार जानुभयो । |

२. **तल दिइएका वाक्यलाई मध्यम आदरार्थीमा परिवर्तन गर्नुहोस् :**

तँ भोलि विद्यालय जा । तपाईँले उसलाई बोलाउनुभयो । म तँलाई लिन उहाँको घरमा

जान्छु । हजुर कताबाट आइबक्सियो ? तँलाई एकचोटी फोन गर्नु छ । छोरा डुल्न गयो । केशव भाग्यो ।

३. **तल दिइएका वाक्यलाई सामान्य आदरार्थीमा परिवर्तन गर्नुहोस् :**

(क) तपाईं घर जानुहुन्छ । (ख) तिमी पुस्तक पढ ।

(ग) हजुर घरमा आइबक्सियोस् । (घ) उनी पातली छिन् ।

(ङ) तिमी मलाई माफ गर । (च) उहाँले मलाई माया गर्नुहुन्छ ।

(छ) तपाईंले रामो कविता लेख्नुभएको छ ।

४. **तल दिइएका वाक्यलाई उच्च सामान्य आदरार्थीमा परिवर्तन गर्नुहोस् :**

(क) ऊ सहरमा बस्छ । (ख) तिमी साना छौ ।

(ग) ऊ भाग्छ । (घ) त मोटो छस् ।

(ङ) तिमी कथा भन्छौ ? (च) उनी गीत गाउँछिन् ।

(छ) उसले बाटो बिरायो । (ज) तँ घर गइस् ।

५. **तलका वाक्यलाई सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) सीता आउँदै छिन् । (सामान्य आदरार्थी)

(ख) तँ के गर्दै छस् । (मध्यम आदरार्थी)

(ग) ऊ तरकारी काट्छे । (उच्च आदरार्थी)

(घ) तिमी बहिनीलाई भेट । (उच्च आदरार्थी)

(ङ) उहाँले मलाई बोलाउनुभयो । (मध्यम आदरार्थी)

(च) उहाँ पढ्न सक्नुहुन्न । (सामान्य आदरार्थी)

(छ) ऊ घरबाट भागेछ । (मध्यम आदरार्थी)

(ज) उहाँ जापानबाट फर्कनुभयो । (सामान्य आदरार्थी)

(झ) तिमी पाठ पढ्छौ । (अतिउच्च आदरार्थी)

(ञ) तँ सिनेमा हेर् । (उच्च आदरार्थी)

६. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) आदरार्थी भनेको के हो ?

(ख) आदरार्थी कति प्रकारका छन् ?

(ग) मध्यम आदरार्थी भनेको के हो ?

(घ) सामान्य आदरार्थी भनेको के हो ?

(ङ) उच्च आदरार्थी भनेको के हो ?

## परियोजना कार्य

१. **तल दिइएका वाक्यको आदरक्रम लेख्नुहोस् :**

(क) ऊ फुटबल खेल्छ ।
(ख) तपाईँ पूजा गर्नुहुन्छ ।
(ग) उहाँ बजार गइबक्सिन्छ ।
(घ) तँ टेलिभिजन हेर्छस् ।
(ङ) तिनी असल छिन् ।
(च) तपाईँ कविता लेख्नुहुन्छ ।
(छ) तँ बजार जा ।
(ज) बहिनी गृहकार्य गर्छे ।

२. **आदरक्रम क्रियापद मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| उहाँ | घुम्न | खेल्छौँ । |
| तिमी | फुटबल | गइबक्सिन्छ । |
| तँ | मेला | बस्छ । |
| यो | मेचमा | जान्छन् । |
| यी | स्कुल | जान्छस् । |

३. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) तँ घर जा । (सामान्य आदर)
(ख) ऊ परदेश गयो । (उच्च आदर)
(ग) तिमी पाठ पढ्छौ । (अनादर)
(घ) तिमी चित्र बनाउँछौ । (सामान्य आदर)
(ङ) तपाईँ पाठ पढाउनुहुन्थ्यो । (मध्यम आदरार्थी)
(च) भाइ चकचक गर्छ । (मध्यम आदरार्थी)
(छ) दया विद्यालय जान्छिन् । (अनादरार्थी)
(ज) उहाँ बजार जानुहुन्छ । (अनादरार्थी)
(झ) ऊ कविता लेख्छे । (मध्यम आदरार्थी)
(ञ) हरि खेल खेल्दै छन् । (अनादरार्थी)
(ट) सानी झोला बोक्दै छे । (मध्यम आदरार्थी)

४. **तल दिइएका पुरुषअनुसार वाक्य बनाउनुहोस् :**

तँ :
तिमी :
उहाँ :
तपाईँ :
ऊ :
उनी :

एकाइ
१०

# कारक र विभक्ति

## पढ्नुहोस् र बुझ्नुहोस् :

रामले हरिलाई झोलाबाट कलम दियो ।

सुमनले पसलबाट फुटबल किन्यो ।

गीताको झोलामा पुस्तक छ । उल्लिखित वाक्यहरूमा रेखाङ्कित पदहरूले क्रियासँग सम्बन्ध राखेका छन् ।

जस्तै :

उदाहरण 'क'

रामले
हरिलाई
झोलाबाट
कलम
→ दियो ।

उदाहरण 'ख'

सुमनले
पसलबाट
फुटबल
→ किन्यो ।

क्रियामा क्रियापदसँग सम्बन्ध राख्न आउने नामिक पद (नाम, सर्वनाम र विशेषण) लाई कारक भनिन्छ ।

## कारकका प्रकार

कारक
- कर्ता कारक
- कर्म कारक
- करण कारक
- सम्प्रदान कारक
- अधिकरण कारक
- अपादान कारक

कारक छ प्रकारका छन् :

### (क) कर्ता कारक

वाक्यमा प्रयोग हुँदा काम सम्पन्न गर्ने नाम अथवा सर्वनामलाई कर्ता कारक भनिन्छ । कर्ता कारकमा ले, बाट विभक्ति लाग्दछ । जस्तै :

राम घर जान्छ । हरिले फुटबल खेल्यो ।

उनीहरू पढ्दै छन् । गुरुबाट शिक्षा पाइयो ।

(ख) **कर्म कारक**

कर्ताले गरेको कामको फल भोग्ने नामिक पदलाई कर्म कारक भनिन्छ ।

यसमा 'लाई' विभक्ति लाग्छ । जस्तै :

आमा भाइलाई सुताउनुहुन्छ । ऊ रामलाई बोलाउँछ ।

ऊ पुस्तक पढ्छ । रामले गीत गायो ।

(ग) **करण कारक**

कर्ताले काम गर्दा प्रयोग हुने साधन बुझाउन आउने नाम अथवा सर्वनामलाई करण कारक भनिन्छ । यसमा ले/द्वारा/बाट जस्ता विभक्ति लाग्छन् । जस्तै :

ऊ बसबाट घर आयो । भाइले चम्चाले भात खायो ।

मैले फोनबाट कुरा गरेँ । राम कोदालोले खेत खन्छ ।

(घ) **सम्प्रदान कारक**

कर्ताले गरेको कामको फल प्राप्त गर्ने नामिक पदलाई सम्प्रदान कारक भनिन्छ । यसमा 'लाई', 'निम्ति' विभक्ति लाग्छन् । जस्तै :

मैले भाइका निम्ति कोट किनेँ । जनताले देशका लागि योगदान दिए ।

आमाले पूजाका निम्ति फूल टिप्नुभयो । उसले रामलाई पुरस्कार दियो ।

(ङ) **अपादान कारक**

कुनै वस्तु अथवा स्थानबाट छुट्टिएको जनाउन आउने नामिक पदलाई अपादान कारक भनिन्छ । यसमा 'देखि', 'बाट' विभक्ति लाग्दछन् । जस्तै :

दाजु पोखराबाट आउनुभयो । हिजोदेखि पानी पर्न छोड्यो ।

रूखबाट पात खस्यो । दुधबाट दही बन्छ ।

(च) **अधिकरण कारक**

कुनै वस्तु रहने आधार जनाउन आउने नामिक पदलाई अधिकरण कारक भनिन्छ । यसमा 'मा', 'माथि' विभक्ति लाग्दछन् । जस्तै :

कलम टेबलमाथि राखेको छ ।　　　　चरो रूखमा बसेको छ ।

लुगाहरू दराजमा छन् ।　　　　आमा पनि घरमा हुनुहुन्छ ।

## पढ्नुहोस् र बुझ्नुहोस् :

रामले भात खायो ।

बहिनी चम्चाले भात खान्छे ।


ऊ पोखराबाट आयो ।

रूखबाट पात झर्‍यो ।

तिमीले सीतालाई बोलायौ ।

दाजुका निम्ति खाना तयार पार ।

आफ्ना कुरा सुनाऊ ।




> वाक्यमा नाम अथवा सर्वनामसँग जोडिएर आउन पदलाई छुट्याउन सहयोग गर्ने चिह्नलाई विभक्ति भनिन्छ ।

## विभक्तिका प्रकार

### (क) प्रथमा विभक्ति

कर्ता कारक छुट्याउन आउने ले, विभक्ति चिह्नलाई प्रथमा विभक्ति भनिन्छ । जस्तै :

दाजुले फुटबल किन्नुभयो ।　　　　मैले सिनेमा हेरें ।

हरिले चिठी लेख्यो ।

### (ख) द्वितीया विभक्ति

कर्म कारक छुट्याउन आउने 'लाई, कन' विभक्ति चिह्नलाई द्वितीया विभक्ति भनिन्छ । जस्तै :

सीताले बहिनीलाई कुटी ।　　　　बुबाले छोरालाई बोलाउनुभयो ।

उनीहरूले गुरुलाई भेटे ।

**(ग) तृतीया विभक्ति**

करण कारक छुट्याउन आउने ले, बाट, द्वारा विभक्ति चिह्नलाई तृतीया विभक्ति भनिन्छ । जस्तै :

गोपाल बसबाट घर आयो ।

बहिनी कलमले चित्र बनाउँछे ।

हरि चक्कुले स्याउ काट्छ ।

**(घ) चतुर्थी विभक्ति**

सम्प्रदान कारक छुट्याउन आउने लाई, लागि, निम्ति, विभक्ति चिह्नलाई चतुर्थी विभक्ति भनिन्छ । जस्तै :

म भाइलाई खाना दिन्छु ।

म देशका निम्ति केही गर्छु ।

ऊ पूजाका लागि मन्दिर गयो ।

**(ङ) पञ्चमी विभक्ति**

अपादान कारक छुट्याउन आउने देखि, बाट विभक्ति चिह्नलाई पञ्चमी विभक्ति भनिन्छ । जस्तै :

बहिनी बिहानैदेखि पढ्दै छे । रामले जापानबाट चिठी पठायो ।

हिजोदेखि पानी परिरहेको छ ।

**(च) षष्ठी विभक्ति**

अघिल्लो पदको पछिल्लो पदसँग सम्बन्ध जोड्न आउने को, का की, रो, रा, री, नो, ना, नी विभक्ति चिह्नलाई षष्ठी विभक्ति भनिन्छ । जस्तै :

आफ्नो विचार सुनाऊ । तिमी ईश्वरको भक्ति गर्छौ ।

मेरो भाइ खेल्न गयो ।

**(छ) सप्तमी विभक्ति**

अधिकरण कारक छुट्याउन आउने मा, माथि विभक्ति चिह्नलाई सप्तमी विभक्ति भनिन्छ । जस्तै :

टेबुलमा पुस्तक छ । रूखमाथि चरो छ । तिमी मेचमाथि बस्छौ ।

## कारक र विभक्तिका अर्थ र चिह्नहरूको तालिका

| कारक | सम्बन्ध | विभक्ति | विभक्ति चिह्न | वाक्यमा प्रयोग |
|---|---|---|---|---|
| कर्ता | काम गर्ने | प्रथमा | ले | रामले गीत गायो । |
| कर्म | कामको असर पर्ने | द्वितीया | लाई | सुमनले भाइलाई पिट्यो |
| करण | साधन जनाउने | तृतीया | ले, बाट, द्वारा | रामले चक्कुले आँप काट्यो । |
| सम्प्रदान | जसको लागि काम गरिन्छ | चतुर्थी | लाई, लागि, निम्ति | सीताले पूजालाई फूल टिपी । |
| अपादान | छुट्टिने बिन्दु | पञ्चमी | देखि, बाट | काठमाडौंबाट जहाज उड्यो । |
| | पद जोड्ने (सम्वन्ध बुझाउने) | षष्ठी | को, का, की, रो, रा, री,नो, ना, नी, | उसको, उसका, उसकी, मेरो, मेरा, मेरी, आफ्नो, आफ्ना, आफ्नी |
| अधिकरण | आधार | सप्तमी | मा, माथि | म झोलामा किताब राख्छु |

## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| कर्ता | द्वितीया | साधन |
| कर्म | तृतीया | आधार |
| करण | प्रथमा | काम गर्ने |
| सम्प्रदान | सप्तमी | प्राप्त गर्ने |
| अपादान | चतुर्थी | फल भोग्ने |
| अधिकरण | पञ्चमी | छुट्टिने बिन्दु |

२. **उपयुक्त विभक्ति चिह्न राखेर खाली ठाउँ भर्नुहोस् :**

(क) रूख __________ खसेको स्याउ सुमन __________ टिप्यो ।

(ख) म झोला __________ पुस्तक राख्छु ।

(ग) म कलम __________ कापी __________ लेख्छु ।

(घ) म __________ सर्प __________ डर लाग्छ ।

(ङ) राम ________ श्याम ________ कलम दियो ।

(च) सीता बस ________ विद्यालय ________ गई ।

(छ) यो राम ________ घडी हो ।

(ज) यस खाना ________ स्वाद छैन ।

**३ रेखाङ्कित शब्दहरूका कारक छुट्याएर लेख्नुहोस् :**

(क) रामले दाजुलाई इमेलबाट खबर पठयो ।

(ख) गुरुले सीतालाई बोलाउनुभयो ।

(ग) दाजु काठमाडौँबाट आउनुभयो ।

(घ) जनताले देशका लागि योगदान दिए ।

(ङ) अकाशमा बादल लागेको छ ।

(च) ऊ ज्वरोले थला पऱ्यो ।

(छ) तिनीहरू घर गएनन् ।

(ज) बुबाले छोरीलाई कलम ल्याइदिनुभयो ।

**४. कोष्ठकमा दिइएका सङ्केतअनुसार खाली ठाउँ भर्नुहोस् :**

(क) हिमाल ________ चिसो हावा चलेको छ । (पञ्चमी विभक्ति)

(ख) राधा ________ छोरा असल छ । (षष्ठी विभक्ति)

(ग) गाई ________ घाँस खान्छ । (प्रथमा विभक्ति)

(घ) म तिमी ________ उपहार दिन्छु । (चतुर्थी विभक्ति)

(ङ) सविनाले साथी ________ पिटी । (द्वितीया विभक्ति)

(च) शिकारी ________ बाघ माऱ्यो । (प्रथमा विभक्ति)

(छ) सोमबार ________ घाम लागेको छ । (अपादान कारक)

(ज) दुध ________ दही बन्छ । (पञ्चमी विभक्ति)

(झ) हरिले राम ________ कलम दिएन । (चतुर्थी विभक्ति)

(ञ) दावा ________ खाना देऊ । (सम्प्रदान कारक)

(ट) हामी बस ________ घर गयौँ । (तृतीया विभक्ति)

(ठ) चरो रूख ________ बसेको छ । (अधिकरण कारक)

(ड) आमा भाइ ________ सुताउनुहुन्छ । (तृतीया विभक्ति)

५.	**तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क)	कारक भनेको के हो ?

(ख)	कारक कति प्रकारका छन् ?

(ग)	कस्ता चिह्नलाई विभक्ति भनिन्छ ?

(घ)	कारक र विभक्तिको फरक उल्लेख गर्नुहोस् ।

(ङ)	कर्ता कारक भनेको के हो ?

(च)	अपादान कारक भनेको के हो ?

६.	**तलको अनुच्छेद पढ्नुहोस् र विभक्ति चिन्हहरू छुट्याउनुहोस् :**

समाजमा बस्ने मानिसहरूले जहिले पनि देखिने या नदेखिने दुवै किसिमबाट आफू बसेको समाजलाई मद्दत गरी नै रहेका हुन्छन् । जस्तै तिम्रो बुबा खेतमा काम गर्नुहुन्छ, धान, गहुँ आदि उमार्नु हुन्छ । तिम्रो पल्ला घरे साथी, अँ उसको नाम के रे ? अँ तिमीलाई त उसको नाम थाहा छ हगि ! तिमी चकलेट किन्न जाने पसल के त– हो उसको बुबाले पसल थापेर चाहिने कुराहरू बेच्नु हुन्छ । त्यो चश्मा लगाउने डाक्टर साहेवले रोग जाँची ओखती गर्नु हुन्छ । त्यस्तै त्यो भिल्केदाइले लुगा सिउँछन् ।

अँ ! तिम्रो बुबाले फलाउनु भएको धान सबै तिमीहरूले मात्रै खान्छौँ त–खाँदैनौँ– त्यसलाई तिम्रो बुबाले बेच्नु हुन्छ । अनि तिमीले चकलेट किन्ने पसलको पसलेले सबै कुरा आफैँ मात्रै खाएर सिध्याउँछन् त ? सिध्याउँदैनन्, झिल्केदाइले सिएका लुगा आफूले मात्रै लगाउँदैनन् र साइला दाइले पनि आफूले सिएका जम्मै जुत्ता आफैँ लगाउँदैनन् । यी सबैले एकले अर्काको गर्जा टार्छन् । यो त भए ज्यादै मामुली कुराहरू ।

मान्छेलाई बाँचनको निमित्त खान पर्छ, लगाउन पर्छ, बिरामी पर्दा ओखती चाहिन्छ, तिमीले पढ्ने किताब छाप्न कागज, मसी, छपाइ, लेखाइ इत्यादि सबै बनाउन सयौँ मान्छेहरूले कुनै न कुनै काम गरेका हुन्छन् । के यी सबै काम कुनै एउटा मान्छेले गर्न सक्ला त ? सक्दैन । यदि सक्ने हुँदो हो त समाज भन्ने कुरै उठ्ने थिएन ।

(खगेन्द्र नेपालीको 'समाज' शीर्षक बाल निबन्धबाट)

## परियोजना कार्य

१. **रेखाङ्कित शब्दमा कुन विभक्तिको प्रयोग भएको छ ठिक चिह्न लगाउनुहोस् :**

(क) भाइ रामलाई भेट्छ । (द्वितीया, सप्तमी, चतुर्थी)

(ख) म घरमा बसेँ । (सप्तमी, पञ्चमी, चतुर्थी)

(ग) हरिले कलम किन्यो । (प्रथमा, तृतीया, सप्तमी)

(घ) म कलमले लेख्छु । (प्रथमा, तृतीया, द्वितीया)

(ङ) हामी बसबाट घर आयौँ । (प्रथमा, तृतीया, पञ्चमी)

(च) रुखबाट पात झऱ्यो । (तृतीया, पञ्चमी, सप्तमी)

२. **तल दिइएका विभक्ति प्रयोग गरी वाक्य बनाउनुहोस् :**

ले, लाई, देखि, बाट, द्वारा, को, का, की, रो, रा, री, नो, ना, नी

३. **जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| कर्ता | पञ्चमी | साधन जनाउने |
| कर्म | सप्तमी | काम गर्ने |
| करण | प्रथम | फल भोग्ने |
| सम्प्रदान | तृतीया | आधार |
| अपादान | द्वितीया | प्राप्त गर्ने |
| अधिकरण | चतुर्थ | छुट्टिने बिन्दु |

४. **तल दिइएका खाली ठाउँमा सङ्केतका आधारमा कारक चिह्न भर्नुहोस् :**

(क) रामले पसल ................ कलम किन्यो । (अपादान)

(ख) सीता कलम ................ लेख्छिन् । (करण)

(ग) सिकारी ................ बाघ माऱ्यो । (कर्ता)

(घ) तिमी रुख ................ नचढ । (अधिकरण)

(ङ) तैँले भाइ ................ कलम दिइस् । (सम्प्रदान)

(च) उहाँ तपाईँ ................ भेट्नुहुन्छ । (कर्म)

एकाइ
११

# करण र अकरण

## पढ्नुहोस् र बुझ्नुहोस् :

बेरोजगारी समस्या विशाल समस्याको रूपमा राष्ट्रमा देखा परेको छ । काम गर्ने इच्छा भयो भने उपयुक्त अवसरको कमी छैन । देशमा उद्योगधन्दाको विकास हुँदै गएको छ । काम गर्न विदेशमा जानुपर्ने आवश्यकता छैन तर सबैले यहाँ काम पाउन सक्ने अवस्था भने छैन । राम्रो तलब भत्ताको कमीले गर्दा धेरै मानिसहरू विदेश गएका छन् । देशमा काम गर्ने युवा शक्तिको कमी भएको छ । नैराश्य हुनुपर्ने आवश्यकता छैन । हामी सबै मिलेर देशमा रोजगारीको अवसर सिर्जना गर्नुपर्छ । हामी देशमा भएको समस्याबाट भाग्नु हुँदैन । सबै मिलेर समस्याको समाधानतिर लाग्नुपर्छ । जनङ्ख्या बृद्धिदरलाई रोक्नुपर्छ । प्राविधिक शिक्षालाई जोड दिनुपर्छ ।

माथिको अनुच्छेदमा भएका वाक्यलाई करण र अकरण छुट्याएर लेख्नुहोस् :

| करण | अकरण |
|---|---|
| | |

सकारात्मक अथवा हो भन्ने अर्थ बुझाउने वाक्यलाई करण भनिन्छ ।
नकारात्मक अथवा होइन भन्ने अर्थ बुझाउने वाक्यलाई अकरण भनिन्छ ।

## करण अकरण वाक्यान्तरण

करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करणमा परिवर्तन गर्नुलाई करण अकरण वाक्यान्तरण भनिन्छ ।

(क) **आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थ क्रियाको सुरुमा 'न' थपिन्छ । जस्तैः**

| | | |
|---|---|---|
| तिमी पाठ पढ । | तिमी पाठ नपढ | (आज्ञार्थ) |
| तँ खेल्न जा । | तँ खेल्न नजा । | (आज्ञार्थ) |
| त्यो सहर हिँडोस् । | त्यो सहर नहिँडोस् । | (इच्छार्थ) |
| तिमीले पाठ पढे । | तिमीले पाठ नपढे । | (इच्छार्थ) |
| ऊ खेल्न जाला । | ऊ खेल्न नजाला । | (सम्भावनार्थ) |

(ख) **अज्ञात भूत, अभ्यत भूतकालका क्रियाको बिचमा 'न' थपिन्छ । जस्तै**

| | | |
|---|---|---|
| हामीले खाना खाएछौँ । | हामीले खाना खाएनछौँ । | (अज्ञातभूत) |
| केटाहरू पूजामा गएछन् । | केटाहरू पूजामा गएनछन् । | (अज्ञातभूत) |
| म क्रिकेट खेल्थेँ । | म क्रिकेट खेल्दिनथेँ । | (अभ्यस्त भूत) |
| रमा घरमा बस्थी । | रमा घरमा बस्दिनथी । | (अभ्यस्त भूत) |

(ग) **सामान्य, अपूर्ण, पूर्ण पक्षका सबै कालका क्रियापदको अन्त्यमा 'न' थपिन्छ । जस्तै :**

| | | |
|---|---|---|
| हामीले उसलाई बोलायौँ । | हामीले उसलाई बोलाएनौँ । | (सामान्य पक्ष) |
| सीता काम गर्दै छे । | सीता काम गर्दै छैन । | (अपूर्ण पक्ष) |
| उसले पाठ पढेको हुने छ । | उसले पाठ पढेको हुने छैन । | (पूर्ण पक्ष) |

(घ) **युगल अथवा दोहोरो अकरण बनाउने प्रक्रिया**

मिश्र अथवा संयुक्त वाक्यमा दुई ओटा समापक क्रिया प्रयोग गरिन्छन् । यसमा करणबाट अकरण बनाउँदा दुवै क्रियापदमा 'न' थपिन्छ । त्यस्तै सङ्केतार्थ वाक्यमा कार्य र करणको सम्बन्ध रहने हुँदा त्यसका असमापक र समापक दुवै क्रियामा 'न' थपिन्छ । यसरी दुवै क्रियामा 'न' थपेर दोहोरो अकरण बनाइन्छ । जस्तै :

| | |
|---|---|
| म पुगेँ र तिमी आयौ । | म पुगिनँ र तिमी आएनौ । |
| पानी परे जाडो हुन्छ । | पानी नपरे जाडो हुँदैन । |
| जहाँ फूल फुल्छ त्यहाँ भमरा भुल्छ । | जहाँ फूल फुल्दैन त्यहाँ भमरा भुल्दैन । |
| रमा खेल्न गई भने दाजु रिसाउनु हुने छ । | रमा खेल्न गइन भने दाजु रिसाउनु हुने छैन । |

(ङ) **कुनै कुनै वाक्यलाई अकरण गर्दा क्रियापदमा 'न' थप्नुका साथै अन्य शब्दलाई पनि परिवर्तन गर्नुपर्छ । जस्तै :**

| | |
|---|---|
| ऊ निकै पढ्छ । | ऊ कत्ति पढ्दैन । |
| जो पनि परिश्रमी छन् । | कोही पनि परिश्रमी छैनन् । |
| राम सधैँ खेल्न जान्छ । | राम कहिल्यै खेल्न जाँदैन । |
| ऊ जे पनि भन्छ । | ऊ केही पनि भन्दैन । |
| घरमा सबैजना छन् । | घरमा कोही पनि छैनन् । |

(च) **शाश्वत सत्य जनाउने वाक्यलाई अकरण बनाउँदा दोहोरो अकरण बनाउने चलन छ । त्यस्तो गर्दा वाक्यको अकरण पनि हुँदैन र व्याकरणको नियम सङ्गत पनि हुँदैन ।**

जस्तै :

आगोले पोल्छ । – आगोले नपोल्ने होइन ।

पृथ्वी गोलो छ – पृथ्वी गोलो नभएको होइन ।

सूर्य पूर्वबाट उदाउँछन् । – सूर्य पूर्वबाट नउदाउने होइन ।

यस्ता वाक्यलाई अर्थका दृष्टिले विचलन भए पनि व्याकरणिक नियमका आधारमा बनाउनु उपयुक्त हुन्छ । जस्तै :

आगोले पोल्छ । आगोले पोल्दैन ।

पृथ्वी गोलो छ । पृथ्वी गोलो छैन ।

सूर्य पूर्वबाट उदाउँछन् । सूर्य पूर्वबाट उदाउँदैन ।

> अकरणबाट करण बनाउँदा क्रियापदमा लागेका 'न' झिक्नुपर्छ ।

## अभ्यास

१. **तल दिइएका करण वाक्यलाई अकरणमा बदल्नुहोस् :**

(क) उनीहरू घुम्न जाउन् । (ख) रामले खाना खायो ।
(ग) म घुम्न जाने छु । (घ) आज पानी पर्ला ।
(ङ) आमा बजार जानुभयो । (च) म खेल्थेँ र पढ्थेँ ।
(छ) हामी प्रथम भएछौँ । (ज) तिमी धेरै ज्ञानी छौ ।
(झ) तँ पढ्न जा । (ञ) तँ बाठो रहिछस् ।
(ट) केटाहरू भोलि आउलान् । (ठ) गाईले घाँस खाएछ ।
(ड) हामी घुम्न जान्छौँ । (ढ) राम समाचार सुन्दै थियो ।
(ण) मेरा साथीहरू असल छन् ।

२. **तल दिइएका अकरण वाक्यलाई करणमा बदल्नुहोस् :**

(क) श्याम घर गएन । (ख) रमा बजार गइन ।
(ग) हामीले परीक्षा दिएनौँ । (घ) भाइ विद्यालय गएनछन् ।
(ङ) आज घाम नलाग्ला । (च) उनीहरू आउँदै छैनन् ।
(छ) तँ आज यहीँ नबस् । (ज) तिमीहरू घुम्न नजाओ ।
(झ) तँ विद्यालय नगएस् । (ञ) रामले चिठी लेखेको छैन ।

(ट) म भात खान्नँ ।

(ठ) केटाकेटीहरू चौरमा खेल्दै छैनन् ।

(ड) उनीहरू यहाँ नबसुन् ।

(ढ) तिमीहरू कथा भन्दैनौँ ।

(ण) मलाई चित्र बनाउन आउँदैन ।

३. **कोष्ठकमा दिइएका निर्देशनअनुसार तलका वाक्य परिवर्तन गर्नुहोस् :**

(क) म पढन गइनँ । (करण)

(ख) ऊ सधैँ खेल्न जान्छ । (अकरण)

(ग) उनीहरू घुम्दै छन् । (अकरण)

(घ) तिमीहरू टाढा नजाओ । (करण)

(ङ) जसले परिश्रम गर्छ त्यसले फल पाउँछ । (अकरण)

(च) हामी रूख काट्छौँ । (अकरण)

(छ) तँ किरा नखा । (करण)

(ज) हामी केही पनि जान्दैनौँ । (करण)

(झ) राम बजार गएनछ । (करण)

(ञ) म घरमा बसेँछु । (अकरण)

४. **तलका अनुच्छेदका करण वाक्यलाई अकरणमा परिवर्तन गर्नुहोस् :**

कुनै गाउँमा एउटा धनी व्यापारी बस्थे । व्यापारी अत्यन्त लोभी थिए । ती व्यापारीले एउटा कुकुर र एउटा गधा पालेका थिए । गधा सधैँ भारी बोकेर बजार जाने गर्थ्यो । कुकुर घरको रक्षा गर्थ्यो । व्यापारी कुकुर र गधालाई पेटभरि खान नदिई आफूमात्र खान्थे । एक रातको कुरो हो । व्यापारी थकाइले सुतेका थिए । त्यस रात चोर पस्यो । कुकुर नकराए पनि गधा करायो । व्यापारीको निन्द्रा खुल्यो । व्यापारी रिसायो । व्यापारीले गधालाई नराम्ररी पिट्यो ।

५. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) करण भनेको के हो ?

(ख) अकरण भनेको के हो ?

(ग) करणबाट अकरण बनाउँदा के कुरामा ध्यान दिनुपर्छ ?

## परियोजना कार्य

१. **तलका वाक्यलाई अकरणमा बदल्नुहोस् :**

(क) आज घाम लाग्ला ।

(ख) तिमी घर गए ।

(ग) सीता विद्यालय जाओस् ।

(घ) म घुम्न जाउँला ।

(ङ) हामीहरू खेती गरौँला ।

**२. तलका वाक्यलाई अकरणमा बदल्नुहोस् :**

(क) हरि घर गएछ ।

(ख) म भुसक्क निदाइछु ।

(ग) ऊ खुब पढ्थ्यो ।

(घ) त बजार हिँडिस् ।

(ङ) उनीहरू हल्ला गर्थे ।

**३. तलका वाक्यलाई करणमा बदल्नुहोस् :**

(क) म छिट्टै निदाएँछु ।

(ख) म घुम्न जान्नँ ।

(ग) हामी भात खाँदैनौँ ।

(घ) उनी घर गइछन् ।

(ङ) दावा पाठ पढ्ने छैन ।

**५. तलका वाक्य करण भए अकरण र अकरण भए करणमा बदल्नुहोस् :**

(क) तिमी भन्छौँ भने म जान्छु ।

(ख) उसको निधारबाट पसिना आएन ।

(ग) रमा सधैँ विद्याय जान्छिन् ।

(घ) लेखकहरू लेख्न व्यस्त थिएनन् ।

(ङ) मेरी बहिनी सहर गइछे ।

(च) काम गर्दा थकाइ लाग्छ ।

एकाइ
१२

# वर्णविन्यास

## पढ्नुहोस् र बुझ्नुहोस् :

भाषाका वर्णहरूलाई व्यवस्थित किसिमले राख्ने प्रक्रियालाई वर्णविन्यास भनिन्छ । भाषाका कथ्य र लेख्य गरी दुई रूप हुन्छन् । लेख्य रूप भाषाको मानक रूप हो । लेख्य भाषामा लेखन, मुद्रण अथवा टङ्कण गर्दा विशेष ध्यान दिनुपर्दछ । वर्णको सम्बन्ध अर्थसँग हुने भएकोले वर्णविन्यासमा त्रुटि हुँदा अर्थमा असर पर्छ । त्यसकारण भाषामा भाव, विचार अथवा अभिव्यक्ति सही स्पष्टीकरणमा व्यक्त गर्न लेख्य भाषामा वर्णविन्यास मिलाउनुपर्छ ।

## वर्णविन्यासको नियम

सामान्यतः ह्रस्व र दीर्घका बारेमा नेपाली भाषाको नियम के छ भने इ र उ आउने शब्दका थालनी र बिचमा ह्रस्व र पुछारमा दीर्घ लेखिन्छन् तर यो सामान्य नियमले मात्र पुग्दैन, किनभने पुछारमा ह्रस्व हुने र बिचमा दीर्घ हुने अन्य शब्दहरू पनि हुन्छन् ।

### (क) शब्दको सुरुमा इ, उ ह्रस्व हुने नियम

- ‘तद्भव’ र ‘आगन्तुक’ शब्दहरूको सुरुमा इ, उ ह्रस्व हुन्छन् ।

  जस्तै : छिमेक, तिहुन, पित्तल, हिउँ, हिसाब, किताब, घिउ, ठिटो, कुर्सी, सुकुल आदि ।

- सुरुमा इ, उ आउने सर्वनाम शब्दहरू ह्रस्व हुन्छन् ।

  जस्तै : तिमी, यिनी, उनी, उहाँ, तिनी आदि ।

- सबै व्युत्पन्न शब्दहरूको सुरुको इ, उ ह्रस्व हुन्छन् ।

  जस्तै : दुधालु, धुपौरो, नुनिलो, सिलौटो, पिराहा, मितेरी, चिनियाँ, बुढ्याईँ आदि ।

- वि, नि, निस्, सु, उप, दुर् उपसर्ग लागेका शब्दहरूको सुरुमा इ ह्रस्व हुन्छन् ।

  जस्तै : विचार, विदेश, विनाश, निबन्ध, निपात, नियोग, निष्पाप, निश्चय, निस्तेज, सुकर्म, सुपुत्र, सुमार्ग, उपचार, उपकार, उत्पात, उत्पत्ति, दुर्नाम, दुर्बल, कुपुत्र, सुमार्ग, कुबुद्धि आदि ।

- अनुकरणात्मक शब्दका सुरुको इ, उ ह्रस्व हुन्छन् ।

  जस्तै : किटिक्क, पिटिक्क, मुसुक्क, लुरुक्क, टुलुटुलु आदि ।

- द्वि, त्रि भएका शब्दहरूको सुरुमा इ ह्रस्व लेखिन्छ ।

  जस्तै : द्वितीय, द्विगु, द्विगुण, त्रिकोण, त्रिशूल, त्रिभुवन आदि ।

### (ख) बिचमा इ, उ ह्रस्व हुने नियम

- अव्यय शब्दहरूका बिचमा ह्रस्व हुन्छन् ।

  जस्तैः बाहिर, कहिले, अहिले, निमित्त, हिरिक्क, अघिल्तिर आदि ।

- सङ्ख्यावाचक शब्दका बिचको इ, उ स्वर वर्ण ह्रस्व हुन्छन् ।

  जस्तै : उन्नाइस, एक्काइस, बाइस, तेइस, सत्ताइस, अठ्ठाइस, एकाउन्न, बाउन्न, चौउन्न, सन्ताउन्न, अन्ठाउन्न आदि ।

- अनु, परि, प्रति, उपसर्ग लागेर बनेका शब्दहरूको बिचमा इ, उ ह्रस्व हुन्छन् ।

  जस्तै : अतिरिक्त, अतिक्रमण, अधिवक्ता, अधिपति, अभियोग, परिभाषा, परिपत्र, प्रतिलिपि, प्रतिक्रिया आदि ।

- विशेषण शब्दका बिचको इ, उ ह्रस्व हुन्छन् ।

  जस्तै : अमिलो, दुधिलो, बलियो, सिकिस्त, हरियो, गुलियो, बाटुलो, पठित, मौखिक, अन्तिम आदि ।

### (ग) शब्दका अन्त्यमा इ, उ ह्रस्व हुने नियम

- अव्यय शब्दका पछाडि आउने इ ह्रस्व हुन्छन् ।

  जस्तै : अगाडि, पछाडि, माथि, अघि, पछि, अस्ति, भोलि, खोइ, चाहिँ, चोटि, निम्ति, वरिपरि, वारि, पर्सि, फेरि आदि ।

- अन्त्यमा उ आउने निर्जीव नाम ह्रस्व शब्द हुन्छन् ।

  जस्तै : ठाउँ, गाउँ, घिउ, आलु, दुनु, मासु, स्याउ, केराउ आदि ।

- आइ, आलु, आरु, एलु, आउ आदि प्रत्यय लागेका शब्दहरू ह्रस्व हुन्छन् ।

  जस्तै : पढाइ, लेखाइ, दुधालु, खर्चालु, मूर्ख्याइँ, सिकारु, जुझारु, घरेलु, बनेलु, घेराउ, चुनाउ आदि ।

- पुलिङ्गी नाम र नाता बुझाउने शब्दको अन्त्यको इ, उ ह्रस्व हुन्छन् ।

  जस्तै : हरि, विष्णु, रवि, भाइ, ज्वाइँ, पति, नाति, पनाति, गुरु, बाबु, दाजु,

जेठाजु, भिनाजु, बराजु, फुपाजु आदि । (अपवाद : स्वामी, सम्धी, खसी, हात्ती दीर्घ लेखिने)

- ति, थि, नि, पि, वि, शि, ष्टि अन्त्यमा आउने शब्द ह्रस्व लेखिन्छन् ।

जस्तै : कृति, कान्ति, मति, विधि, अग्नि, शनि, मुनि, लिपि, यद्यपि, छवि, कवि, रवि, राशि, सृष्टि, वृष्टि, पुष्टि आदि ।

## (घ) शब्दको सुरुमा ई दीर्घ हुने नियम

- रेफभन्दा अगाडि आएका संयुक्त व्यञ्जनमा ई, ऊ दीर्घ लेखिन्छन् ।

जस्तै : कीर्तन, जीर्ण, शीर्षक, पूर्ण, ऊर्जा, धूर्त, दीर्घ, पूर्ण, चूर्ण आदि ।

- निम्न तत्सम शब्दहरूको सुरुका ई, ऊ दीर्घ हुन्छन् ।

जस्तै : ईश, कीट, क्रीडा, गीति, ग्रीष्म, सजीव, टीका, दीक्षा, नीति, तीर, पीयूष, वीर, शीत, चीत्कार, भीष्म, सीता, न्यून, स्तूत, मूल्य, भूमि, शून्य, सूक्ष्म, सूत्र आदि ।

## (ङ) शब्दको बिचमा ई, ऊ दीर्घ हुने नियम

- करण, कृत, भवन, भूत अन्त्यमा आउने शब्द बिचमा दीर्घ लेखिन्छन् ।

जस्तैः एकीकरण, सरलीकरण, औद्योगीकरण, केन्द्रीकृत, स्वीकृत, एकीकृत, समीभवन, एकीभवन, केन्द्रीभूत, द्रवीभूत आदि ।

- निम्न तत्सम शब्दहरू बिचमा दीर्घ लेखिन्छन् ।

जस्तै : परीक्षा, प्रतीक्षा, प्रतीक, गम्भीर, प्रतीत, वाल्मीकि, शिरीष, समीक्षा, समीर, कुतूहल, उत्तीर्ण, सपूत, सङ्गीत, समूह, अधीन दीर्घ लेखिन्छन् ।

क्षतिपूर्ति दीर्घभवनका रूपमा स्वीकारिएका शब्दहरू बिचमा दीर्घ लेखिन्छन् ।

जस्तै : (दुग्ध) दुध, (फुल्ल) फूल, (पिष्ट) पीठो, (मूत्र) मूत, (तिक्त) तीतो, (सूत्र) सूत, (शिल्प) सीप, (भिक्षा) भीख, वृद्ध (बूढो) आदि ।

- ईय, ईन, अनीय, तीय प्रत्यय लागेका शब्दका बिचको ई दीर्घ हुन्छन् ।

जस्तै : केन्द्रीय, भवदीय, स्वर्गीय, प्राचीन, कुलीन, नवीन, युगीन, आदरणीय, मानवीय, विचारणीय, द्वितीय आदि ।

इच्छार्थक क्रियापदका बिचका ऊ दीर्घ हुन्छन् ।

जस्तै : जाऊन्, खाऊन्, लेखून्, सुतून्, भनून्, दिऊन् आदि ।

## (च) शब्दका अन्त्यमा दीर्घ हुने नियम

- सर्वनाम, विशेषण, पेसा, जात, थर आदि बुझाउने शब्द अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तै :

(अ) सर्वनाम – हामी, तिमी, आफू, तिनी, यिनी, उनी आदि ।

(आ) विशेषण – अल्छी, इलमी, दुःखी, धनी, रोगी, ज्ञानी, दानी, गफाडी, नेपाली आदि ।

(इ) पेसा – ज्यामी, डकर्मी, नकर्मी आदि ।

(ई) जात – कामी, दमाई, सार्की, घर्ती, ज्यापू, किराँती, लिम्बू, राई, माझी, क्षत्री आदि ।

(उ) थर – अधिकारी, सुवेदी, उप्रेती, रेग्मी, लोहनी, पुरी, प्रसाईँ, भट्टराई आदि । चौलागाईँ, बजगाईँ, त्रिपाठी, पराजुली आदि ।

- स्त्रीलिङ्गी शब्दहरूका अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तै : आइमाई, सावित्री, उर्वशी, दिदी, फुपू, भाउजू, सासू, आमाजू, जेठानी, देवरानी, बहिनी, युवती, किशोरी, तरुनी, ठिटी, केटी, दासी, धाई, गाई, भैँसी आदि ।

- सङ्ख्यावाचक शब्द अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तै : दुई, साठी, एकसठ्ठी, बैसठ्ठी, त्रिसठ्ठी, चौँसठ्ठी, पैँसठ्ठी, छैसठ्ठी, सतसठ्ठी, अठसठ्ठी, उनन्सत्तरी, सत्तरी, उनासी, असी, एकासी, बयासी, त्रियासी, चौरासी, पचासी, छयासी, सतासी, अठासी आदि ।

- ई, ती, री, अरी, तरी, मा टुङ्गिने शब्द अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तै : ठेकी, कोदाली, गरिबी, कान्तिमती, सौभाग्यवती, रूपमती, यसरी, कसरी, त्यसरी, उस्तरी, सरासरी, कस्तरी आदि । (अपवाद चाहिँ र बहुव्रीहिको हि बाहेक अन्त्यका ही दीर्घ लेखिन्छन्)

- आदेश बुझाउने र सामान्य भूतकालीन क्रिया अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तै : जानू, हेर्नू, भन्नू, पढ्नू, गई, लेखी, दिई, पाई, सुनी, भनी आदि ।

- भाषा, ठाउँ, नदी आदि बुझाउने शब्दको अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तै : अङ्ग्रेजी, नेपाली, हिन्दी, जापानी, मैथली, अवधी, भोजपुरी, दनुवारी,

कास्की, कैलाली, पाल्पाली, दुम्जाली, गोर्खाली, ठिमी, सप्तरी, कर्णाली, राप्ती, सप्तकोसी, कन्काई, बबई, सेती, गण्डकी, महाकाली, नारायणी आदि ।

## श, ष, स सम्बन्धी नियम

वर्णमालामा भएका श, ष, स तीन किसिमका स मध्ये श तालव्य, ष मूर्धन्य र स दन्त्य हुन् । यी वर्णहरू क्रमशः तालु, मूर्धा र दन्तस्थानबाट उच्चारित हुन्छन् ।

- निम्न शब्दमा श लेख्ने ।

  जस्तै : शिशु, शैशव, शशी, अंश, शाश्वत, शकुन्तला, गणेश, राशि, वैशाख, शिशिर, यशोधरा, आशीर्वाद, केश, शीत, शोभा, शान्ति आदि ।

- विसर्ग (:) लागेका शब्दमा श लेख्ने ।

  जस्तै : अक्षरशः, क्रमशः, प्रायशः आदि ।

- ऋ, त, ल भन्दा पहिले श लेख्ने ।

  जस्तै : शृङ्गार, पश्चात्, पश्चिम, आश्चर्य, अश्रु, आश्रय, विश्राम, श्लेष आदि ।

- क, ट, ठ, ड, ढ, ण, प भन्दा पहिले ष को प्रयोग हुन्छ ।

  जस्तै : निष्कर्म, निष्कर्ष, पुष्कर, परिष्कार, पुष्ट, दृष्टि, स्पष्ट, धृष्ट, काष्ठ, निष्ठा, वरिष्ठ, कृष्ण, विष्णु, आषाढ, पुष्प, पुष्पा आदि ।

- निम्न शब्दमा ष लेख्ने ।

  जस्तै : ईर्ष्या, कृषि, भीष्म, वर्षा, औषधि, विषाद, भेष, द्वैष, विष, प्रेषक आदि ।

- स, सु, सत्, सम्, स्व, सह, स्वयम् जोडिएका शब्दमा स लेख्ने ।

  जस्तै : सकर्म, सफल, सबल, सगोल, सुशील, सुयोग्य, सुपुत्र, सुवास, सत्कार, सत्प्रेरणा, सत्मार्ग, सम्मुख, संस्कार, सम्पादक, संयोग, स्वदेश, स्वजन, स्वरूप, सहयोग, सहकार्य, सहअस्तित्व, स्वयम्भू, स्वयम्बर आदि ।

- स्था, स्मृ, स्तु, स्ना धातुबाट बनेका शब्दमा स लेख्ने

  जस्तै : स्थान, स्थित, स्थापत्य, स्मृति, स्मरण, स्तुति, स्फुरण, स्नातक, स्नान आदि ।

- आगन्तुक शब्दमा रहेका श, स, ष मध्ये स लेख्ने

  जस्तै : सहिद, सिफारिस, रजिस्ट्रेसन, सहर, सुरु आदि । (अपवादः नाम, थर,

पदावलीमा भने श प्रयोग गर्ने ।) जस्तैः शाह, शेरबहादुर, शेर्पा, कुशवाह आदि ।)

## ब, व, ओ सम्बन्धी नियम

- प्रष्ट ब उच्चारण हुने शब्दहरूमा ब लेख्ने

  जस्तै : बल, बालक, बुध, बृद्धि, अम्बा, चुम्बन, ब्राह्मण, ब्रह्मा आदि ।

- क्रियापदमा पेट चिरेको ब लेख्ने

  जस्तै : बस्नु, बोल्नु, बाल्नु, बताउँनु, बिर्सिनु आदि ।

- केही तत्सम शब्दमा व लेखिन्छ ।

  जस्तै : वृक्ष, व्यथा, पर्व, भावक, विवश, वर्णन, पूर्व आदि ।

- मभन्दा पछि र द, ध भन्दा पहिले व लेख्ने

  जस्तै : कर्तव्य, गन्तव्य, भवितव्य, कवित्व, ममत्व, सतीत्व, धनवान्, दयावान्, बलवान्, गुणवती, रूपवती, गर्भवती, डुलुवा, घिचुवा, सुतुवा, पैसावाल, गाडीवाल, घडीवाल आदि ।

- क्रियापद र केही 'ओ' उच्चारण हुने शब्दमा ओ लेखिन्छ ।

  जस्तै : आओ, जाओ, खाओ, ओखती, ओखर, ओखल आदि ।

## य, ए, ये सम्बन्धी नियम

- व्युत्पन्न शब्दमा य लेखिन्छ ।

  जस्तै : कमैया, जहानियाँ, सहरिया, हँस्यौली, मुर्ख्याइँ ।

- केही तत्सम शब्दमा य लेखिन्छ ।

  जस्तै : यमक, यक्ष, मूल्य, जय, दृश्य आदि ।

- सर्वनाम शब्दहरूमा य लेखिन्छन् ।

  जस्तै : यी, यो, त्यो, त्यस, त्यहाँ, यस, यही आदि ।

- भूतकालीन क्रियापदमा य लेखिन्छन् ।

  जस्तै : गयो, भयो, खायो, खायौ (अपवाद आएँ, गएँ) आदि ।

- सामान्य भूत तथा अज्ञात भूतकालका क्रियापदमा ए प्रयोग हुन्छ ।

  जस्तै : गए, आए, गएछ, भएँ, पाएछ आदि ।

- इच्छार्थक क्रियापदमा ए प्रयोग हुन्छ ।

  जस्तै : गएस्, भएस्, खाएस्, धोएस् आदि ।

- केही शब्दमा ये को प्रयोग हुन्छ ।

  जस्तै : ध्येय, मध्ये, ज्येष्ठ, अन्त्येष्टि, प्रत्येक आदि ।

- कृदन्त शब्दमा एर, एको लाग्छ ।

  जस्तै : गएको, दिएको, भएर आदि ।

## क्ष, छे सम्बन्धी नियम

- क्ष को प्रयोग तत्सम शब्दमा हुन्छ ।

  जस्तै : अक्ष, अक्षता, अक्षर, शिक्षा, कक्ष, क्षय, मोक्ष, परीक्षा, पक्षी, भक्षक, रक्षा, दीक्षा, लक्ष्य, क्षत्रीय, क्षेप्यास्त्र, लक्ष्य, क्षितिज आदि ।

- छे को प्रयोग तद्भव र आगन्तुक शब्दमा हुन्छ ।

  जस्तै : छेउ, छेस्किनी, छेलो, बिछ्यौना, इच्छा, छ्याङ, छेपारो, छिन् आदि ।

## ऋ, रि सम्बन्धी नियम

- ऋ को प्रयोग तत्सम शब्दमा हुन्छ ।

  जस्तै : ऋग्वेद, ऋचा, ऋण, ऋतु, ऋषि आदि ।

- रि को प्रयोग तद्भव आगन्तुक शब्दमा हुन्छ ।

  जस्तै : रिस, रित्तो, रिकापी, रिङ, रिपोर्ट, रिबन, रिल आदि ।

## ज्ञ, ग्यँ सम्बन्धी नियम

- ज्ञ को प्रयोग तत्सम शब्दमा गरिन्छ ।

  जस्तै :ज्ञान, प्रतिज्ञा, यज्ञ, विज्ञ, विज्ञान, ज्ञात, साम्राज्ञी, युवराज्ञी, संज्ञा, जिज्ञासा आदि ।

- 'ग्यँ' को प्रयोग तद्भव र आगन्तुक शब्दमा गरिन्छ ।

  जस्तै : ग्याँचे, ग्याँस, ग्यारेन्टी, ग्यास्टिक, ग्यालग्याल आदि ।

## हलन्त र अजन्त सम्बन्धी नियम

- केही अव्यय शब्दहरू हलन्त लेखिन्छन् ।

  जस्तै : इस्, उस्, उफ्, क्यावात्, स्यावास्, झन्, धत्, हट् आदि ।

- आदेश अथवा इच्छा बुझाउने क्रियापद हलन्त लेखिन्छन् ।

जस्तै : पढ्, भन्, लेख्, हरेस्, खाएस्, भनेस्, जाऊन्, गरोस् आदि ।

- उच्चारण गर्दा हलन्त बोलिने केही क्रियापदहरू हलन्त लेखिन्छन् ।

जस्तै : जान्छन्, छन्, गरिन्, सोधिन्, लेख्थिन् आदि ।

- अन्तमा वान्, मान्, वत् आउने शब्दमा हलन्त हुन्छ ।

जस्तै : बलवान्, विद्वान्, धनवान्, श्रीमान्, आयुष्मान्, पुत्रवत्, दण्डवत्, विद्वत्, संवत्, यावत् आदि ।

- अन्तमा क्, त्, द्, म् आउने शब्दमा हलन्त हुन्छ ।

जस्तै : प्राक्, दिक्, विद्युत्, विपत्, आपत्, अर्थात्, जगत्, पश्चाताप्, साक्षत्, संसद, बृहत्, भाषाविद्, स्वयम्, शुभम्, एवम्, अहम्, स्वागतम् आदि ।

द्रष्टव्य : व्यञ्जन वर्णलाई हल् भनिने हुँदा व्यञ्जन वर्णमा अन्त्य भएको शब्दलाई हलन्त भनिन्छ र अन्त्यमा स्वर नभएको वर्णको खुट्टो काटिन्छ । अच् भनेको स्वर वर्ण हो । अन्त्यमा स्वर वर्ण आउने वर्णको खुट्टो काटिन्न । नाम, सर्वनाम, विशेषण, अव्यय आदि शब्दहरू उच्चारण हुँदा हलन्त बोलिए पनि तिनीहरू अजन्त लेखिन्छन् ।

जस्तै : भात, झ्याल, असल, काम, दाम, राम, घर, झलझल, गनगन, पटपट, दनदन आदि ।

## शिरबिन्दु र चन्द्रबिन्दु सम्बन्धी नियम

- धातुसँग दा, दै जोडिएमा चन्द्रबिन्दु लेखिन्छ ।

जस्तै : आउँदै, गाउँदै, जाँदै, बोलाउँदा, हुँदा, सकिँदा, पढिँदै, भनिँदै आदि ।

- अनुनासिक स्वरमा चन्द्रबिन्दुको प्रयोग हुन्छ ।

जस्तै : आँप, आँखा, आँसु, जुँघा, टाँक, कहाँ, उहीँ, ध्वाँसो, फाँसी, बाँस, भुँडी, दायाँ, बायाँ, नयाँ, घाँस, गाँस, घाँटी, जहाँ, उहाँ आदि ।

- दुई ओटा स्वरमा अन्त्य हुने धातुमा थ, द, छ का रूपहरू जोडिएमा चन्द्रबिन्दु लेखिन्छ ।

जस्तै : आउँथ्यो, हराउँथे, लेखाउँथी, आउँदै छ, बोलाउँदछौ, बनाउँछ आदि ।

- य, र, ल, व, श, ष, स, ह वर्णहरूभन्दा अगाडि शिरबिन्दु दिनुपर्छ ।

जस्तै : संयोग, संयम, संयोजन, संयुक्त, संरचना, संरक्षण, संवाद, संवेदना, संशय, अंश, अपभ्रंश, संसार, संहार, संज्ञा, संज्ञान, संवत्, संसर्ग आदि ।

- क, ख, ग, घ भन्दा अगाडि ङ को प्रयोग च, छ, ज, झ भन्दा अगाडि ञ को प्रयोग ट, ठ, ड, ढ अगाडि ण पञ्चमवर्णको प्रयोग हुन्छ ।

  जस्तै : अङ्क, शङ्ख, रङ्ग, सङ्घ, मञ्च, लाञ्छना, सञ्जीव, झञ्झा, घण्टा, कण्ठ, दण्ड, शब्द, सन्त, पन्थ, मन्द, ग्रन्थ, कम्प, पम्फा, सम्बन्ध, शम्भू, गम्भीर आदि ।

## पदयोग र पदवियोग

वाक्यमा पदहरूको क्रमिक रखाइ र वर्णविन्यासमा मात्र ध्यान दिएर पुग्दैन, वाक्यमा एक पद र अर्को पदलाई जोड्ने अथवा अलग राख्ने प्रक्रियालाई पनि ध्यान दिनुपर्छ । पदयोग गर्दा पदहरूलाई एउटै डिकामा लेखिन्छ भने पदवियोग गर्दा पदहरूलाई भिन्न डिकामा लेखिन्छ । जस्तैः पदयोग भएका वाक्यहरू (भाइलाई, घरपछाडि, दिदीबहिनी, गाउँगाउँ, गल्र्यामगुर्लुम, पढिसकिहालेछ, पढ्नेछ, नराम्रा) । पदवियोग भएका शब्दहरू : (त्यसभन्दा माथि, उसले चाहिँ, कालो अथवा सेतो, भएको थियो, न तातो न चिसो) ।

## पदयोग हुने आधारहरू

- अनुकरणात्मक शब्दहरू पदयोग हुन्छन् ।

  जस्तै : पल्याकपुलुक, सच्याकसुरुक, तन्द्रङतुन्द्रुङ, उकुसमुकस, टहटह, लुटुपुटु, गज्याङ्मज्याङ् आदि ।

- संयुक्त क्रियापदहरू पदयोग हुन्छन् ।

  जस्तै : दिइसक्यो, भनिसकिहालेछ, भनिदिनेछ, लेखिसकेछन्, गर्नुपर्छ, भइसक्यो, देखिसकेछन् आदि ।

- विभक्ति पदयोग गरी लेखिन्छ ।

  जस्तै : नेपालबाट, हामीले, भोलिदेखि, घरमा, आमालाई, उसको आदि ।

- नामयोगी लागेका शब्दहरू पदयोग हुन्छन् ।

  जस्तै : घरपछाडि, उतातिर, तिमीकहाँ, कानुनअनुसार, दायाँपट्टी, भनेबमोजिम, घरतर्फ आदि ।

- समास भएका शब्दहरू पदयोग हुन्छन् ।

  जस्तै : राजद्वार, त्रिवेणी, चरिनङ्ग्रे, कालीमाटी, हिजोअस्ति, माछापुच्छ्रे, चौमास, कुशाग्रबुद्धि, मुनामदन आदि ।

- अज्ञात भूत र अभ्यस्त भूत जनाउने क्रियापदहरूमा पदयोग हुन्छन् ।

  जस्तै : पढेछ, पढ्थ्यो, खाएछ, खान्थ्यो, लेखेछ, लेख्थ्यो, हेर्थे, जान्थी, पाएछ, देखेछ आदि ।

- अकरण जनाउने शब्दहरूमा 'न' लाई पदयोग गरी लेख्ने ।

  जस्तै : नलेख, जाँदैन, पढेनछ, खान्नँ, नजा, भन्दैन, गएन, देखेन, नसोध आदि ।

## पदवियोग हुने आधारहरू

- संयोजक पदहरू छुट्टै लेखिन्छन् ।

  जस्तै : नेपाली तथा हिन्दी, दुब्लो तर फुर्तिलो, कथा एवम् कविता ।

- वर्तमान, भूत र भविष्यत् कालका अपूर्ण र पूर्ण पक्ष जनाउने क्रियापदहरू छुट्टै लेखिन्छन् ।

  जस्तै : पढ्दै छन्, हुँदै छ, खाँदै थियो, भन्दै थियो, सुन्दै हुनेछ, लेख्दै हुनेछ, पढेको छु, खेलेको थिएँ, सुनेको हुनेछु आदि ।

- विभाजक 'न' आएको पद छुट्टै लेखिन्छ ।

  जस्तै : न राम न सीता, न लाटो न बाठो, न चिसो न ततो, न घाम न पानी, न देख्नु न सुन्नु आदि ।

- गर्न, पढ्न, खादा, देखा जस्ता (पदान्तमा अ/आ आएका) शब्दसँग प्रयोग हुने पर्छ, जान्छ, पऱ्यो आदि क्रियापद छुट्टै लेखिन्छन् ।

  जस्तै : पढ्न सक्छ, बस्न सक्छ, खाँदा हुन्छ । देखा पर्छ आदि ।

- विभक्ति लागेका शब्दका पछि आउने नामयोगी छुट्टै लेखिन्छन् ।

  जस्तै : घरको पछाडि, त्यसभन्दा तल, मेरो तर्फबाट, नारायणथानभन्दा माथि, कोठादेखि बाहिर आदि ।

- निपात शब्दहरू छुट्टै लेखिन्छन् ।

  जस्तै : केटा त, उनीहरू नै, तिमी चाहिँ, हुन्छ नि, सीता पो आदि ।

## लेख्य चिह्नको प्रयोग

शब्द र वाक्यहरूको पारस्परिक सम्बन्ध दर्शाउन बोल्दा अथवा लेख्दा भाषा स्पष्ट तथा शुद्ध हुन आवश्यक छ । भाषाको खास आधार नै लिपि हो । लिपिविनाको भाषा नै हुँदैन र भए पनि त्यो निराधार हुन्छ । भाषालाई शुद्ध पार्न ठाउँठाउँमा शब्द अथवा वाक्यमा विराम चिह्न प्रयोग गर्नु आवश्यक छ । नेपाली भाषामा स्थापित केही विराम चिह्न यी हुन् :

अल्पविराम ( , )
अर्द्धविराम ( ; )
पूर्णविराम ( । )
प्रश्नसूचक ( ? )
उद्गार चिह्न ( ! )
उद्धरण चिह्न (' ' /" ")
निर्देश सूचक चिह्न ( :/:- )
योजक चिह्न ( - )
कोष्ठक चिह्न ( )

### (क) अल्पविराम ( , )

अल्पविराम भनेको आंशिक विश्राम हो । वाक्यमा एकै प्रकारका पद, पदावली आदिलाई छुट्याउन छोटो अडानका लागि र खण्ड छुट्याउनु पर्दा अल्पविराम चिह्नको प्रयोग गरिन्छ :

जस्तै : नाईं, म त्यहाँ जान्छु । रामले किताब, कापी, कलम र झोला किन्यो ।
हरि, राम, गोविन्द, कुमार, रमा, रश्मि र अनु विराटनगर गए ।

### (ख) अर्द्धविराम ( ; )

लामो तथा मिश्रित वाक्यलाई छुट्याउन र वाक्यको सम्बन्ध टाढा देखाउन अर्द्धविराम चिह्नको प्रयोग गरिन्छ ।

जस्तै : अनुहार त राम्रो छ; स्वभाव भने पटक्कै छैन ।

### (ग) पूर्णविराम ( । )

वाक्य पूरा भएपछि अडानका निम्ति पूर्णविराम चिह्नको प्रयोग गरिन्छ ।

जस्तै : मुनामदनका लेखक देवकोटा हुन् ।

### (घ) प्रश्नवाचक चिह्न ( ? )

कुनै कुरा सोध्दा प्रश्नवाचक चिह्नको प्रयोग गरिन्छ ।

जस्तै : तिमी पास हुन्छौ के ? साथीहरू यहाँ आउँछन् र ?

### (ङ) उद्गार चिह्न ( ! )

हर्ष, विस्मात, घृणा आदि प्रकट गर्नुपर्दा र सम्बोधन गर्दा उद्गार चिह्न प्रयोग गरिन्छ ।

जस्तै : आहा ! कस्तो राम्रो फूल । उफ् ! साह्रै गर्मी भयो ।

### (च) उद्धरण चिह्न (‘ ’ /“ ”)

वाक्यभित्र शब्दलाई विशेष जोडदिँदा तथा कसैको भनाइलाई उद्धृत गर्दा उद्धरण चिह्नको प्रयोग गरिन्छ ।

जस्तै : देवकोटाको ‘मुनामदन’ लोकप्रिय कृति हो ।
रामले भन्यो, “मलाई आज सञ्चो छैन ।”

### (छ) निर्देशक सूचक चिह्न ( :/:– )

कुनै कुराको व्याख्या अथवा कुनै सूचना उद्धृत गर्दा निर्देशक चिह्नको प्रयोग गरिन्छ ।

जस्तै : नेपालका तीन प्रमुख नदी छन् : कोसी, कर्णाली र गण्डकी ।
मुना : म पनि तपाईँसँगै जान्छु ।

### (ज) योजक चिह्न ( – )

दुई शब्दलाई जोड्नु पर्दा अथवा पङ्क्तिका अन्त्यमा नअटेर अर्को पङ्क्तिमा लेख्दा योजक चिह्नको प्रयोग गरिन्छ ।

जस्तै : दीन–दुःखी, आ–आफ्नो, स–साना ।

### (झ) कोष्ठक चिह्न ( ( ) )

क्रम र विषय छुट्याउँदा कोष्ठक चिह्न प्रयोग गरिन्छ ।

जस्तै : तिमीले भनेको मान्छे (धुव्र) यही हो । संसद् (प्रतिनिधि सभा)

## अभ्यास

१. **तल दिइएका चिह्नहरूका नाम लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| (क) | । | (ख) | “ ” |
| (ग) | , | (घ) | ( ) |
| (ङ) | ! | (च) | : / :– |
| (छ) | ; | (ज) | ? |
| (झ) | – | (ञ) | ... |

२. **तल दिइएका वाक्यमा उपयुक्त चिह्नहरूको प्रयोग गरी शुद्ध पार्नुहोस् :**

(क) दिदी पनि आएकी छिन् कान्छा हो कान्छा बतासे दिदी पनि

(ख) हैन मलाई ज्यादै हतपत छ बरू बाटो बताइदिनोस् हिँडिहाल्छु ।

(ग) ए विदुरजी यता धौम्यले बोलाए ।

(घ) प्रभु चस्माको दोष माफ पाऊँ केशवराजले भने

(ङ) ऊ मसँग जिल्ला सदरमुकाम जान्छ रविले भन्यो

(च) किसानहरू अन्न उब्जाउँछन् उनीहरू सबैलाई बचाउँछन्

(छ) ए दाइ हाम्रो परीक्षाफल कहिले प्रकाशित हुन्छ

(ज) केवल ससाना कुरामा अल्झेर आआफ्ना ठुला ठुला काम बिगार्नु हुँदैन

(झ) आमा मधुकरलाई केही पनि हुँदैन हगि शङ्करले आमालाई सोध्यो

(ञ) म त सम्झन्नँ गाउँतिर पनि के सम्झनु र दुःखै सम्झनु त हो नि

(ट) बिचरा पख् है त म बदाम किनेर ल्याउँछु अब त हामीलाई भेटिहालिस् नि

(ठ) आहा यो व्याकरण पुस्तक कति उपयोगी रहेछ

(ड) सान्नानीले मलाई बोलाएकी थिई

(ढ) नेपाल भूपरिवेष्ठित चारैतिर जमिनले घेरिएको मुलुक हो

(ण) भोलिवाद हाम्रो संस्कृति हो दर्शन हो राजनीति हो प्रशासन हो समाजिक व्यवहार हो

## परियोजना कार्य

१. **तलका वाक्यलाई शुद्ध पारी सार्नुहोस् :**

वैग्याँनिक, पञ्छी, शैछिक, निकुन्ज, कुन्ड, भन्डार, संरछ्यण, पछ्य, दच्छिण बीनाशित्ती, कहीलेकाहि, हीनदु, बासतुकला, आकसण, सन्चालन, सडाननद व्यवसथापन, स्विकृती आदि ।

२. **तल दिइएका वाक्यहरूलाई शुद्ध पारी सार्नुहोस् :**

(क) अन्नत प्रेरणाकि श्रोत झमक काडैकाडाका बीचमा फूलेकि एक शुन्दर फूल हून ।

(ख) सागर र गङगाले यसरि कुरा गरेको दीन बेलूकादेखी नै लामो झरी परो ।

(ग) तीम्रो चीठि नआएको पनी तीन महीना भैसकेछ ।

(घ) उहीले उहीले उपतयकामा थूप्रै किँरात राजाहरू थिए ।

(ङ) वोधीसत्व यूबा भए तर ऊनको मन घर व्यवहातरफ कहील्यै गएन ।

(च) यसरि नीकालेको बीजूलि पनी जनताका घर घरसम्म पूरयाउन धेरै खरच लागछ ।

(छ) नेपालमा सतल वा पगोडा, सिखर र गूमबज सैलीका हीन्दु तथा बौध देवालय छन् ।

(ज) पहील्यै बुदधी पूरयाउन सकेको भए यसतो हूने थीएन होला ।

३. **वर्ण विन्यास तथा आवश्यक चिह्न प्रयोग गरी तल दिइएका वाक्य शुद्ध गर्नुहोस् :**

(क) रिसीभुनिहरूको आस्रममा जङ्गलि जिबवनतु रिषिमुनिकै सिस्य वा सन्तान झइ लच्चतपच्चटिने गरेका प्रसङ्ग्हरू पच्र्विय वाक्यहरूमा पाइन्छ ।

(ख) शिभेद असमानता स्वार्थ, भुकच्ची जस्ता तुच्छ कुरा हरूले मानब समाजमा उपद्रो मचिने गरदछन् ।

४. **वर्ण विन्यास तथा आवश्यक चिह्न प्रयोग गरी तल दिइएका वाक्य शुद्ध गर्नुहोस् :**

(क) ओहो साथीहरू तपाइहरूले त नीकै राम्राराम्रा योजना सोच्नु भएको रहेछ अन्तत कुरा सुनदा मत दङ्ग पो परेँ ।

(ख) सानो चार बर्षको हुदा मताने महिलाकी जहान वितिन दुई छोराले हेरचाह वावद्को जिममामा आयो हिममति र मिहीनेति मताने माहिलाले दुबै छोरा हुर कायो ।

५. **वर्ण विन्यास तथा आवश्यक चिह्न प्रयोग गरी तल दिइएका वाक्य शुद्ध गर्नुहोस् :**

(क) के गृहकार्य गरेको छैन धत् के खाउला जस्तो गरेर हेरेको । म तिमीलाई कापि कलम किताव दिन्छु गृहकार्य पुरा गर ल

(ख) ऊनको सरिर नरहे पनि उका ऊग्र कार्यबाट एक महान बैगयानिकका रूपमा उनको नाम सनसारमा परसिद्द छ ।

एकाइ

१३

# काल र पक्ष

## पढ्नुहोस् र बुझ्नुहोस् :

कुनै गाउँमा धनजीते र गुमाने दुई छिमेकी थिए। उनीहरू आपत् विपत् पर्दा एक अर्कालाई सघाउँथे। वर्षायाम थियो। किसानलाई खेतीपातीको चटारो थियो। सबैले रोपाइँका लागि बिऊ राखिसकेका थिए।

एक दिनको कुरा हो। धनजीतले रोपाइँका लागि राखेको बिऊ गुमानेको गोरुले खान्छ। धनजीतेलाई रिस उठ्नु स्वाभाविक छ। दुवैका बिच भनाभन हुन्छ। उनीहरूको बोलीचाली बन्द हुन्छ। यसैबिच धनजीते र उसकी श्रीमती बिरामी पर्छन्। घरमा पानी खुवाउने सम्म मान्छे हुँदैनन्। गुमानेको मन पग्लन्छ। उसले धनजीते र उसकी श्रीमतीको औषधी उपचार गर्छ। उनीहरू निको हुन्छन्।

भोलिका दिनमा धनजीते र गुमाने एक असल मित्र बन्ने छन्। उनीहरूले गाउँलेलाई पनि मिलेर बस्न अर्ति उपदेश दिने छन्। उनीहरूको मित्रता देखेर गाउँलेहरू पनि छक्क परेका हुने छन्। त्यस गाउँका सबै गाउँलेहरू एक आपसमा परेको आपत्विपत्मा मिलेर सहयोग गर्दै हुने छन्। यो गाउँ एक उदाहरणीय गाउँ बनेको हुने छ।

माथिका अनुच्छेदमा प्रयोग भएका वाक्यहरू कुन कुन कालका हुन्, तालिकामा भर्नुहोस् :

| वर्तमान काल | भूतकाल | भविष्यत् काल |
|---|---|---|
| | | |

## कालका प्रकार

काल तीन प्रकारका छन् :

काल
- → भूतकाल
- → वर्तमान काल
- → भविष्यत् काल

## १. भूतकाल

म विद्यालय गएँ ।  तँ खेल्न गइस् ।

उसले पाठ पढ्यो ।  सीता नाची ।

उनीहरूले खाना खाए ।

बितेको समय जनाउने क्रियाको रूपलाई भूतकाल भनिन्छ । यसले बितेको समयमा काम पूरा भएको जानकारी दिन्छ । धातुमा एँ, यौँ, यस्, यो, ए, ई यन्, नुभयो प्रत्ययहरू जोडिँदा भूतकालका क्रियापदहरू बन्दछन् ।

## २. वर्तमान काल

राम काम गर्छ ।  तँ पाठ पढ्छस् ।

हामी विद्यालय जान्छौँ ।  सीता घर आउँछे ।

आमा खाना पकाउनुहुन्छ ।

अहिलेको समयलाई बुझाउने क्रियाको रूपलाई वर्तमान काल भनिन्छ । यसले अहिलेको समयमा हुने कामको जानकारी दिन्छ । यसमा धातुमा छु, छौ, छस्, छिन्, छे, नुहुन्छ जोडिँदा वर्तमान कालका क्रियापदहरू बन्दछन् ।

## ३ भविष्यत् काल

म पढ्न जाने छु ।  तँ खेल्न जाने छस् ।

ऊ घर आउने छ ।  सरोज कथा लेख्ने छ ।

उषा पाठ पढ्ने छे ।

पछि आउने समयलाई जनाउने क्रियाको रूपलाई भविष्यत् काल भनिन्छ । यसले पछिको समयमा हुने कामको जानकारी दिन्छ । धातुमा नेछ, नेछु, नेछौ, नेछस्, नेछौँ, नेछिन्, नु हुनेछ प्रत्ययहरू जोडिँदा भविष्यत् कालका क्रियापदहरू बन्दछन् ।

## (क) भूतकाल र यसका पक्ष

बितिसकेको समयमा कार्य भएको, हुँदै गरेको, भइसकेको काम पहिले नै भए पनि पछि थाहा हुन आएको पहिले बानी परेको स्थिति जनाउन आउने क्रियापदलाई भूतकाल भनिन्छ । यसका सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त गरी पाँच पक्ष छन् ।

### १. सामान्य भूत

(क) मैले पाठ पढेँ ।  (ख) हामी बजार गयौँ ।

(ग) हरिले फुटबल खेल्यो ।  (घ) सीता घर आई ।

कुनै पनि काम बितेको समयमा सम्पन्न भएको सामान्य अवस्था जनाउने भूतकालको पक्षलाई सामान्य भूतकाल भनिन्छ । यसमा धातु + यो, ई, एँ आदि प्रत्ययहरू लाग्छन् ।

## २. अपूर्ण भूत

(क) म पढ्दै थिएँ । (ख) हामी बजार जाँदै थियौँ ।

(ग) हरि फुटबल खेल्दै थियो । (घ) सीता घर आउँदै थिई ।

कुनै पनि काम बितेको समयमा हुँदै गरेको अपूर्ण अवस्था बुझाउने क्रियापदहरूलाई अपूर्ण भूत भनिन्छ । यसमा धातुमा तै/दै + थियो क्रियापदका विभिन्न रूप प्रयोग गरिन्छ ।

## ३. पूर्ण भूत

(क) मैले पढेको थिएँ । (ख) हामी बजार गएका थियौँ ।

(ग) हरिले फुटबल खेलेको थियो । (घ) सीता घर आएकी थिइन् ।

कुनै पनि काम बितेको समयमा भइसकेको बुझाउने क्रियापदको रूपलाई पूर्ण भूत भनिन्छ । यसमा धातुमा एको/एका/एकी + थियो क्रियापदका विभिन्न रूपहरू प्रयोग गरिन्छ ।

## ४. अज्ञात भूत

(क) मैले पाठ पढेँछु । (ख) हामी बजार गएछौँ ।

(ग) हरिले फुटबल खेलेछ । (घ) सीता घर आइछ ।

कुनै पनि काम बितेको समयमा भइसकेको तर अहिले आएर मात्र थाहा भएको बुझाउने क्रियापदको रूपलाई अज्ञात भूत भनिन्छ । यसमा धातु + एछु, एछौँ एछस्, छस्, इछौँ, एछ, एछन्, नुभएछ जस्ता प्रत्यय लाग्दछन् ।

## ५. अभ्यस्त

(क) म पाठ पढ्थेँ । (ख) हामी बजार जान्थ्यौँ ।

(ग) हरि फुटबल खेल्थ्यो । (घ) सीता घर जान्थी ।

कुनै पनि काम बितेको समयमा बानी परेको जानकारी दिने भूतकालको पक्षलाई अभ्यस्त भूतकाल भनिन्छ । यसमा धातुमा धातु + थेँ, थ्यौँ, थ्यो, थी,थिन्, थे, नुहुन्थ्यो जस्ता प्रत्ययहरू लाग्दछन् ।

# (ख) वर्तमान काल र यसका पक्षहरू

भइरहेको समयलाई बुझाउने क्रियापदको रूपलाई वर्तमान काल भनिन्छ । यसका सामान्य, अपूर्ण र पूर्ण गरी तीन पक्ष छन् ।

१. **सामान्य वर्तमान**

(क) म पाठ पढ्छु । (ख) तँ खाना खान्छस् ।

(ग) तपाईँ घुम्न जानुहुन्छ । (घ) गोपाल पाठ पढ्छ ।

कुनै पनि काम अथवा घटना अहिलेको समयमा हुने र पूरा भए अथवा नभएको जनाउने क्रियापदको पक्षलाई सामान्य वर्तमान भनिन्छ । यसमा धातु + छु, छौँ, छस्, छेस् छौ छ, छे,छिन्, छन्, नुहुन्छ जस्ता प्रत्ययहरू जोडिन्छन् ।

२. **अपूर्ण वर्तमान**

(क) म पाठ पढ्दै छु । (ख) तँ खाना खाँदै छस् ।

(ग) तपाईँ घुम्न जाँदै हुनुहुन्छ । (घ) गोपाल पाठ पढ्दै छ ।

कुनै पनि काम अथवा घटना अहिलेको समयमा भइरहेको बुझाउने क्रियापदको पक्षलाई अपूर्ण वर्तमान भनिन्छ । यसमा धातु + तै/दै छु, तै/दै छौँ, तै/दै छस् लाग्दछ ।

३. **पूर्ण वर्तमान**

(क) उसले पढेको छ । (ख) मैले खाएको छु ।

(ग) हामी सुतेका छौँ । (घ) सीता गएकी छे ।

कुनै पनि काम अथवा घटना अहिलेको समयमा पूरा भएको तर त्यसको असर बाँकी रहेको अवस्था जनाउने क्रियापदको पक्षलाई पूर्ण वर्तमान भनिन्छ । यसमा धातु + एको/एका/एकी सँग छ, छन्, छौ आदि लाग्दछ ।

## (ग) भविष्यत् काल र यसका पक्षहरू

कुनै पनि काम पछि अथवा आउने समयमा बुझाउने क्रियापदको रूपलाई भविष्यत् काल भनिन्छ । यसका सामान्य, अपूर्ण र पूर्ण गरी तीन पक्ष छन् ।

१. **सामान्य भविष्यत्**

(क) म राम्ररी पढ्ने छु । (ख) तँ पोखरा घुम्ने छस् ।

(ग) उमा काठमाडौँ जाने छिन् । (घ) तपाईँ पढ्नुहुने छ ।

कुनै पनि काम अथवा घटना पछि आउने समयमा हुने कुरा बुझाउन आउने क्रियाको अवस्थालाई सामान्य भविष्यत् भनिन्छ । यसमा धातु + नेछु, नेछौँ, नेछस्, नेछौ, नुहुनेछ + नेछ, नेछे, नेछिन् जस्ता प्रत्ययहरू लाग्दछन् ।

२. **अपूर्ण भविष्यत्**

(क) म पाठ पढ्दै हुने छु । (ख) तपाईँ काम गर्दै हुनुहुने छ ।

(ग) मेरा साथीहरू गफ गर्दै हुने छन् । (घ) ऊ सुत्दै हुने छ ।

कुनै पनि काम अथवा घटना पछि आउने समयमा सुरु भई पूरा नहुने अथवा काम भइरहेको बुझाउने क्रियापदको रूपलाई अपूर्ण भविष्यत् भनिन्छ । यसमा धातु + तै/दै सँग हुनेछु , हुनेछ, हुनेछौ जस्ता हुनेछ का विभिन्न सहायक रूप प्रयोग गरिन्छ ।

### ३. पूर्ण भविष्यत्

(क) म ठुलो मान्छे बनेको हुने छु ।

(ख) ऊ पोखरा गएको हुने छ ।

(ग) रामले काम सकेको हुने छ ।

(घ) रमाले पढेकी हुने छे ।

पछिको समयमा कुनै काम पूरा भएको बुझाउन आउने क्रियाको अवस्थालाई पूर्ण भविष्यत् भनिन्छ । यसमा धातु + एको/एक/एकी जोडिएर त्यसपछि हुनेछु हुनेछौ, हुनेछस्, हुनेछौ हुनेछे हुनेछिन् विविध रूप आउँछन् ।

## अभ्यास

१. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा तलका वाक्य परिवर्तन गर्नुहोस् :**

(क) रीता गीत गाउँछे । (सामान्य भूत)

(ख) जनताले नेता चुने । (पूर्ण भूत)

(ग) सीता नाचेकी छ । (अपूर्ण वर्तमान)

(घ) ऊ घर गएको थियो (पूर्ण वर्तमान)

(ङ) उनीहरू आएका हुने छन् । (पूर्ण भूत)

(च) ऊ भात खाँदैछ । (अपूर्ण भविष्यत्)

(छ) ताँ के गर्दै थिइस् ? (सामान्य वर्तमान)

(ज) दावा चित्र बनाउँछ । (सामान्य भविष्यत्)

(झ) हामी परीक्षा दिन्छौँ । (अपूर्ण भूत)

(ञ) उनीहरूले नाटक हेरे । (पूर्ण वर्तमान)

(ट) म घरतिर जाँदै हुने छु । (अपूर्ण वर्तमान)

(ठ) म सात कक्षामा पढ्दै छु । (अपूर्ण भविष्यत्)

(ङ) ऊ प्रथम हुने छ । (अपूर्ण भूत)

(ढ) म विद्यालय जान्छु । (अपूर्ण वर्तमान)

(ण) रमाले पुरस्कार पाई । (आज्ञात भूत)

(त) हामी पोखरा जाँदैछौँ । (सामान्य वर्तमान)

(थ) भाइले चिठी लेख्यो । (सामान्य भविष्यत्)

(द) आफू त बजार गइन्छ । (सामान्य भविष्यत्)

(ध) मैले भात खाएँ । (पूर्ण भविष्यत्)

२. **तलका वाक्यहरू कोष्ठकको निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :**

(क) हामी बजार ____________ । (जाः अपूर्ण वर्तमान)

(ख) हाम्रो परीक्षा ____________ । (आउः पूर्ण वर्तमान)

(ग) राजेश अल्छी ____________ । (हुः पूर्ण भूत)

(घ) आफू त बजार ____________ । (जाः सामान्य भविष्यत्)

(ङ) शेर्पाहरू सगरमाथा ____________ । (चढः अपूर्ण भूत)

(च) दाजु, सहनशील ____________ । (हु : पूर्ण भविष्यत्)

(छ) उसले कथा ____________ । (पढ्ः पूर्ण भूत)

(ज) असिना र पानी ____________ । (परः अज्ञात भूत)

(झ) सविना मुसुमुसु ____________ । (हाँस्ः अभ्यस्त भूत)

(ञ) राम सधैँ मिहिनेत ____________ । (गर्ः सामान्य भविष्यत्)

(ट) हामी गीत गाएर ____________ । (नाच् : पूर्ण भूत)

(ठ) तपाईँ कहाँ ____________ । (जाः पूर्ण वर्तमान)

(ड) खेतालाहरू धान ____________ । (रोप् : अपूर्ण भविष्यत्)

(ढ) भाइले पैसा ____________ । (माग् : सामान्य भूत)

(ण) केटाहरू घुम्न ____________ । (जाः अपूर्ण भूत)

(त) रामले चिठी ............................ । (लेख् : पूर्ण भविष्यत्)

(थ) उनीहरू अघि ........................ । (सुत् : आज्ञात भूत)

(द) हिमालमा सूर्य ......................... । (उदाउः पूर्ण भविष्यत्)

३. **तल दिइएको अनुच्छेदलाई सामान्य वर्तमान कालमा बदल्नुहोस् :**

कुनै गाउँमा लोभी मानिस बस्दथ्यो । उसले कसैलाई केही दिएको थिएन । ऊ अरूको लिन भने विख्यात थियो । ऊ एक दिन अचानक खाडलमा खस्यो । ऊ ठुलो आवाजमा

चिच्यायो । गाउँलेहरू जम्मा भए । गाउँलेहरूले उसको हात समाउन मागे । उसले हात दियो । गाउँलेहरूले उसलाई  बाहिर ताने । उसले लिन मात्र होइन । दिन पनि जान्नु पर्दोरहेछ भन्ने बल्ल बुझ्यो ।

४. **तल दिइएको अनुछेदलाई सामान्य भूतकालमा बदल्नुहोस् :**

अकबर नाम गरेका राजा छन् । उनी भ्यागुताका ज्यादै सौखिन छन् । उनी जिउँदा भ्यागुतालाई नबाँधी र नथुनिकन र धार्नी पारेर ल्याउनेलाई एक धार्नी सुन दिने घोषणा गर्दछन् । दरबारमा भ्यागुता समात्ने प्रतियोगिता हुन्छ । सबैले भ्यागुता जम्मा पार्न खोज्छन् । भ्यागुता उफ्रीउफ्री भाग्छ । कसैले पनि भ्यागुताको धार्नी पुऱ्याउन सक्दैनन् ।

५. **तल दिइएको अनुच्छेदलाई सामान्य भविष्यत् कालमा बदल्नुहोस् :**

बुद्धिप्रसाद नाम गरेको एउटा व्यक्ति थियो । ऊ पढ्न विदेश गयो । विदेशमा पढाइ पूरा गरी आफ्नो देश आयो । उसलाई आफू विद्वान् भएकोमा ठुलो घमण्ड थियो । घर जाने बाटोमा ठुलो नदी थियो । नदी तर्न बुद्धिप्रसाद डुङ्गामा चढ्यो । नदीको छालले डुङ्गा हल्लियो । डुङ्गा चालकले तपाईँलाई पौडिन आउँछ भनेर सोध्यो । बुद्धिप्रसादले आउँदैन भनेर जवाफ दियो । डुङ्गा चालकले तपाईँको जीवन व्यर्थ भयो भन्यो । बुद्धिप्रसादले औपचारिक ज्ञानभन्दा व्यावहारिक शिक्षा ठुलो हुन्छ भन्ने कुरा बुझ्यो ।

६. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) काल भनेको के हो ?

(ख) काल कति प्रकारका छन् ?

(ग) पक्ष भनेको के हो ?

(घ) काल र पक्षमा के फरक छन् ?

(ङ) वर्तमान कालका पक्षहरू कति प्रकारका छन् ? उदाहरणसमेत दिनुहोस् ।

(च) भूतकालका पक्षहरू कति प्रकारका छन् ? उदाहरणसमेत दिनुहोस् ।

(छ) भविष्यत् कालका पक्षहरू कति प्रकारका छन् ? उदाहरणसमेत दिनुहोस् ।

७. **भूतकाल, वर्तमानकाल र भविष्यत्कालका सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त पक्ष पर्ने गरी एक अनुच्छेद लेख्नुहोस् ।**

## परियोजना कार्य

१. **तल दिइएको अनुच्छेदलाई सामान्य वर्तमान कालमा परिवर्तन गर्नुहोस् :**

लता र म बजार जाने छौँ । हामी एक सय रुपैयाँको कलम किन्ने छौँ । हामी पार्कमा घुम्न जाने छौँ । पार्कमा बसेर फोटो खिच्ने छौँ । ती फोटो साथीहरूलाई देखाउने छौँ ।

२. **तल दिइएको अनुच्छेदलाई अपूर्ण वर्तमान कालमा परिवर्तन गर्नुहोस् :**

आज विद्यालयमा चित्रकला प्रतियोगिता भयो । विद्यालयले भाग लिए । निर्णायकले निर्णय गरे । प्रथम हुनेले पुरस्कार पाए । अरू विद्यार्थीहरूले ताली बजाए ।

३. **तल दिइएको अनुच्छेदलाई पूर्ण वर्तमान कालमा परिवर्तन गर्नुहोस् :**

तिमी साइकल चलाउँछौ । तिमी भाइलाई स्कुल पुऱ्याउँछौ । भाइ परीक्षा दिन्छ । तिमी उसलाई पर्खन्छौ । तिमी चार बजे घर आउँछौ ।

४. **तल दिइएको अनुच्छेदलाई सामान्य भूतकालमा परिवर्तन गर्नुहोस् :**

तिमीहरू पोखरा जाँदै छन् । तिमीहरू गाडीमा चढ्दै छन् । तिनीहरू सामान मिलाउँदै छन् । तिनीहरू पोखरामा तीन दिन बस्दै छन् । त्यहाँ तिनीहरूले फेवाताल पनि घुम्दै छन् ।

५. **तल दिइएको अनुच्छेदलाई अपूर्ण भूतकालमा परिवर्तन गर्नुहोस् :**

हाम्रो विद्यालयमा सांस्कृतिक कार्यक्रम भयो । कार्यक्रममा गायक उपस्थित थिए । उनले कार्यक्रमको शुभारम्भ गरे । सांस्कृतिक कार्यक्रममा विभिन्न प्रहसन र नृत्य पनि प्रस्तुत गरियो । दर्शकहरूले भरपुर आनन्द लिए ।

६. **तल दिइएको अनुच्छेदलाई पूर्ण भूतकालमा परिवर्तन गर्नुहोस् :**

पोहर साल पहिरो गयो । पहिरोले घर पुरियो । पहिरोले धेरै जनधनको क्षति भयो । सरकारले क्षतिपूर्तिको व्यवस्था गऱ्यो । जनताले राहतको महशुस गरे ।

७. **तल दिइएको अनुच्छेदलाई अज्ञात भूतकालमा परिवर्तन गर्नुहोस् :**

विद्यार्थीहरू वनभोज गएका थिए । उनीहरूले त्यहाँ आफैले खानेकुरा पकाएर खाएका थिए । रमा र समाले नाचेका थिए । सजनाले गीत गाएकी थिई । सबै विद्यार्थीहरूले खुसी मनाएका थिए ।

८. **तल दिइएको अनुच्छेदलाई अभ्यस्त भूतकालमा परिवर्तन गर्नुहोस् :**

असारमा ठुलो पानी पऱ्यो । किसानहरू हलो लिई खेतमा गए । उनीहरूले आली लगाए । रोपाइँ गरे । रोपाइँ गर्न पाएकोमा उनीहरू खुसी भए ।

९. **तल दिइएको अनुच्छेदलाई भविष्यत् कालमा परिवर्तन गर्नुहोस् :**

म मोटरसाइकल चलाउँदै छु । म लुम्बिनी जान्छु । म बुद्धको दर्शन गर्छु । मैले शान्तिको प्रार्थना गरेको छु । म बेलुका घर फर्कन्छु ।


एकाइ

१४

# शब्दनिर्माण प्रक्रिया

## पढ्नुहोस् र बुझ्नुहोस् :

भाषामा आवश्यकताअनुसार नयाँनयाँ शब्द बनाउने प्रक्रियालाई शब्दनिर्माण प्रक्रिया भनिन्छ । शब्दनिर्माणलाई शब्द व्युत्पादन अथवा शब्दरचना पनि भनिन्छ । नेपाली भाषामा शब्दनिर्माणअन्तर्गत उपसर्ग, परसर्ग, समास, द्वित्व, सन्धि आदिद्वारा शब्द बनाउने प्रक्रियाहरू पर्दछन् ।




| प्रक्रिया | आधार तत्त्व | आधेय तत्त्व | शब्द रचना | निर्मित शब्द |
|---|---|---|---|---|
| सर्ग | प्रहार (शब्द) | प्र (उपसर्ग) | प्र + हार | प्रहार |
| | घोक् (धातु) | अन्ते (प्रत्यय) | घोक् + अन्ते | घोकन्ते |
| समास | भानिज (शब्द) | भानिज (शब्द) | भानिज+ दाइ | भान्दाइ |
| द्वित्त्व | घर (शब्द) | घर (शब्द) | घर + घर | घरघर |
| सन्धि | (शब्द) | दाइ (शब्द) | ठुलो + दाइ | ठुल्दाइ |

एकाइ १५

# उपसर्ग र प्रत्ययद्वारा शब्दनिर्माण प्रक्रिया

## पढ्नुहोस् र बुझ्नुहोस् :

परापूर्व कालमा मानिसहरू जङ्गलमा बस्थे । उनीहरू निरन्तर आफ्नो पेट पाल्ने धन्दामा लागिर हन्थे । त्यसबेला पनि मानिसका दुष्मन हुन्थे । दुष्मनलाई ढुङ्गाले हानेर पराजय गर्थे । पराक्रम गरेर विजय प्राप्त गर्नु उनीहरूको मुख्य ध्येय हुन्थ्यो । विज्ञानले प्रगति गर्दै गएपछि मानिसको जी( वनमा कायापलट हुँदै गायो । अहिले पनि मानिसमा विमेल छ । कोही लेखक छन् । कोही गायन कलामा पोख्त छन् । कोही दाता छन् । कोही द्रष्टा छन् । कोही वक्ता छन् । केही धैर्य गर्छन् । केही घुमक्कड केही बोलक्कड छन् । कोही जोकी छन्, कोही भिक्षु पनि छन् । कोही भारतीय छन् । कोही भुटानी पनि छन् । कोही वेदनमा बाँचेका छन् । कोही खुसीसाथ बाँचेका छन् ।

मूल शब्दका अगाडि लागेर नयाँ नयाँ शब्दको निर्माण गर्ने भाषिक टुक्रालाई उपसर्ग भनिन्छ । यो शब्दका अगाडि लाग्ने हुँदा यसलाई पूर्वसर्ग पनि भनिन्छ ।

प्रचलित प्रमुख उपसर्गहरू

प्र, परा, अप, सम्, अनु, अव, निस्, निर्, दुस्, दुर्, अवि, आ, नि, अधि, अति, सु, उत्, प्रति, परि, उप, अभि ।

| उपसर्ग | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| प्र | प्र + चार | प्रचार |
| | प्र + मुख | प्रमुख |
| | प्र + देश | प्रदेश |
| | प्र + योग | प्रयोग |
| | प्र + भाव | प्रभाव |

| उपसर्ग | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| परा | परा + मर्श | परामर्श |
| | परा + जय | पराजय |
| | परा + वर्तन | परावर्तन |
| | परा + पूर्व | परापूर्व |

| उपसर्ग | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| अप | अप + हरण<br>अप + जस<br>अप + कार<br>अप + वाद | अपहरण<br>अपजस<br>अपकार<br>अपवाद |
| सम् | सम् + कृत<br>सम् + मान<br>सम् + देश<br>सम् + हार | संस्कृत<br>सम्मान<br>सन्देश<br>संहार |
| अनु | अनु +करण<br>अनु + रोध<br>अनु + चर<br>अनु + दान | अनुकरण<br>अनुरोध<br>अनुचर<br>अनुदान |
| अव | अव + ज्ञा<br>अव + धारणा<br>अव + गाल<br>अव + रोध | अवज्ञा<br>अवधारणा<br>अवगाल<br>अवरोध |
| निस् | निस् + छल<br>निस् + चित<br>निस् + पाप<br>निस् + कर्ष | निश्छल<br>निश्चित<br>निष्पाप<br>निश्कर्ष |
| निर् | निर् + आशा<br>निर् +अन्तर<br>निर् + दयी<br>निर् + जन | निराशा<br>निरन्तर<br>निर्दयी<br>निर्जन |

| उपसर्ग | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| दुस् | दुस् + साध्य<br>दुस् + मन<br>दुस् + साहस<br>दुस् + कर्म | दुस्साध्य<br>दुस्मन<br>दुस्साहस<br>दुष्कर्म |
| दुर् | दुर् +दशा<br>दुर् + आत्मा<br>दुर् + गति<br>दुर् + जन | दुर्दशा<br>दुरात्मा<br>दुर्गति<br>दुर्जन |
| वि | वि + कार<br>वि + ज्ञान<br>वि + नम्र<br>वि + जय | विकार<br>विज्ञान<br>विनम्र<br>विजय |
| आ | आ + जन्म<br>आ + देश<br>आ + कार<br>आ + जीवन | आजन्म<br>आदेश<br>आकार<br>आजीवन |
| नि | नि + बन्ध<br>नि + रोध<br>नि + गम<br>नि + कुञ्ज | निबन्ध<br>निरोध<br>निगम<br>निकुञ्ज |
| अधि | अधि + नायक<br>अधि + पति<br>अधि + करण<br>अधि + आदेश | अधिनायक<br>अधिपति<br>अधिकरण<br>अध्यादेश |

| उपसर्ग | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| अति | अति + रिक्त<br>अति + वृष्टि<br>अति + अन्त<br>अति + आचार | अतिरिक्त<br>अतिवृष्टि<br>अत्यन्त<br>अत्याचार |
| सु | सु + कृति<br>सु + वास<br>सु + पुत्र<br>सु + दिन | सुकृति<br>सुवास<br>सुपुत्र<br>सुदिन |
| उत् | उत् + सर्ग<br>उत् + स्थान<br>उत् + पत्ति<br>उत् + पात | उत्सर्ग<br>उत्थान<br>उत्पत्ति<br>उत्पात |
| प्रति | प्रति + रोध<br>प्रति + ज्ञा<br>प्रति + गमन<br>प्रति + रक्षा | प्रतिरोध<br>प्रतिज्ञा<br>प्रतिगमन<br>प्रतिक्षा |
| परि | परि + कल्पना<br>परि + चय<br>परि + क्रम<br>परि + भाषा | परिकल्पना<br>परिचय<br>परिक्रम<br>परिभाषा |
| उप | उप + भोग<br>उप + ग्रह<br>उप + देश<br>उप +चार | उपभोग<br>उपग्रह<br>उपदेश<br>उपचार |

| उपसर्ग | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| अभि | अभि + यान<br>अभि + अस्त<br>अभि + शाप<br>अभि + वादन | अभियान<br>अभ्यस्त<br>अभिशाप<br>अभिवादन |
| अ | अ + काल<br>अ + सहयोग<br>अ + बेला<br>अ + पुग | अकाल<br>असहयोग<br>अबेला<br>अपुग |
| अन | अन + जान<br>अन + आस्था<br>अन + पढ<br>अन + मेल | अन्जान<br>अनास्था<br>अनपढ<br>अनमेल |
| कु | कु + बाटो<br>कु + चक्र<br>कु + दिन<br>कु + भलो | कुबाटो<br>कुचक्र<br>कुदिन<br>कुभलो |
| बि | बि + काम<br>बि + सञ्चो<br>बि + चरो<br>बि + जोग | बिकाम<br>बिसञ्चो<br>बिचरो<br>बिजोग |
| बे | बे + होस<br>बे + नाम<br>बे + कम्मा<br>बे + वास्ता | बेहोस<br>बेनाम<br>बेकम्मा<br>बेवास्ता |

| उपसर्ग | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| बद | बद + नाम<br>बद + नियत<br>बद + नामी<br>बद + मास | बदनाम<br>बदनियत<br>बदनामी<br>बदमास |

| उपसर्ग | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| न | न + राम्रो<br>न + मिठो<br>न + जाति<br>न + मजा | नराम्रो<br>नमिठो<br>नजाति<br>नमजा |

# प्रत्ययद्वारा शब्दनिर्माण

### प्रत्ययको परिचय

मूल शब्द अथवा आधार पदका पछाडि लागेर नयाँनयाँ शब्दको निर्माण गर्ने भाषिक टुक्रालाई प्रत्यय भनिन्छ । जुन मूल शब्दमा प्रत्यय लाग्दछ । त्यस मूल शब्दलाई आधारपद भनिन्छ ।

## नेपालीका प्रचलित प्रत्ययहरू

अक, इत, इन, उक, अनीय, ई, त, ता, ति, तव्य, य, तै/दै, तो /दो, ई, आइ, आउ, आइ, एर, उवा, अक्कड, अन्ते, इलो, आ, आन, आवट, आहा, आ, क, म, इक, ईन, इम, इमा, ईय, तर, तम, मान्, वान्, वत्, वी, शः, आ, आडी, आइँ/याँईं, आइ, औरो, आली, आहा, इया, इलो, ई, ए, एली, एरो, एटो आदि ।

| प्रत्यय | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| अक | लेख् + अक<br>दृश् + अक<br>बद् + अक<br>माप् + अक | लेखक<br>दर्शक<br>बादक<br>मापक |
| अन | भुट् + अन<br>खट् + अन<br>गै + अन<br>सह + अन | भुटन<br>खटन<br>गायन<br>सहन |

| प्रत्यय | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| इत | लिख् + इत<br>पठ् + इत<br>पत् + इत<br>रच् + इत | लिखित<br>पठित<br>पतित<br>रचित |
| उक | भौ + उक<br>इच्छा + उक<br>भिक्ष् + उक | भावुक<br>इच्छुक<br>भिक्षुक |

| प्रत्यय | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| ई | द्रुह् + ई | द्रोही |
| | वद् + ई | वादी |
| | त्याग् + ई | त्यागी |
| | युज् + ई | योगी |
| अनीय | पठ् + अनीय | पठनीय |
| | ग्रह + अनीय | ग्रहणीय |
| | स्मृ + अनीय | स्मरणीय |
| | श्रु + अनीय | श्रवणीय |
| तव्य | ज्ञा + तव्य | ज्ञातव्य |
| | वक् + तव्य | वक्तव्य |
| | मन् + तव्य | मन्तव्य |
| | गम् + तव्य | गन्तव्य |
| ता | दा + ता | दाता |
| | श्रु + ता | श्रोता |
| | दृश् + ता | द्रष्टा |
| | वक् + ता | वक्ता |
| ति | मन् + ति | मति |
| | श्रु + ति | श्रुति |
| | बृद् + ति | बृद्धि |
| | दृष् + ति | दृष्टि |
| य | कृ + य | कार्य |
| | दृश् + य | दृश्य |
| | कथ् + य | कथ्य |
| | वच् + य | वाच्य |
| | धीर + य | धैर्य |
| | दा + य | देय |
| | श्रु + य | श्रव्य |

| प्रत्यय | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| एर | भन् + एर | भनेर |
| | पुर् + एर | पुरेर |
| | हाँस् + एर | हाँसेर |
| | सोच् + एर | सोचर |
| ई | लेख् + ई | लेखी |
| | खाम् + ई | खामी |
| | भन् + ई | भनी |
| | रु + ई | रोई |
| आइ | छाप् + आइ | छपाइ |
| | गर् + आइ | गराइ |
| | बस् + आइ | बसाइ |
| | मिच् + आइ | मिचाइ |
| उवा | सेक+ उवा | सेकुवा |
| | चर् + उवा | चरुवा |
| | थुन् + उवा | थुनुवा |
| | बढ् + उवा | बढुवा |
| अन्ते | ढुक् + अन्ते | ढुकन्ते |
| | उड् + अन्ते | उडन्ते |
| | फिर् + अन्ते | फिरन्ते |
| | रट् + अन्ते | रटन्ते |
| इलो | आँट + इलो | आँटिलो |
| | चम्क + इलो | चम्किलो |
| | खाँद् + इलो | खँदिलो |
| | पोस् + इलो | पोसिलो |
| अक्कड | पिउ + अक्कड | पियक्कड |
| | बुभ् + अक्कड | बुभक्कड |
| | भुल् + अक्कड | भुलक्कड |
| | घुम् + अक्कड | घुमक्कड |

| प्रत्यय | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| आवट | बन् + आवट<br>सज् + आवट<br>चुह् + आवट<br>देख् + आवट | बनावट<br>सजावट<br>चुवावट<br>देखावट |
| आ | शिक्ष् + आ<br>व्यथ् + आ<br>लेख् + आ<br>क्षम् + आ | शिक्षा<br>व्यथा<br>लेखा<br>क्षमा |
| आहा | रिस + आहा<br>घुस् + आहा<br>फाटो + आहा<br>पिर + आहा | रिसाहा<br>घुस्याहा<br>फटाहा<br>पिराहा |
| आ | रक्ष + आ<br>पुष्प + आ<br>वेदन+ आ<br>पूज्य + आ | रक्षा<br>पुष्पा<br>वेदना<br>पूजा |
| इक | लोक + इक<br>वर्ष + इक<br>दिन + इक<br>कल्पना + इक | लौकिक<br>वार्षिक<br>दैनिक<br>काल्पनिक |
| ईय | भवत् + ईय<br>केन्द्र + ईय<br>वर्ग + ईय<br>आत्मा + ईय | भवदीय<br>केन्द्रीय<br>वर्गीय<br>आत्मीय |
| इम | अन्त + इम<br>पश्च + इम<br>स्वर्ण + इम<br>रक्त + इमा | अन्तिम<br>पश्चिम<br>स्वर्णिम<br>रक्तिम |

| प्रत्यय | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| इमा | रक्त + इमा<br>महत् + इमा<br>गुरु + इमा<br>मधुर + इमा | रक्तिमा<br>महिमा<br>गरिमा<br>मधुरिमा |
| ईन | काल + ईन<br>नव + ईन<br>युग + ईन<br>कुल + ईन | कालीन<br>नवीन<br>युगीन<br>कुलीन |
| मान् | श्री + मान्<br>गति + मान्<br>बुद्धि + मान्<br>आयुष + मान् | श्रीमान्<br>गतिमान्<br>बुद्धिमान्<br>आयुषमान् |
| आडी | खेल् + आडी<br>गफ + आडी<br>जुवा + आडी | खेलाडी<br>गफाडी<br>जुवाडी |
| आइँ | चतुर + आइँ<br>धूर्त + आइँ<br>राज + आइँ | चतुऱ्याइँ<br>धुर्त्याइँ<br>रजाइँ |
| आइ | भलो + आइ<br>लामो + आइ<br>गोल + आइ<br>पर + आइ | भलाइ<br>लम्बाइ<br>गोलाइ<br>पराइ |
| औरो | धुप + औरो<br>मुसो + औरो<br>निद + औरो | धुपौरो<br>मुसौरो<br>निदौरो |

| प्रत्यय | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| आहा | रिस + आहा | रिसाहा |
| | ठग + आहा | ठगाहा |
| | फाटो + आहा | फटाहा |
| | पिर + आहा | पिराहा |
| इया | झगडा + इया | झगडिया |
| | हाट + इया | हटिया |
| | थाल + इया | थलिया |
| | सहर + इया | सहरिया |

| प्रत्यय | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| इलो | धार + इलो | धारिलो |
| | रस + इलो | रसिलो |
| | नुन + इलो | नुनिलो |
| | पोष + इलो | पोसिलो |
| ई | नेपाल + ई | नेपाली |
| | हिमाल + ई | हिमाली |
| | चाकर + ई | चाकरी |
| | इमानदार + ई | इमानदारी |

## अभ्यास

१. **उपसर्ग केलाई भनिन्छ ?**

२. **प्रत्यय केलाई भनिन्छ ?**

३. **उपसर्ग र प्रत्ययमा के फरक छ ?**

प्र, सम्, परा, सम्, निस्, दुर्, अधि, उप, सु, अति, प्रति, बद सु, अति, उप ।

४. **तल दिइएका शब्दको बनोट देखाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| विकिरण | = | अनुकरण | = |
| आकर्षण | = | अधिकार | = |
| निराधार | = | बचत | = |
| नकाम | = | संहार | = |
| दुर्दशा | = | पराक्रम | = |
| आकार | = | नालायक | = |

५. **तलका प्रत्ययहरू लगाई दुईदुईओटा शब्दनिर्माण गर्नुहोस् :**

इलो, आन, औली, इत, अनी, आहा, ली, अन्ते, अनी, आरो, उवा, इलो, ना, अडी, आलु, ईय, इयार, अन, अन्त, अक्कड, तव्य, ता, इया ।

६. **तल दिइएका शब्दहरूको बनोट देखाउनुहोस् :**

कथित, सूचित, डुलुवा, माननीय, गायक, कजाइँ, थुनुवा, खाता, चिरान, कटौती,

खेतालो, छेस्केनी, मायालु, बोलक्कड, बनेपाली, होसियार, भलाइ, कृपालु, अन्तिम, केन्द्रीय, जुनेली, गफाडी ।

## परियोजना कार्य

१. तल दिइएका उपसर्ग र प्रत्यय लगाई शब्द बनाउनुहोस् :

(क) उपसर्ग : अ, अब, यि, परा
प्रत्यय : ए, आ, इक, आलु

(ख) उपसर्ग : सु, नु, ठुलो, हर
प्रत्यय : ले, ए इक, ठुलो

(ग) उपसर्ग : न, वि, सु , अप
प्रत्यय : इक, एर, ठुलो, नु

(घ) उपसर्ग : कु, ले, अव, परि
प्रत्यय : एर, आइ, उता, ऐया

एकाइ
१८

# समास प्रक्रियाद्वारा शब्दनिर्माण

## पढ्नुहोस् र बुझ्नुहोस् :

रातदिन पढ्दा पनि पाठ सकिँदैन त । उल्टो सुल्टो दुबै शैलीबाट पढ्नुपर्छ । गुरुआमाले पाठ पढाउनु भयो । राम १४ वर्ष वनबास गएका थिए । झाडा पखालामा जीवन जल खाने बानी राम्रो हो । सयपत्री फूल रोप । चारकासे झाडीमा को जाला ? जङ्गली जनावरबाट बच्नु पर्छ है ।

दुई अथवा दुईभन्दा बढी स्वतन्त्र शब्दहरूको मेलबाट नयाँ शब्द बन्ने प्रक्रियालाई समास भनिन्छ । समास भनेको शब्दहरूको मेल हो । समास प्रक्रियाबाट निर्मित शब्दलाई समस्त शब्द भनिन्छ । समास शब्दलाई दुई अथवा दुईभन्दा बढी शब्दका टुक्रामा विभाजनलाई विग्रह भनिन्छ । जस्तैः

| विग्रह | | समस्त शब्द |
|---|---|---|
| वनलाई मारा | = | वनमारा |
| हर्ता + कर्ता | = | हर्ताकर्ता |
| साउनमा पर्ने झरी | = | साउनेझरी |

माथिको उदाहरणमा वनलाई मारा, हर्ता र कर्ता, साउनमा पर्ने झरी विग्रहका स्वरूप हुन् भने तिनबाट बनेका वनमारा, हर्ताकर्ता र साउनेझरी समस्त शब्द हुन् ।

## समासका प्रकार

शब्दनिर्माण गर्ने प्रक्रियाका आधारमा नेपाली भाषामा समास छ प्रकारका छन् :

(क) तत्पुरुष समास

(ख) कर्मधारय समास

(ग) अव्ययीभाव समास

(घ) द्वन्द्व समास

(ङ) द्विगु समास

(च) बहुब्रीहि समास

## (क) तत्पुरुष समास

दुई शब्दहरूबिच समास हुँदा बिचमा रहेको विभक्ति चिह्न लोप भई एउटै शब्द बन्ने प्रक्रियालाई तत्पुरुष समास भनिन्छ। तत्पुरुष समास प्रक्रियामा पछिल्लो शब्दको अर्थ प्रधान रहन्छ। जस्तै :

| | | | |
|---|---|---|---|
| धनले हीन | = धनहीन | अर्थले उपचार | = अर्थोपचार |
| समाजका निम्ति सेवा | = समाजसेवा | घरलाई भाँड्ने | = घरभँडुवा |
| भाइलाई पिर्ने | = भाइपिराहा | कामलाई लायक | = कामलायक |
| अर्थको शास्त्री | = अर्थशास्त्री | पापबाट मुक्त | = पापमुक्त |
| जन्मदेखि रोगी | = जन्मरोगी | वनमा वास | = वनवास |
| समाजका निम्ति सेवा | = समाजसेवा | घरलाई भाँड्ने | = घरभँडुवा |
| भाइलाई पिर्ने | = भाइपिराहा | भाग्यले हीन | = भाग्यहीन |
| स्नायुको पीडा | = स्नायुपीडा | दयामा वीर | = दयावीर |
| प्रेममा मग्न | = प्रेममग्न | देशबाट निकाला | = देशनिकाला |
| सेवाबाट मुक्त | = सेवामुक्त | आत्मादेखि विश्वास | = आत्मविश्वास |
| अध्ययनलाई पत्र | = अध्ययनपत्र | प्राणलाई दण्ड | = प्राणदण्ड |

## (ख) कर्मधारय समास

नामसँग नाम, विशेषणसँग विशेषण, विशेषणसँग नाम पद मेल भई एउटै शब्द बन्ने प्रक्रियालाई कर्मधारय समास भनिन्छ। यस समास प्रक्रियामा पनि पछिल्लो शब्दको अर्थ प्रधान हुन्छ।

जस्तै :

नाम + नाम

गुरु + आमा = गुरुआमा  हरि + बहादुर = हरिबहादुर

भानिज + दाइ = भान्दाइ  अणु + बम = अणुबम

विशेषण + विशेषण

गाढा + निलो = गाढानिलो  शीत + उष्ण = शीतोष्ण

हर्ता + कर्ता = हर्ताकर्ता  रातो + पिरो = रातोपिरो

विशेषण + नाम

| | | | |
|---|---|---|---|
| कालो + पोका | = कालोपोको | हरेक + घडी | = हरघडी |
| कान्छो + भाइ | = कान्छोभाइ | हरेक + दिन | = हरदिन |

## (ग) अव्ययीभाव समास

अव्यय शब्दसँग अव्यय शब्द अथवा अव्यय शब्दसँग अन्य शब्द मिलेर समास बन्ने प्रक्रियालाई अव्ययीभाव समास भनिन्छ। यस समास प्रक्रियामा पछिल्लो शब्दको अर्थ प्रधान हुन्छ। जस्तै :

| | | | |
|---|---|---|---|
| वरि + परि | = वरिपरि | तल + तिर | = तल्तिर |
| अघि + पछि | = अघिपछि | प्रत्येक + वर्ष | = प्रतिवर्ष |
| हरेक + घडी | = हरघडी | जय + नेपाल | = जयनेपाल |
| साँझ + बिहान | = साँझबिहान | आकाश + पाताल | = आकाशपाताल |

## (घ) द्वन्द्व समास

दुई अथवा दुईभन्दा बढी समान महत्त्व भएका शब्द मिली दुवै शब्दको अर्थ मुख्य भई एउटै शब्द बन्ने प्रक्रियालाई द्वन्द्व समास भनिन्छ। यस समास प्रक्रियामा अघिल्लो र पछिल्लो दुवै शब्द र अर्थ प्रधान हुन्छ । जस्तै :

| | |
|---|---|
| सय अथवा पचास | = सयपचास |
| घाम र पानी | = घामपानी |
| रात र दिन | = रातदिन |
| देव र दानव | = देवदानव |
| जीवन र जल | = जीवनजल |
| पान र सुपारी | = पानसुपारी |
| चिया र पानी | = चियापानी |
| उल्टो र सुल्टो | = उल्टोसुल्टो |

## (ङ) द्विगु समास

विशेषण जनाउने सङ्ख्यावाचक विशेषण शब्द र समूहलाई बुझाउने नाम शब्दको बिच मेल भई एउटै शब्द बन्ने प्रक्रियालाई द्विगु समास भनिन्छ।

यस समास प्रक्रियामा पछिल्लो शब्दको अर्थ प्रधान हुन्छ। जस्तै :

तीन रत्नको समूह = त्रिरत्न

पाँच अमृतको समूह = पञ्चामृत

छ कोणको समूह = षट्कोण

नौँ ग्रहको समूह = नवग्रह

दश कर्मको समूह = दसकर्म

सात दोबाटोको समूह = सातदोबाटो

चार युगको समूह = चतुर्युग

### (च) बहुब्रीहि समास

दुई अथवा दुईभन्दा बढी शब्दकाबिच मेल भई बन्ने तर भिन्न अर्थ मुख्य हुने समासलाई बहुव्रीहि समास भनिन्छ । यस समास प्रक्रियामा अघिल्लो अथवा पछिल्लो शब्द अथवा अर्थ प्रधान नभएर अन्य शब्द र अर्थ प्रधान हुन्छ ।

लामा कान भएको = लामकाने

सय पत्र छन् जसका = सयपत्री

लामा खुट्टा छन् जसका = लामखुट्टे

चन्द्रजस्तो मुख भएकी = चन्द्रमुखी

कुकुरको जस्तो पुच्छर भएको = कुकुरपुच्छ्रे

कागको जस्तो चुच्चो भएको = कागचुच्चे

चराको जस्तो चुच्चो भएको = चरिचुच्चे

बाघको जस्तो जुँगा भएको = बाघजुँगे

चार कुना भएको = चौकुने

चार कोश लम्बाई भएको = चारकोसे

रस नभएको = निरस

## अभ्यास

१. समास भनेको के हो ?

२. समास कति प्रकारका हुन्छन् ? उदाहरण सहित चिनाउनुहोस् ।

३. **तलका समस्त शब्दहरूलाई विग्रह गरी देखाउनुहोस् :**

चौबाटो, गहुँगोरो, भान्दाइ, लामखुट्टे, बेकसुर, बाघचाल, बेस्वाद, पूजाकोठा, वनवास, कालोनिलो, चरणकमल, त्रिनेत्र, दोबाटो, चतुर्भुज, षड्यन्त्र, दशकर्म, पापपुण्य, सानिमा, जेठोबाठो, रातोपिरो, चरणकमल, नवरत्न, सातघुम्ती ।

४. **तलका विग्रहलाई समास गर्नुहोस् :**

दाना नभएको, पानको जस्तो बट्टा छ जसमा, मूल्य नभएको, तीन घुम्तीको समूह, वनको पाले, जग्गाको धनी, लाखको पति, वनमा वास, मार्गमा अवरोध, तल तिर, गुरु आमा, कालो निलो, वनलाई मारा, प्राणलाई दण्ड, अनुभवले हीन, नदीले काटिएको, पितृलाई तर्पण, बाटालाई खर्च, घरलाई खर्च, अनुमतिका लागि पत्र, दुई जिब्रा हुने ।

५. **तलका समस्त शब्दहरू कुन कुन समास अन्तर्गत पर्दछन् छुट्याउनुहोस् :**

वनमारा, अर्थशास्त्री, भाइपिराहा, आत्मविश्वास, समाजसेवा, वनवास, भाग्यहीन, दयावीर, गुरुआमा, भान्दाइ, हर्ताकर्ता, कान्छोभाइ, प्रतिवर्ष, तल्तिर, आकाशपाताल

६. **द्वन्द्व समास र बहुब्रिही समासका शब्दहरू प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :**

७. **तत्पुरुष समासका शब्दहरूको प्रयोग गर्दै तपाईँको घरको पढ्ने कोठाको वर्णन गर्नुहोस् :**



## परियोजना कार्य

१. **तल दिइएका समास शब्दमा गोलो घेरा लगाउनुहोस् :**

खान्छ, भाइमारा, सुख, पढ्छ, चौबाटो, दुःख, गहुँगोरो, देश, दोबाटो, लामपाते, हरघडी, देख्छ, आकार, त्रिभुज, हेर्छ, भन्छ, रातदिन

२. **तल दिइएका शब्द जोडी समास गर्नुहोस् :**

(क) रातमा अन्धो :
(ख) वनमा बास :
(ग) गाईको गोठ :
(घ) घाम र पानी :
(ङ) छ कोणको समूह :
(च) रात र दिन :
(छ) चिया र पानी :
(ज) लामो पात छ जसको :
(झ) हरेक + दिन :
(ञ) लामो + किरो :

३. **तल दिइएका समासलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) सयपत्री :
(ख) पञ्चामृत :
(ग) सुनपानी :
(घ) रातोपिरो :
(ङ) यताउता :
(च) यत्रतत्र :
(छ) अणुबम :
(ज) पञ्चामृत :
(झ) घरखर्च :

४. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| वनलाई मारा | गहुँगोरो |
| तीन देवको समूह | चरिचुच्चे |
| गहुँ झैं गोरो | त्रिदेव |
| वनको पाले | वनमारा |
| चराको जस्तो चुच्चो भएको | वनपाले |

एकाइ १७

# द्वित्व प्रक्रियाद्वारा शब्दनिर्माण

## पढ्नुहोस् र बुझ्नुहोस् :

माथिमाथि हिमालमा हिउँचितुवा पाइन्छ । नायाँनयाँ सोच ल्याउनु राम्रा पक्ष हो । तातोतातो भात खाऊ । गाउँभरि घुम्दा पनि भाले भटिएन । तिमीहरू आलोपालो गरी बस । बसन्त र रमाको चलचलन ठीक छ । सबैले आफ्नोआफ्नो कर्मले प्रगति गर्ने हो । आज गीता किन ओहोरदोहोर गरिरहेकी होलिन् ?

कुनै शब्द दोहोरिएर अथवा डब्लिएर अर्को शब्द बन्ने प्रक्रियालाई द्वित्व भनिन्छ । वर्ण, अक्षर समूह अथवा शब्दको पुनरावृत्ति हुने अथवा कहिले काहीँ ध्वनि समेत परिवर्तन भई शब्दको आवृत्तिबाट शब्दनिर्माण गर्ने प्रक्रिया द्वित्व हो । द्वित्वबाट बनेका शब्दलाई द्विरुक्त शब्द भनिन्छ । द्वित्व नाम, सर्वनाम, विशेषण, अव्यय र क्रियापद सबैको हुन्छ । जस्तो :

| | | |
|---|---|---|
| नामको द्वित्व | – मान्छे + मान्छे | = मान्छेमान्छे |
| सर्वनामको द्वित्व | – तिमी + तिमी | = तिमीतिमी |
| विशेषणको द्वित्व | – कालो + कालो | = कालोकालो |
| अव्ययको द्वित्व | – पछि + पछि | = पछिपछि |
| क्रियापदको द्वित्व | – पद + पद | = पदपद |

## द्वित्वका प्रकार

द्वित्व हुँदा कुनै शब्द पूरै आवृत्ति हुन्छ कुनै शब्दको आधा मात्र आवृत्ति हुन्छ भने कुनै शब्दको चाहिँ ध्वनि परिवर्तन भई तेस्रो रूप निर्माण हुन्छ । यिनै प्रक्रियाका आधारमा द्वित्व तीन प्रकारका हुन्छन् :

### (अ) पूर्ण द्वित्व (शब्द पूरै आवृत्ति हुने)

कुनै शब्द पूरै अथवा जस्ताको तस्तै दोहोरिएर अर्को शब्द बन्ने प्रक्रियालाई पूर्ण द्वित्व भनिन्छ । जस्तै :

माथि + माथि = माथिमाथि

रातो + रातो = रातोरातो

| | | | | |
|---|---|---|---|---|
| नयाँ | + | नयाँ | = | नयाँनयाँ |
| लामा | + | लामा | = | लामालामा |
| तातो | + | तातो | = | तातोतातो |
| बार | + | बार | = | बारबार |
| मन | + | मन | = | मनमन |
| घर | + | घर | = | घरघर |
| वन | + | वन | = | वनवन |
| गाउँ | + | गाउँ | = | गाउँगाउँ |
| खेत | + | खेत | = | खेतखेत |
| हुन्छ | + | हुन्छ | = | हुन्छहुन्छ |
| जो | + | जो | = | जोजो |

### (आ) आंशिक द्वित्व (शब्दको आधा अंश मात्र आवृत्ति)

शब्दको पूरै अंश नभई कुनै अंश मात्र दोहोरिएर अर्को शब्द बन्ने प्रक्रियालाई आंशिक द्वित्व भनिन्छ । जस्तै :

| | | | | |
|---|---|---|---|---|
| आफ्नो | + | आफ्नो | = | आआफ्नो |
| झगडा | + | झगडा | = | झैझगडा |
| सापट | + | सापट | = | सर्सापट |
| फर | + | फर | = | फरर |
| झल्को | + | झल्को | = | झझल्को |
| घडेरी | + | घडेरी | = | घरघडेरी |
| सर | + | सर | = | सरर |
| गहना | + | गहना | = | गर्गहना |
| सानो | + | सानो | = | ससानो |
| कसको | + | कसको | = | ककसको |
| मसला | + | मसला | = | मर्मसला |

### (इ) आपरिवर्तित द्वित्व (ध्वनि परिवर्तन भई नयाँ शब्द बन्ने)

कुनै शब्द दोहोरिएर अर्को शब्द बन्दा कुनै ध्वनिमा परिवर्तन हुन्छ भने त्यस्तो प्रक्रियालाई आपरिवर्तित द्वित्व भनिन्छ । जस्तै :

काट + काट = काटकुट
दोहोरो + दोहोरो = ओहोर दोहोर
भात + भात = भातसात
कान + कान = कानसान
चोर + चोर = चोरसोर
केर + केर = केरकार
सोध + सोध = सोधखोज
बानी + बानी = आनीबानी
टाल + टाल = टालटुल
पालो + पालो = आलोपालो
चाल + चाल = चालढाल

## अभ्यास

१. द्वित्व भनेको के हो ?

२. द्वित्व कति प्रकारका हुन्छन् ? उदाहरणबाट प्रष्ट पार्नुहोस् ।

३. तलका शब्दहरूको द्वित्व गर्नुहोस् :

घाम, कसको, पानी, काट, बानी, काट, मन, सापट, कापी, चोर, काटृ, झल्को, झगडा, सर, तल, राता, लामो, चाल, पालो, काम, बार, पाहुना, खेत, सानो, कल, झल्को ।

४. तलका शब्दको बनोट देखाई द्वित्वका प्रकार सहित लेख्नुहोस् :

सलल, आलोपालो, टिपनटिपन, पानीसानी, भुटभाट, ककसको, सुनसुन, गर्गहना, तलतल, जजसको, झैझगडा, आआफ्नो, भातसात, दालसाल, माडमुड, लुटलाट ।

५. पूर्णद्वित्व र आंशिक द्वित्वका पाँचपाँचओटा शब्द पर्ने गरी दुई अनुच्छेद लेख्नुहोस् :

६. वर्ण, अक्षर, समूह अथवा शब्दको पुनरावृत्ति हुने वा यदाकदा ध्वनिसमेत परिवर्तन भएर शब्दको आवृत्तिबाट शब्द निर्माण गर्ने प्रक्रिया द्वित्व हो । पाठमा दिएको यो भनाइमा तपाईंको केही थप कुरा भन्नु छ ?

## परियोजना कार्य

१. **द्वित्व शब्दमा गोलो घेरा लगाउनुहोस् :**

मानिस, गरगहना, राता, घरघर, ससानो, कलम, जान्छ, झैझगडा, लालावाला, भातसात, पढ्छ, काटकुट

२. **द्वित्व प्रक्रियाबाट शब्द बनाउनुहोस् :**

| | |
|---|---|
| काम + काम : | झल्को + झल्को : |
| राता + राता : | कसको + कसको : |
| नयाँ + नयाँ : | गहना + गहना : |
| चोर + चोर : | कापी + कापी : |
| काम + काम : | लामा + लामा : |
| आफू + आफू | घर + घर : |

३. **तल दिइएका शब्द छुट्याएर लेख्नुहोस् :**

| | |
|---|---|
| ससाना : | माडमुड |
| आनीबानी : | कापीसापी : |
| झैझगडा : | भातसात : |
| ससामान : | पछिपछि : |
| काटकुट : | राताराता : |

४. **तल दिइएका द्वित्व शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

(क) आनीबानी :
(ख) भातसात :
(ग) झैझगडा :
(घ) आलोपालो :
(ङ) ससानो :
(च) घरघर :
(छ) लामालामा :

एकाइ
१८

# सन्धि प्रक्रियाद्वारा शब्दनिर्माण

## पढ्नुहोस् र बुझ्नुहोस् :

महर्षिहरूका विचार अनुसरण गर । लोकोक्तिले ज्ञान बढाउँछ । सदैव पवित्र भावना राख्नु पर्छ । धैर्यताका साथ प्रतिक्षा गर्न सक्नुपर्छ । पहिले राजाहरू एकछत्र राज्य गर्थे । चन्द्रोदय शब्द सुनेर राजाहरू झस्कन्थे । पाहुनाको स्वागत गर्नुपर्छ । हिमगङ्गाको उद्गमूथल उमाकुण्ड हो । तपाईंहरूलाई पुनर्जन्ममा विश्वास छ कि छैन ?

सन्धि भनेको ध्वनिको मेल हो । दुई शब्दमा रहेका स्वर र व्यञ्जन आदिलाई मिलाएर एउटै शब्द बनाउने कार्यलाई सन्धि भनिन्छ । सन्धि हुँदा अघिल्लो शब्दको पछिल्लो ध्वनि र पछिल्लो शब्दको अघिल्लो ध्वनिका बिच मेल भई ध्वनिमा परिवर्तन अथवा विकार आउँछ ।

जस्तै :

सुर + इन्द्र = सुरेन्द्र (अ+इ = ए)

अप + अङ्ग = अपाङ्ग (अ+अ = आ)

गिरि + ईश = गिरीश (इ+ई = ई)

## सन्धिका प्रकार

संस्कृत व्याकरणका अनुसार सन्धि मूलतः तीन प्रकारका छन् :

(क) स्वर सन्धि (ख) व्यञ्जन सन्धि (ग) विसर्ग सन्धि

### (क) स्वर सन्धि

दुई स्वर वर्णका बिच मेल भई अर्को स्वर वर्ण बन्ने प्रक्रियालाई स्वर सन्धि भनिन्छ ।

जस्तै :

| | | | |
|---|---|---|---|
| देव + इन्द्र | = देवेन्द्र | लोको + उक्ति | = लोकोक्ति |
| प्रति + उत्तर | = प्रत्युत्तर | गै + अक | = गायक |
| सु + आगत | = स्वागत | महा + ऋषि | = महर्षि |
| चन्द्र + उदय | = चन्द्रोदय | देश + उन्नति | = देशोन्नति |
| नै + अन | = नयन | पू + अन | = पावन |

| | | | |
|---|---|---|---|
| मत + ऐक्य | = मतैक्य | भानु + उदय | = भानूदय |
| पो + इत्र | = पवित्र | महा + इन्द्र | = महेन्द्र |
| इति + आदि | = इत्यादि | हिम + आलय | = हिमालय |
| प्रति + इच्छा | = प्रतीक्षा | नारी + ईश्वर | = नारीश्वर |

## (ख) व्यञ्जन सन्धि

व्यञ्जन र व्यञ्जन ध्वनिका बिच तथा व्यञ्जन र स्वरका बिच मेल भई व्यञ्जन नै बन्ने सन्धिलाई व्यञ्जन सन्धि भनिन्छ । व्यञ्जन सन्धिमा ध्वनिको परिवर्तन प्रायः पछिल्लो शब्दको अघिल्लो व्यञ्जन अथवा स्वरका आधारमा हुन्छ । जस्तै :

| | | | |
|---|---|---|---|
| सम् + हार | = संहार | उत् + लास | = उल्लास |
| अनु + छेद | = अनुच्छेद | अच् + अन्त | = अजन्त |
| सम् + तान | = सन्तान | किम् + चित | = किञ्चित |
| जगत् + नाथ | = जगन्नाथ | सत् + उपयोग | = सदुपयोग |
| जगत् + ईश्वर | = जगदीश्वर | परि + छेद | = परिच्छेद |
| एक + छत्र | = एकछत्र | सम् + गम | = सङ्गम |
| उद् + गम | = उद्गम | दिक् + अम्बर | = दिगम्बर |

## ग) विसर्ग सन्धि

विसर्गसँग स्वर अथवा व्यञ्जन मिल्दा हुने रूप परिवर्तनलाई विसर्ग सन्धि भनिन्छ । विसर्ग सन्धि हुँदा बिचको विसर्ग (:) पद लोप हुन्छ । जस्तै :

| | | | |
|---|---|---|---|
| निः + जन | = निर्जन | मनः + रथ | = मनोरथ |
| निः + स्वार्थ | = निस्वार्थ | निः + चय | = निश्चय |
| वयः + वृद्ध | = वयोवृद्ध | अन्ततः + गत्वा | = अन्ततोगत्वा |
| निः + काम | = निष्काम | निः + कपट | = निष्कपट |
| नि : + गुण | = निर्गुण | दु : + गन्ध | = दुर्गन्ध |
| पुनः + जन्म | = पुनर्जन्म | पुनः + उक्ति | = पुनरुक्ति |
| दुः + आशा | = दुराशा | निः + प्रयोजन | = निष्प्रयोजन |
| निः + फल | = निष्फल | अधः + गति | = अधोगति |

| | | | |
|---|---|---|---|
| मनः + हार | = मनोहर | तेजः + मय | = तेजोमय |
| मनः + रञ्जन | = मनोरञ्जन | अधः + पतन | = अधोपतन |

## अभ्यास

१. **सन्धि भनेको के हो ?**

२. **सन्धिलाई कति भागमा विभाजन गर्न सकिन्छ ? उदाहरणद्वारा प्रष्ट पार्नुहोस् ।**

३. **तलका शब्दहरूको सन्धि विच्छेद गर्नुहोस् :**

प्रत्येक, मनोरथ, हिमालय, संहार, ठूल्दाइ, सुताहा, सदाचार, निशुल्क, उद्गम, नमस्कार, टोकुवा, रुवाइ, निर्जन, तपोवन, गायक, भावुक, देवेन्द्र, बुनोट, सुताहा, अनुच्छेद, उन्नयन ।

४. **तल दिइएका शब्दहरूको सन्धि गर्नुहोस् :**

| | | | |
|---|---|---|---|
| मनः + रथ | = | निः + छल | = |
| सः + शुल्क | = | जगत् + नाथ | = |
| पर + हित | = | लेख् + आइ | = |
| भानिज + दिदी | = | जा + एको | = |
| वर + तिर | = | कालो + माटो | = |
| पर + तिर | = | पट् + आनन | = |
| चाट् + अनी | = | खा + आइ | = |
| दुःख + अन्त | = | सत् + भावना | = |

५. **तल शब्दहरू कुन कुन सन्धिअन्तर्गत पर्दछन् छुट्याउनुहोस् :**

| | | |
|---|---|---|
| देवेन्द्र | स्वागत | प्रत्युत्तर |
| प्रतीक्षा | जगनाथ | उद्गम |
| वयोवृद्ध | पुनर्जन्म | मनोहर |
| मनोरञ्जन | कालोमाटी | सद्भावना |

६. **पाठको आधारमा दसओटा सन्धि भएका शब्दहरू पर्ने गरी दुई अनुच्छेद लेख्नुहोस् ।**

## परियोजना कार्य

१. **तल दिइएका शब्दहरूको सन्धि विच्छेद गर्नुहोस् :**

(क) देवेन्द्र, उल्लाई, रत्यौली, जनाउ, विद्यार्थी, दुखान्त, भानूदय, स्वागत, प्रत्येक, सङ्घर्ष, दिगम्बर, सङ्कल्प, निश्चय

(ख) तपोवन, सदाचार, अनुच्छेद, बोलाइ, धोई, टोकुवा, उद्गम, दीपावली, कानचिरा, सानिमा, सान्दिदी

२. **तल दिइएका शब्दहरूलाई सन्धि गर्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| जा | + | एको | पर | + | तिर |
| भानिज | + | दिदी | सुख | + | अन्त |
| महा | + | ईश | सः | + | शुल्क |
| वयः | + | वृद्ध | उत् | + | नति |
| सम् | + | सार | जगत् | + | नाथ |
| सत् | + | भाव | पुरः | + | हित |
| वर | + | तिर | लेख् | + | आइ |

एकाइ
१९

# क्रियाको अर्थ अथवा भाव

## पढ्नुहोस् र बुझ्नुहोस् :

सपना पाठ पढ्छे । (सामान्यार्थ)

तपाईं कता जानुभयो । (सामान्यार्थ)

आफ्नो काम आफैं गर । (आज्ञार्थ)

तिमी चाँडो आऊ । (आज्ञार्थ)

म कथा पढूँ । (इच्छार्थ)

राम विद्यालय जाओस् । (इच्छार्थ)

आज पानी पर्ला । (सम्भावनार्थ)

भाइ पुस्तक किन्ला । (सम्भावनार्थ)

वक्ताको मनोभाव अथवा आशय बुझाउने क्रियापदको अर्थलाई भाव भनिन्छ । भावको अभिव्यक्ति क्रियाबाट व्यक्त हुन्छ ।

## क्रियाका अर्थ अथवा भावका प्रकार

क्रियाको भाव अथवा अर्थ

- सामान्यार्थ
- आज्ञार्थ
- इच्छार्थ
- सम्भावनार्थ
- सङ्केतार्थ

### (क) सामान्यार्थ

क्रियापदले बुझाउने कार्य व्यापार सामान्य रूपले भयो अथवा भएन भनी बुझाउने भाव अथवा अर्थलाई सामान्यार्थ भनिन्छ । यसले निश्चित अर्थ प्रकट गर्दछ ।

जस्तै : रमाले परीक्षा दिइन् । हामीले आफ्नो कर्तव्य पूरा गर्नुपर्छ ।

सगरमाथा अग्लो छ । सपना चीन जाने छे ।

### (ख) आज्ञार्थ

कसैलाई आज्ञा र आदेश अथवा अनुरोध गर्दा प्रयोग गरिने क्रियाको भावलाई आज्ञार्थ भनिन्छ । आज्ञार्थका क्रियापद प्रथम पुरुष र तृतीय पुरुषमा हुँदैन । यो द्वितीय पुरुषमा मात्रै हुन्छ । जस्तै :

तिमी विद्यालय जाऊ ।

तँ चिठी लेख् ।

तपाईँ खाना खानुहोस् ।

तिमीहरू पाठ पढ ।

### (ग) इच्छार्थ

वक्ताको इच्छा, अनुभूति, उपदेश, आशीर्वाद बिन्ती, उपदेश आदि भावलाई व्यक्त गर्ने क्रियालाई इच्छार्थ भनिन्छ । इच्छार्थको प्रयोग तीनै कालमा हुन्छ । यसमा कालको भेद हुँदैन । जस्तै :

म पाठ पढुँ ।

ऊ कार्यालय जाओस् ।

हामी फुटबल खेलौँ ।

उनीहरू बजार जाऊन् ।

### (घ) सम्भावनार्थ

वक्ताले गरेको अनुमान, सम्भावना, अड्कल आदि अनिश्चयको भाव बुझाउने क्रियालाई सम्भावनार्थ भनिन्छ । जस्तै :

ऊ गीत सुन्ला

आज पानी पर्ला ।

हामी मिलेर काम गरौँला ।

नदीमा बाढी आउला ।

### (ङ) सङ्केतार्थ

कार्य र कारण सम्बन्ध भएको वाक्यलाई सङ्केतार्थ भनिन्छ । सङ्केतार्थमा दुई ओटा क्रियापद हुनै पर्छ जसमध्ये एउटाले कार्य र अर्कोले कारण देखाएको हुन्छ । जस्तै :

पानी पऱ्यो भने हिलो हुन्छ ।

तिमी आए म पनि जाउँला ।

उनीहरू आए रमाइलो होला ।

तिमीले पढेका भए प्रथम हुने थियौ ।

तिमी विदेश नगए राम्रो हुन्थ्यो ।

## अभ्यास

१. **कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) म विद्यालय जान्छु । (इच्छार्थ)

(ख) तिमी कथा सुन्छौ । (आज्ञार्थ)

(ग) आज पानी पर्छ । (सम्भावनार्थ)

(घ) हरि पढ्न जान्छ । (इच्छार्थ)

(ङ) बहिनी राम्री होलिन् । (सङ्केतार्थ)

(च) तँ असल बन्छस् । (आज्ञार्थ)

(छ) परिश्रम गर्नुपर्छ । फल पाइन्छ । (सङ्केतार्थ)

(ज) सपना चीनमा बस्छिन् । (इच्छार्थ)

(झ) आमा मन्दिरमा जानुभएको छ । (इच्छार्थ)

(ञ) हरि प्रथम भयो । (सम्भावनार्थ)

२. **कोष्ठकमा दिइएको धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् :**

(क) राधाले गीत ________ । (गाउ : सामान्यार्थ)

(ख) गृहकार्य ________ । (गर् : इच्छार्थ)

(ग) तिमीहरू भात ________ । (खा : आज्ञार्थ)

(घ) बहिनी विद्यालय ________ । (जाः इच्छार्थ)

(ङ) हामी घुम्न ________ । (जा : सम्भावनार्थ)

(च) म प्रथम ________ । (हु : सम्भावनार्थ)

(छ) बादल लाग्यो भने पानी ________ । (पर : सङ्केतार्थ)

(ज) आमा भात ________ । (पकाउ : आज्ञार्थ)

(झ) तैँले आफ्नो काम ________ । (गर् : इच्छार्थ)

(ञ) दिदी भरे ________ । (आउ : सामान्यार्थ)

३. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) क्रियाको भाव अथवा अर्थ भनेको के हो ?

(ख) सामान्यार्थ भनेको के हो

(ग) सम्भावनार्थ र सङ्केतार्थ भावको परिचय दिनुहोस् ।

(घ) आज्ञार्थ भनेको के हो ?

(ङ) इच्छार्थ भनेको के हो ?

४. **तलका वाक्यमा कुनकुन भाव र अर्थ प्रयोग भएको छ छुट्याउनुहोस् :**

(क) हरि, श्यामा र ताराले परीक्षा दिए । (ख) म पाठ पढ्छु ।

(ग) आमा झट्टै जानुहोस् । (घ) पर्सी पानी पर्ला ।

(ङ) दिदीले पुस्तक किन्नु होला । (च) भाइ विद्यालय जाओस् ।

(छ) तिमी चिठी लेख । (ज) हजुरआमाले कथा भन्नुहोला ।

(झ) नदीको पानी सङ्लो होला । (ञ) म आएपछि तिमी जाउला ।

(ट) सुजनाले राम्ररी पढिदिए हुन्थ्यो ।

(ठ) मामाहरू आउनुभयो भने घरमा रमाइलो होला ।

## परियोजना कार्य

१. **तल दिइएको तालिकामा क्रियापदको मिल्ने रूप लेख्नुहोस् :**

| क्रियामूल | सामान्यार्थ | आज्ञार्थ | इच्छार्थ | सम्भावनार्थ |
|---|---|---|---|---|
| खानु<br>जानु<br>बस्नु<br>सुत्नु<br>पिउनु<br>लेख्नु | | | | |

२. तालिकामा दिइएका क्रिया कुन कुन भाव अन्तर्गत पर्दछन् ? छुट्याउनुहोस् :

| क्रियापद | |
|---|---|
| खेल्छ<br>जाला<br>पढ्छु<br>हेर<br>बस्छ<br>होला<br>गएस<br>नाच्छेस्<br>जान्छेस्<br>पढ्छिन् | |

३. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) रमा विद्यालय जान्छे । (आज्ञार्थ)

(ख) रमेश पौडी खेल्छ । (इच्छार्थ)

(ग) उसले कलम किनोस् । (सम्भावनार्थ)

(घ) घाम लागेको छ । (सम्भावनार्थ)

(ङ) हरि पाठ पढ्छ । (इच्छार्थ)

४. तल दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) नेपालले फुटबल प्रतियोगितामा भाग लिन्छ । (सम्भावनार्थ)

(ख) मुसलमानहरू हर्ज भर्न मक्का जाँदै छन् । (इच्छार्थ)

(ग) उनीहरू सगमारथा आरोहण गर्लान् । (सम्भावनार्थ)

(घ) तिमी तरकारी खेती गरी पैसा कमाउँछौ । (आज्ञार्थ)

(ङ) मेलम्चीको पानी काठमाडौँवासीले खाने छन् । (सम्भावनार्थ)

एकाइ
२०

# प्रेरणार्थक

## पढ्नुहोस् र बुझ्नुहोस् :

| अप्रेरणार्थक वाक्य | प्रेरणार्थक वाक्य |
|---|---|
| भाइ सुत्छ । | आमा भाइलाई सुताउनुहुन्छ । |
| हरि पाठ पढ्छ । | गुरु हरिलाई पाठ पढाउनुहुन्छ । |
| सीता मिहिनेत गर्छिन् । | दिदी सीतालाई मिहिनेत गराउनुहुन्छ । |
| छोरी नुहाउँछे । | राधा छोरीलाई नुहाउन लगाउँछे । |

माथिको (क) वर्गका वाक्यमा कर्ताले आफैं काम गरेको छ । माथिको (ख) वर्गका वाक्यमा कर्ताले आफैँले काम नगरी अर्कालाई काम गर्न प्रेरणा दिइएको छ ।

काम गर्न प्रेरित गर्ने क्रियालाई प्रेरणार्थक भनिन्छ ।

## प्रेरणार्थक वाक्यान्तरण प्रक्रिया

अप्रेरणार्थक वाक्यलाई प्रेरणार्थक वाक्यमा परिवर्तन गर्दा निम्न तरिकाहरू अपनाउनुपर्छ :

(क) प्रेरक कर्ता नयाँ आफैँ थप गर्ने,

(ख) कर्तापदमा 'लाई' विभक्ति जोडेर प्रेरित कर्ता कर्ममा बदल्ने,

(ग) क्रियापदको धातुमा 'आउ' प्रत्यय थपेर प्रेरणार्थक क्रियापद बनाउने,

(घ) प्रेरणार्थक क्रियापदलाई प्रेरक कर्ताका लिङ्ग, वचन र पुरुष अनुसार मिलाएर क्रियापद राख्ने,

(ङ) क्रियापद जुन काल, पक्ष र भाव हो त्यसैमा बदल्ने ।

## उदाहरण

| अप्रेरणार्थक | प्रेरणार्थक |
|---|---|
| राम ज्ञानी छ । | गुरु रामलाई ज्ञानी हुन लगाउनुहुन्छ । |
| भाइ हिँड्छ । | आमा भाइलाई हिँडाउनुहुन्छ । |
| सविना गीत सुन्छिन् । | दाजु सविनालाई गीत सुनाउनुहुन्छ । |
| बहिनी रोई । | हरिले बहिनीलाई रुवायो । |
| मैले दुध पिएँ । | राधाले मलाई दुध पिलाई । |
| गोपाल चिठी लेख्छ । | दाजु गोपाललाई चिठी लेखाउनुहुन्छ । |
| म पोखरा घुमेको छु । | रामले मलाई पोखरा घुमाएको छ । |

## अभ्यास

१. **तलका वाक्यलाई प्रेरणार्थकमा परिवर्तन गर्नुहोस् :**

(क) म पाठ पढ्छु ।
(ख) राधाले घडी किनी ।
(ग) भाइ रुन्छ ।
(घ) मैले गृहकार्य गरेँ ।
(ङ) सीताले खाना खाई ।
(च) म गीत गाउँछु ।
(छ) भाइले नाटक हेर्‍यो ।
(ज) ऊ चिठी लेख्दै छ ।
(झ) सपना नुहाउँछे ।
(ञ) दावा खेल्न जान्छ ।
(ट) सफल शिक्षक भयो ।
(ठ) म बहिनीलाई नचाउँछु ।

२. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) कस्ता वाक्यलाई प्रेरणार्थक वाक्य भनिन्छ ?
(ख) वाक्य परिवर्तन गर्दा के कस्ता तरिकाहरू अपाउनुपर्छ ?

## परियोजना कार्य

१. **तल दिइएका प्रेरणार्थक धातुलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

| | | |
|---|---|---|
| पढाउ | चढाउ | खेलाउ |
| लेखाउ | सिकाउ | बसाउ |
| मनाउ | गराउ | बसाउ |

२. **तल दिइएका धातुलाई प्रेरणार्थक धातु बनाउनुहोस् :**

काट्, चल्, देख्, गुड्, राख्, काम्, गर्, चढ्, बोल्, खा, फुल्, गोड्, सुक्

३. **तल दिइएका वाक्यलाई प्रेरणार्थक वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) भाइ सुकुलमा सुत्छ ।

(ख) प्रहरी चोरलाई समात्छन् ।

(ग) सरला हिँड्छे ।

(घ) दावा पौडी खेल्छ ।

(ङ) पुकार कानुन पढ्छ ।

(च) उसले चिठी लेख्यो ।

(छ) ठुली बहिनी धेरै रुन्छे ।

(ज) तिमीले नेपाली पनि पढेका छौ ?

(झ) हामी केरा खान्छौँ ।

(ञ) तँ उसलाई भेट्छस् ।

(ट) मैले गाईलाई पानी दिएँ ।

(ठ) आमाले खाना पस्कनुभयो ।

(ड) लक्ष्मीले सुन्तला बेचिन् ।

एकाइ

२१

# वाच्य

## पढ्नुहोस् र बुझ्नुहोस् :

सवीताद्वारा सुन्तलाहरू खाइन्छन् । तपाईं पुस्तक लेख्नुहुन्छ । श्यामबाट कविताहरू लेखिए । म द्वारा कथा लेखिएला । हामीबाट बिरुवा रोपिन्छन् । आफू त सबेरै उठिन्छ । तिमीले आमालाई के भन्यौ हँ ? गृहकार्यहरू गरिए । वाचकहरू देखिँदैनन् । आज कहा पुगिएला ? निकै थाकियो । सविन पनि आएछ ।


| | | | |
|---|---|---|---|
| (क) | राम | पाठ | पढ्छ । |
| | पुलिङ्ग | | पुलिङ्ग |
| | एकवचन | | एकवचन |
| | तृतीय पुरुष | | तृतीय पुरुष |
| (ख) | रामद्वारा | भाइ | कुटिन्छ । |
| | पुलिङ्ग | | पुलिङ्ग |
| | एकवचन | | एकवचन |
| | तृतीय पुरुष | | तृतीय पुरुष |
| (ग) | बहिनी | | द्वारा रोइन्छ । |
| | स्त्रीलिङ्ग | | स्त्रीलिङ्ग |
| | एकवचन | | एकवचन |
| | तृतीय पुरुष | | तृतीय पुरुष |
| | सामान्य आदर | | सामान्य आदर |

(वाच्यमा कर्ता, कर्म र भाव अनुसार क्रियापद प्रयोग गरिन्छ ।)

वाक्यमा प्रयोग भएका कर्ता, कर्म अथवा भावमध्ये कुनै एकलाई जोड दिएर भनिएको कथन अथवा भनाइलाई वाच्य भनिन्छ ।

## वाच्यका प्रकार

नेपालीमा वाच्य तीन प्रकारका छन् :




### (क) कर्तृवाच्य

कर्ताको लिङ्ग, वचन र आदरअनुसार क्रियापद प्रयोग भएको वाच्यलाई कर्तृवाच्य भनिन्छ । कर्तृवाच्यमा कर्ताको प्रभुत्त्व रहन्छ । यो सकर्मक र अकर्मक दुवै क्रियाबाट बन्छ । जस्तै :

| सकर्मक कर्तृवाच्य | अकर्मक कर्तृवाच्य |
|---|---|
| मैले भात खाएँ । | म विद्यालय गएँ । |
| ऊ पाठ पढ्छ । | तिमी कहिले जान्छौ ? |
| राम कथा लेख्छ । | राम धेरै हाँस्छ । |

### (ख) कर्मवाच्य

कर्मको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद प्रयोग भएको वाच्यलाई कर्मवाच्य भनिन्छ । कर्मवाच्यमा कर्म प्रमुख हुन्छ । कर्म वाच्यमा सकर्मक क्रियाको मात्र प्रयोग हुन्छ । जस्तै :

| | |
|---|---|
| रामद्वारा खाना खाइन्छ । | आमाबाट खाना बनाइयो । |
| दाजुद्वारा फुटबल खेलियो । | सरोजबाट कार्यक्रम गरियो । |

### (ग) भाववाच्य

क्रिया अथवा भाव मुख्य हुने वाच्यलाई भाववाच्य भनिन्छ । भाववाच्यमा क्रियाको भाव मुख्य हुन्छन् । यसमा अकर्मक क्रियाको मात्र प्रयोग हुन्छ । जस्तै :

| | |
|---|---|
| मद्वारा रोइयो । | आफू त आज गइन्छ । |
| सानीद्वारा नाचिन्छ । | उनीहरूबाट खुब हाँसिन्छ । |

## वाच्य परिवर्तन

एउटा वाच्यमा रहेको वाक्यलाई अर्को वाच्यमा परिवर्तन गर्नुलाई वाच्य परिवर्तन भनिन्छ ।

### (क) कर्तृवाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्ने नियमहरू :

(१) कर्तामा द्वारा/बाट विभक्ति जोडेर त्यसलाई करण बनाइन्छ र कर्ता लोप पनि हुन सक्छ ।

(२) क्रिया पदको धातुमा 'इ' जोडेपछि मात्र अरू प्रत्ययहरू जोडिन्छन् ।

(३) कर्मलाई उद्देश्य बनाइन्छ अर्थात् कर्म जुन लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद प्रयोग गरिन्छ ।

(४) क्रियापदका काल, पक्ष, भाव परिवर्तन गरिँदैन ।

(५) कर्ममा जोडिएको 'लाई' विभक्ति हटाउनुपर्छ ।

(६) आज्ञार्थ र इच्छार्थ क्रियापद भएका धातुपछि 'इ' जोडिएपछि एकवचन भए 'योस्' र बहुवचन भए 'यून' जोड्नुपर्छ ।

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| तिमी चिठी लेख । | तिमीद्वारा चिठी लेखियोस् । |
| सूर्यले ताप दिन्छ । | सूर्यद्वारा ताप दिइन्छ । |
| रामले कार्यक्रम गऱ्यो । | रामबाट कार्यक्रम गरियो । |
| तिमी गीत गाउँछौ । | तिमीद्वारा गीत गाइन्छ । |
| रमाले भात पकाइन् । | रमाद्वारा भात पकाइयो । |
| गोपालले कलम किन्ने छ । | गोपालद्वारा कलम किनिने छ । |

## (ख) कर्तृवाच्यलाई भाववाच्यमा परिवर्तन गर्ने नियमहरू

(१) भाववाच्यमा कर्ता राख्नु परेमा 'द्वारा' अथवा 'बाट' जोडिन्छ तर प्रायः राखिँदैन ।

(२) 'म' लाई आफूमा परिवर्तन गर्न सकिन्छ ।

(३) क्रियापदको धातुमा 'इ' जोडिन्छ ।

(४) भाववाच्यमा अर्थ अथवा भाव नै प्रधान हुने भएकाले क्रियापद सधैँ पुलिङ्ग एकवचन, तृतीय पुरुष र सामान्य आदरमा राखिन्छ ।

(५) कर्तृवाच्यको क्रियापद जुन काल, पक्ष र भावमा छ सोही काल, पक्ष र भावका प्रयोग गर्नुपर्छ ।

(६) आज्ञार्थ र इच्छार्थ क्रियापद भएमा धातुमा इ+योस् प्रत्यय थपेर भाववाच्य बनाइन्छ ।

| कर्तृवाच्य | भाववाच्य |
|---|---|
| राम घर जान्छ । | रामद्वारा घर गइन्छ । |
| म सुतेँ | आफूद्वारा सुतिन्छ । |
| ऊ बेसरी हाँस्यो । | उद्वारा बेसरी हाँसियो । |
| भाइ रुन्छ । | भाइद्वारा रोइन्छ । |
| ऊ उत्तीर्ण होला । | ऊद्वारा उत्तीर्ण भइएला । |

## (ग) कर्मवाच्यलाई कर्तृवाच्यमा परिवर्तन गर्ने नियमहरू :

(१) कर्तामा लागेको द्वारा/बाट हटाएर त्यसलाई उद्देश्य बनाइन्छ ।

(२) कर्ता लोप भएको छ भने इच्छाअनुसार कर्ता थपिन्छ ।

(३) कर्ता अथवा उद्देश्य बनेको कर्मलाई कारक बनाउने र आवश्यक छ भने 'लाई' विभक्ति थप्नुपर्छ ।

(४) क्रियापदको धातुबाट 'इ' झिक्नुपर्छ ।

(५) कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद प्रयोग गर्नुपर्दछ ।

| कर्मवाच्य | कर्तृवाच्य |
|---|---|
| उद्वारा कर्णाली पुल हेरिन्छ । | ऊ कर्णाली पुल हेर्छ । |
| रामद्वारा श्याम कुटियो । | रामले श्यामलाई कुट्यो । |
| गुरुद्वारा पाठ पढाइयो । | गुरुले पाठ पढाउनुभयो । |
| उनीहरूबाट कथा लेखियो । | उनीहरूले कथा लेखे । |
| सीताद्वारा भात पकाइयो । | सतिाले भात पकाइन् । |

## अभ्यास

**१. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| कर्तृवाच्य | मद्वारा गीत गाइयो । |
| कर्मवाच्य | आफू त सुतियो । |
| भाववाच्य | हरि घर जान्छ । |

**२. तल दिइएका वाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् :**

(क) उनी पाठ पढुन् ।

(ख गरिबलाई सहयोग गर ।

(ग) रामले भाइलाई कुट्यो ।

(घ) दीपक बल खेल्छ ।

(ङ) दाइ कविता लेख्नुहुन्छ ।

(च) गुरुले हिसाब सिकाउनुभयो ।

(छ) राम कलम फाल्छ ।

**३. तल दिइएका वाच्यलाई भाववाच्यमा परिवर्तन गर्नुहोस् :**

(क) म त सुतेँ ।

(ख) राम विद्यालय जान्छ ।

(ग) ऊ भोलि आउला ।

(घ) राम त भुसुक्क निदाएछ ।

(ङ) भाइ रुँदै छ ।　　(च) तँ कहाँ गएको थिइस् ?

(छ) तिनीहरू मेचमा बसे ।

४. **तल दिइएका वाक्यलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :**

(क) बाटामा केटाहरू भेटिए ।　　(ख) मद्वारा पुस्तक लेखियो ।

(ग) आज निकै बेर पढियो ।　　(घ) आमाद्वारा म बोलाइएँ ।

(ङ) आफूले त खाना खाइयो ।　　(च) रामबाट रावण मारियो ।

(छ) गोपालद्वारा गीत गाइयो ।

५. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) वाच्य भनेको के हो ?　　(ख) वाच्य कति प्रकारका छन् ?

(ग) कर्तृवाच्य भनेको के हो ?　　(घ) भाववाच्य भनेको के हो ?

६. **कर्तृवाच्य र भाववाच्यका शब्दहरू प्रयोग गर्दै एक अनुच्छेद लेख्नुहोस् ।**

## परियोजना कार्य

१. **कोष्ठमा दिइएका सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :**

(क) सनिता परीक्षा दिन्छे । (कर्म वाच्य)　　(ख) उनीहरू त खुब नाचे । (भाव वाच्य)

(ग) ऊ स्याउ खाओस् । (कर्म वाच्य)　　(घ) आफू त हाँसिन्छ । (कर्तृ वाच्य)

२. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :**

(क) भाइ निदायो । (भाव वाच्य)　　(ख) तँद्वारा कविता लेखिन्छ । (कर्तृ वाच्य)

(ग) तिमीले खाना खाएछौ । (कर्म वाच्य)　　(घ) रमा गीत गाउँछे । (कर्म वाच्य)

३. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :**

(क) जनक क्रिकेट खेल्दै थियो । (कर्म वाच्य)

(ख) म दिदीलाई काम सघाउँछु । (कर्म वाच्य)

(ग) समाद्वारा खाना पकाइयो । (कर्तृ वाच्य)

(घ) तपाईं बजार जानुभएको छ । (भाव वाच्य)

४. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :**

(क) तिमी घर जाऊ । (भाव भाच्य)

(ख) उद्वारा गोपाल कुटिएको छ । (कर्तृ वाच्य)

(ग) म त मेचमा बस्छु । (भाव वाच्य)　　(घ) मिना पुस्तक पढ्दै छे । (कर्म वाच्य)

एकाइ
२२

# पदसङ्गति

## पढ्नुहोस् र बुझ्नुहोस् :

तल दिइएका वाक्यहरू पढ्नुहोस् :

| पदसङ्गति नमिलेका वाक्य | पदसङ्गति मिलेका वाक्य |
|---|---|
| म भात खान्छ । | म भात खान्छु । |
| तिमी पढ्न जान्छ । | तिमी पढ्न जान्छौ । |
| आमाले घाँस काट्यो । | आमाले घाँस काट्नुभयो । |
| रमा मलाई भेट्छ । | रमा मलाई भेट्छे । |
| विद्यार्थीहरू घुम्न जान्छ । | विद्यार्थीहरू घुम्न जान्छन् । |
| उनीहरू हाँस्छ । | उनीहरू हाँस्छन् । |
| ऊ घर जानुहुन्छ । | ऊ घर जान्छ । |

वाक्यमा प्रयोग गरिएका शब्दहरूबिचको आपसी मेललाई पदसङ्गति भनिन्छ । वाक्यमा प्रयोग भएको कर्ता (उद्देश्य) र क्रियापद (विधेय) का बिचमा विशेषण र विशेष्य, नाम र सर्वनामका बिचमा लिङ्ग, वचन, पुरुष र आदरार्थीको मेल हुनुपर्छ ।

## पदसङ्गतिका प्रकार

### (क) कर्ता र क्रियामा पदसङ्गति

वाक्यमा रहेको कर्ता जुन लिङग, वचन, पुरुष र आदरको प्रयोग हुन्छ सोही आधारमा क्रियापदको प्रयोग हुनु कर्ता र क्रियापदको बिचको पदसङ्गति हो । यसलाई पनि विभिन्न भागमा विभाजन गरिन्छ ।

#### (अ) लिङ्गअनुसार पदसङ्गति

वाक्यमा रहेको कर्ता जुन लिङ्गको छ सोही आधारमा क्रियापदको प्रयोग गर्नुलाई

लिङ्गअनुसार पदसङ्गति भनिन्छ ।

जस्तै :

| लिङ्ग | कर्ता | | क्रिया |
|---|---|---|---|
| पुलिङ्ग | तँ | घर | जान्छस् । |
| | भाइ | पढ्न | जान्छ । |
| | ऊ | गीत | गाउँछ । |
| स्त्रीलिङ्ग | तँ | घर | जान्छेस् । |
| | बहिनी | पढ्न | जान्छे । |
| | ऊ | गीत | गाउँछे । |

## (आ) वचनअनुसार पदसङ्गति

वाक्यमा रहेको कर्ता जुन वचनको छ सोही आधारमा क्रियापद प्रयोग गर्नुलाई वचनअनुसार पदसङ्गति भनिन्छ । जस्तै :

| वचन | कर्ता | | क्रिया |
|---|---|---|---|
| एकवचन | म | पाठ | पढ्छु । |
| | तँ | खेल्न | जा । |
| | राम | घर | गयो । |
| बहुवचन | हामी | पाठ | पढ्छौँ । |
| | तिमीहरू | खेल्न | जाओ । |
| | रामहरू | घर | गए । |

## (इ) पुरुषअनुसार पदसङ्गति

वाक्यमा रहेको कर्ता जुन पुरुषमा छ सोही आधारमा क्रियापदको प्रयोग गर्नुलाई पुरुषअनुसार पदसङ्गति भनिछ । जस्तै :

| पुरुष | कर्ता | | क्रिया |
|---|---|---|---|
| प्रथम पुरुष | म | गीत | गाउँछु । |
| | हामी | गीत | गाउँछौँ । |
| द्वितीय पुरुष | तँ | गीत | गाउँछस् । |
| | तिमी | गीत | गाउँछौ । |
| | तपाईँ | गीत | गाउनुहुन्छ । |

| | | | |
|---|---|---|---|
| तृतीय पुरुष | ऊ | गीत | गाउँछ । |
| | उनी | गीत | गाउँछिन् । |
| | त्यो | गीत | गाउँछ । |
| | उनीहरू | गीत | गाउँछन् । |

### (ख) आदरार्थीअनुसार पदसङ्गति

कर्ता जुन आदरार्थीमा छ सोही आधारमा क्रियापद प्रयोग गर्नुलाई आदरार्थीअनुसार पदसङ्गति भनिन्छ । जस्तै :

| आदर | कर्ता | | क्रिया |
|---|---|---|---|
| सामान्य आदर | तँ | पाठ | पढ्छस् । |
| मध्यम आदर | तिमी | पढ्न | जान्छौ । |
| उच्च आदर | तपाईँ | पढ्न | जानुहुन्छ । |
| अतिउच्च आदर | हजुर | पढ्न | गइबक्सिन्छ । |

### (ग) नाम र सर्वनामका बिच पदसङ्गति

वाक्यमा आएका नामपद जुन लिङ्ग, वचन, पुरुष र आदरको छ, त्यस नामको सट्टामा सर्वनाम प्रयोग गर्नुलाई नाम र सर्वनामका बिच पदसङ्गति भनिन्छ ।

जस्तै :

क) राम धेरै पढ्छ । ऊ परीक्षामा प्रथम हुन्छ ।

ख) विद्यार्थीहरू गीत गाउँछन् । उनीहरू नाच्छन् ।

ग) बहिनी विद्यालयबाट आई । ऊ पढ्न बसी ।

### (घ) विशेषण र विशेष्यका बिच पदसङ्गति

विशेष्य जुन लिङ्ग, वचन र आदरको छ सोही आधारमा विशेषण प्रयोग गर्नुलाई विशेषण र विशेष्यका बिच पदसङ्गति भनिन्छ । जस्तै :

| | |
|---|---|
| कान्छो भाइ अग्लो छ । | (पुलिङ्ग, एकवचन) |
| सानी छोरी गोरी छे । | (स्त्रीलिङ्ग, एकवचन) |
| साना केटाहरू काला छन् । | (पुलिङ्ग बहुवचन) |

## (ङ) भेदक र भेद्यबिच पदसङ्गति

भेदक भनेको षष्ठी विभक्ति को, का, की, रो, रा, री, नो, ना, नी लागेको शब्द हो । भेद्य भनेको भेदक पछाडिको शब्द हो । यिनै भेदक र भेद्य शब्दका बिच हुने पदमेललाई भेदक र भेद्यबिचको पदसङ्गति भनिन्छ । जस्तै :

| | |
|---|---|
| रामको साथी गयो । | (एकवचन, पुलिङ्ग) |
| श्यामकी दिदी आउनुभयो । | (एकवचन, स्त्रीलिङ्ग) |
| हरिका भाइहरू गए । | (दुवै लिङ्ग, बहुवचन) |

## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| (क) | म बजार | खेल्छ |
| (ख) | हामी पढ्न | काट्छिन् । |
| (ग) | ऊ चौरमा | गाउँछिन् । |
| (घ) | उनी घाँस | बोल्छस् । |
| (ङ) | तिनी गीत | जान्छु । |
| (च) | तँ सत्य कुरा | जान्छौँ । |

२. **तल दिइएका अशुद्ध वाक्यलाई पदसङ्गति मिलाएर लेख्नुहोस् :**

(क) तपाईँ मेचमा बस् ।

(ख) म भात खायो ।

(ग) भाइ फुटबल खेल्नुभयो ।

(घ) सीता खेतमा काम गर्छ ।

(ङ) गुरु कक्षामा आयो ।

(च) उनीहरू पढ्न जान्छ ।

(छ) हामी गीत गाउँछ ।

(ज) भाइहरू बजार जान्छ ।

(झ) बुबा घर जान्छ ।

(ञ) बहिनी विद्यालय आयो ।

३. **तलको अनुच्छेदमा आएका वाक्यलाई पदसङ्गति मिलाएर पुनर्लेखन गर्नुहोस् :**

मानिस समाजको एक सचेत प्राणी हुन्छन् । समाजमा बस्ने मानिसहरू असल र खराब दुवै किसिमका हुन्छ । खराब मानिसहरूले समाजमा अशान्ति मच्चाउने गर्छ । असल मानिसले समाजको भलो चाहन्छौ । असल मानिसमा आदर्श हुन्छन् । आफ्नो आदर्श समाजमा देखाउनुपर्छ । आदर्श व्यक्तिलाई सबैले आदर र सम्मान गर्छ ।

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) पदसङ्गति भनेको के हो ?

(ख) पदसङ्गति कति प्रकारका हुन्छन् ।

(ग) विशेषण र नामको सङ्गति उदाहरण दिएर देखाउनुहोस् ।

(घ) उदाहरण दिएर कर्ता र क्रियाको सङ्गति देखाउनुहोस् ।

५. **तलको अनुच्छेद पढेर पदसङ्गति मिलाउनुहोस् :**

आज शनिबारको दिन हो । नवराज, पुरुषोत्तम, कलानिधि र श्यामप्रसाद चिडियाखाना गइन् । चिडियाखानामा हात्ती, घोडा, गौरीगाई, मृग, घोरल, ब्वासो, स्याल, मलसाप्रो, खरायो, बाँदर होइबक्सन्थ्यो । उक्त जनावरहरू भोक लागेर खाना खाँदै होइबक्सन्थ्यो । त्यही वेला सानासाना नानीहरू आइबक्सियो । जनावरहरूले खाएको हेरेर रमाइ बक्स्यो । सरिताकी आमा धनमाया केटाकेटीलाई खाजा बाँड्दै थिइ । त्यहीवेला रूखबाट पातहरू झर्नुभयो र खाजा भरि फिँजिनु भयो । त्यसपछि कुनै पनि बालबालिकाले त्यो खाजा खाएन । किनभने त्यो खाजामा पातहरूसँगै झिँगाहरू पनि पर्नुभएको थियो । त्यसैले विचार गर्नुपर्छ कि खानेकुरा छोप्नुपर्छ, छोपेन भने त्यहाँ फोहोर झिँगा, कमिलाहरूले खानेकुरालाई फोहोर बनाइदिनुहुन्छ । हामीलाई बाबा आमाले यही कुरा सिकायो । बहिनीले यही कुरा सिकाउनु भयो । गुरु गुरुआमाहरूले धेरै पढ्नुपर्छ, सफासुग्घर हुनुपर्छ, आफूभन्दा मान्नेगुन्ने मान्छेले भनेको मान्नुपर्छ भनेर सिकायो । हामीले त्यही सिक्यो, तैले त्यही सिक्नुभयो, उहाँहरूले त्यही सिकिन् । सीता, कमला, कोपिलाले पनि फोहोर गर्नु हुँदैन भन्ने सिक्यो ।

## परियोजना कार्य

१. **तल दिइएका वाक्यलाई पदसङ्गति मिलाएर लेख्नुहोस् :**

(क) हामी मामाघरबाट फर्कँदै छु ।

(ख) छोरी बजार गई किताब ल्याउँछ ।

(ग) समा राम्रो केटी थियो ।

(घ) सीताद्वारा गाईहरू धपाइन्छ ।

(ङ) राम र हरि बजार गयो ।

२. **तल दिइएका वाक्यलाई पदसङ्गति मिलाएर लेख्नुहोस् ।**

(क) तिमी भाग्यमानी रहेछ ।

(ख) तिमीहरू बजार जा ।

(ग) उनी भात खान्छ ।

(घ) ऊ मलाई देखेर हाँसेको छन् ।

(ङ) बुबा छोरालाई बजार डुलाउँछन् ।

३. **तल दिइएका वाक्यलाई पदसङ्गति मिलाएर लेख्नुहोस् :**

(क) तिमी सोभ्रो धर्को नजिक बस्नुहोस् ।

(ख) तपाईँ पशुपति पुगेर आऊ ।

(ग) मैले हिमालको तस्बिर खिचेका छौँ ।

(घ) सरला सात कक्षामा पढ्थ्यो ।

४. **तल दिइएका वाक्यलाई पदसङ्गति मिलाएर लेख्नुहोस् :**

(क) मेरी भितज काम गर्न जापान गयो ।

(ख) आफ्ना मोबाइल हराएको पाँच दिन भए ।

(ग) कलाकारहरू चीनमा कार्यक्रम गर्न गएको छ ।

(घ) गाईहरू खुला चौरमा चर्दै थियो ।

(ङ) म टेलिभिजन खोली समाचार हेर्दै हुनुहुन्छ ।

एकाइ
२३


# शब्दभण्डार

## पढ्नुहोस् र बुझ्नुहोस् :

उकालो चढेपछि ओरालो झर्नैपर्छ । कर्मचारीहरू सुगम छाडडेर दुर्गममा जानै मान्दैनन् । हिम मानवलाई यति भनिन्छ । पहिले पहिले बाँसको कप्टेरा बालेर पढ्ने पनि समय थियो । जीवनमा आगत र विगत चलिरहन्छ । प्रध्यापकगृह खाली छ । औँलाको विभिन्न भूमिका हुन्छ । आगनमा सुकाएको बिस्कुन परेवाले खान्च । डालोमा चामल राख ।

कोशीय र व्याकरणिक हिसाबले अर्थ प्रदान गर्ने भाषिक एकाइलाई शब्दभण्डार भनिन्छ । भाषामा प्रयुक्त शब्दहरूले अवस्थाअनुसार विभिन्न अर्थ प्रदान गर्दछन् । शब्द नभएको भाषा हुँदैन । शब्दहरू मिलेर नै भाषा बन्दछ । एउटै भाषामा पनि अनेकौँ शब्दहरू हुन्छन । भाषामा चलेका अनेक किसिमका शब्दहरूको समूहलाई शब्द ढुकुटी भन्छन् । शब्द ढुकुटीलाई शब्दभण्डार पनि भनिन्छ ।

संसारमा बोलिने, लेखिने अनेकौँ भाषाहरूमध्ये नेपाली भाषा पनि एउटा भाषा हो । यस भाषाको आफ्नै शब्दभण्डार छ । नेपाली भाषाका शब्दभण्डारमा थरीथरीका शब्दहरू छन् । नेपाली भाषाको शब्दभण्डारलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :




### (क) पर्यायवाची

समान अथवा झण्डै उस्तै अर्थ दिने अलग अलग शब्दलाई पर्यायवाची शब्द भनिन्छ ।

कुनै शब्दको पर्यायवाची शब्द एकभन्दा बढी हुन सक्छ ।

## केही पर्यायवाची शब्दहरू :

| | |
|---|---|
| फूल | – पुष्प, कुसुम, सुमन |
| बल | – क्षमता, शक्ति, ताकत, पाइन |
| बाटो | – पथ, पन्थ, मार्ग |
| पति | – स्वामी, लोग्ने, नाथ, श्रीमान् |
| नयाँ | – नौलो, नवीन, नूतन, नव |
| नृप | – राजा, भूपति, नृपति, नरेश |
| पिता | – बुबा, जनक, बा, बाबा |
| पृथ्वी | – भू, भूमि, धरा, धर्ती, वसुन्धरा |
| वन | – अरण्य, जङ्गल, कानन |
| विश्वास | – आस्था, निष्ठा |
| शिशु | – बच्चो, बाल, बालक |
| हात | – हस्त, कर, भुजा, पाणी |
| हावा | – पवन, समीर, वायु, बतास |
| क्षीण | – दुब्लो, निर्धो, निर्बल, पातलो, लुते |
| रूख | – वृक्ष, पादक, द्रुम, तरु |
| पहाड | – पर्वत, शिखर, गिरि, शैल, नग |
| मान्छे | – मानव, नर, मनुष्य, जन, मानिस, मनुज |
| युद्ध | – समर, लडाइँ, रण, कटक, जङ्ग |
| साथी | – मित्र, सङ्गी, सहृदयी, सहयोगी |
| सूर्य | – भानु, दिवाकर, भाष्कर, रवि |
| प्रेम | – प्यार, स्नेह, प्रीति, माया |
| नजिक | – निकट, नगिच, समीप |
| राक्षस | – दैत्य, असुर, दानव |

## (ख) विपरीतार्थक शब्द

कुनै शब्दको विपरीत अर्थात् उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थक शब्द भनिन्छ । सबै

शब्दको विपरीतार्थक रूप पाउन सकिन्न ।

### केही विपरीतार्थक शब्दहरू

| | | | |
|---|---|---|---|
| अँध्यारो | — उज्यालो | अखण्ड | — खण्ड |
| उदय | — अस्त | धनी | — गरीब |
| फेद | — टुप्पो | प्राकृतिक | — कृत्रिम |
| आकाश | — पाताल | आस्तिक | — नास्तिक |
| आगो | — पानी | वर | — पर |
| घर | — वन | मर्द | — नामर्द |
| विगत | — आगत | जीवन | — मरण |
| लघु | — गुरु | विकास | — विनाश |
| साक्षर | — निरक्षर | औपचारिक | — अनौपचारिक |
| जागृत | — सुषुप्त | त्याग | — स्वार्थ |
| संश्लेषण | — विश्लेषण | झगडा | — मेल |
| सुगम | — दुर्गम | माया | — घृणा |
| उठान | — बैठान | राजा | — रैती |
| जन्म | — मृत्यु | आँसु | — हाँसो |
| नजिक | — टाढा | नाफा | — नोक्सान |
| अमृत | — विष | मिलन | — बिछोड |
| भाले | — पोथी | भित्र | — बाहिर |
| सपना | — विपना | युद्ध | — शान्ति |
| अघि | — पछि | अर्पण | — ग्रहण |
| उकालो | — ओरालो | एक | — अनेक |
| आशा | — निराशा | सुन्दर | — कुरूप |
| मुर्ख | — विद्वान् | लाभ | — हानि |
| खण्डन | — मण्डन | उत्थान | — पतन |
| पाप | — पुण्य | संयोग | — वियोग |
| बृहत् | — सङ्क्षिप्त | खाली | — भरी |
| पूर्वीय | — पाश्चात्य | साहु | — आसामी |

### (ग) श्रुतिसमभिन्नार्थक शब्द

बोल्दा र उच्चारण गर्दा उस्तै रूप लाग्ने तर अर्थमा भिन्नता हुने शब्द जोडीलाई श्रुतिसमभिन्नार्थक शब्द भनिन्छ ।

केही श्रुतिसमभिन्नार्थक शब्दहरू

| | | | |
|---|---|---|---|
| महिना | — ३० दिन | यति | — मात्रा |
| मैना | — चरो | यती | — हिममानव |
| यस | — यो | लहर | — पङ्क्ति |
| यश | — कीर्ति | लहड | — मनको तरङ्ग |
| पालि | — पटक | खाली | — रित्तो |
| पाली | — घरसँग गाँसिएको भाग | खालि | — केवल |
| बास | — बस्ने ठाउँ | बाजी | — होड |
| बाँस | — एक प्रकारको रूख | बाजि | — पटक |
| सीता | — रामकी पत्नी | चिर | — लामा |
| सिता | — भातको सानो अंश | चीर | — लुगा |
| नव | — नयाँ | आभास | — अड्कल |
| नभ | — आकाश | आवास | — घर |
| कृति | — सिर्जना | सुन | — सुन्ने काम गर |
| कीर्ति | — यश | सुन | — स्वर्ण |

## (घ) अनेकार्थक शब्द

लेखाइ अथवा उच्चारण एउटै भए पनि प्रयोगका आधारमा फरक फरक अर्थ दिने शब्दलाई अनेकार्थक शब्द भनिन्छ । यस्ता शब्दले ठाउँ अनुसार फरक फरक अर्थ दिन्छन् ।

केही अनेकार्थक शब्दहरू

गोल — कोइला, अङ्गार, गोलो भएको
खाल — प्रकार, जुवा खेल्ने ठाउँ
उनी — तिनी, उन
जुवा — खेल, जोत्दा गोरुको काँधमा लगाइने काठ
जुन — संयोजक, सर्वनाम
पत्र — चिठी, पाना, तह

| | | |
|---|---|---|
| अर्थ | — | धन, मतलब |
| जाल | — | झेल, पासो |
| टीका | — | निधारको शोभा, व्याख्या, दसैँ |
| असार | — | महिना, सार नभएको |
| कर | — | तिरो, ढिपी, हात |
| मास | — | महिना, खर्च गर |
| साल | — | एक प्रकारको रूख, वर्ष |
| तान | — | लुगा बुन्ने तान, लय, सुर |
| हात | — | अङ्ग, भूमिका |
| हार | — | पङ्क्ति, पराजय, माला |
| नगर | — | सहर, निषेध |

## (ङ) सिङ्गो/सार शब्द

धेरै शब्दको सट्टा उही अर्थ दिने एउटै शब्दलाई सिङ्गो/सार शब्द भनिन्छ । सार शब्दले भाषिक अभिव्यक्तिलाई सारगर्भित बनाउन सहयोग गर्दछ ।

### केही सिङ्गो/सार शब्दहरू

| | | |
|---|---|---|
| देख्न नसकिन | — | अदृश्य |
| कहिल्यै नमर्ने | — | अमर |
| ईश्वरमा विश्वास नगर्ने | — | नास्तिक |
| लगातार कविता लेख्न सक्ने कवि | — | आशुकवि |
| राष्ट्रको निम्ति जीवन दिने व्यक्ति | — | सहिद |
| ईश्वरमा विश्वास नगर्ने | — | नास्तिक |
| काट्न नसकिने | — | अकाट्य |
| घाममा सुकाएको अन्न | — | बिस्कुन |
| कसैले भनेको नटेर्ने | — | अटेरी |
| बेकाममा हिँडिरहने | — | अल्लारे |
| आफूले आफैँलाई मार्ने काम | — | आत्महत्या |
| जो गरेको उपकार देख्दछ | — | कृतज्ञ |
| आमाबाबु मरेको अनाथ | — | टुहुरो |
| विवाहमा छोरीचेलीलाई दिइने धनसम्पत्ति | — | दाइजो |
| रातमा आँखा नदेख्ने रोग | — | रतन्धो |

| | | |
|---|---|---|
| जसको कुनै शत्रु छैन | — | अजात शत्रु |
| चारैतिर तुना बाँधेर लगाइने चोली | — | चौबन्दी |
| दश वर्षको अवधि | — | दशक |
| खुकुरी राख्ने खोल | — | दाप |

## (च) लघुतावाची शब्द

कुनै वस्तुको सानो रूप जनाउने शब्दलाई लघुतावाची शब्द भनिन्छ । लघुतावाची शब्दको निर्माण सामान्यत : ई, इका, इया प्रत्यय लागेर बन्छ । जस्तै :

| | | | | | |
|---|---|---|---|---|---|
| वटुको | — | बटुकी | डालो | — | डाली |
| टीका | — | टिकी | कचौरा | — | कचौरी |
| भात | — | सितो | कपडा | — | धजो |
| धागो | — | सरो | खोपो | — | खोपी |
| खाट | — | खटिया | पुस्तक | — | पुस्तिका |
| मूला | — | चानो | कोदालो | — | कोदाली |
| छुरा | — | छुरी | डोरी | — | पोयो |
| पानी | — | छिटो | खाट | — | खटिया |
| नुन | — | ढिको | दाउरा | — | छेस्को |
| गाग्रो | — | गाग्री | थाल | — | थाली |
| रगत | — | थोपो | बोट | — | टुसो |
| आगो | — | झिल्को | सुन्तला | — | केस्रो |
| चिया | — | सुर्को | साग | — | त्यान्द्रो |
| तेल | — | थोपो | पानी | — | छिटो |
| चरा | — | चरी | अचार | — | पित्को |

## (छ) सङ्क्षिप्त शब्द

शब्दको अघिल्लो अक्षर लिएर बनाइएका छोटा शब्दलाई सङ्क्षिप्त शब्द भनिन्छ । सङ्क्षिप्त शब्दको निर्माण गर्दा शब्दको सुरुको अक्षर लेखेर दशमलव (.) चिह्नको प्रयोग गर्ने चलन रहको पाइन्छ तर हिजो आज दशमलव चिह्न प्रयोग नगरी सुरुका अक्षरहरूलाई एउटै डिकोमा लेख्ने प्रचलन पनि छ ।

### केही प्रचलित सङ्क्षिप्त शब्दहरू

| | | |
|---|---|---|
| प्र.अ. | — | प्रधानाध्यापक |
| गो.द.बा. | — | गोरखा दक्षिण बाहु |
| प्रा.वि. | — | प्राथमिक विद्यालय |

| | | |
|---|---|---|
| मा.वि. | – | माध्यमिक विद्यालय |
| वि.नि. | – | विद्यालय निरीक्षक |
| जि.वि.स. | – | जिल्ला विकास समिति |
| का.जि. | – | काठमाडौँ जिल्ला |
| रा.स.स. | – | राष्ट्रिय समाचार समिति |
| अ.दु.अ.आ. | – | अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| आ.वा. | – | आकाश वाणी |
| क्षे.शि.का | – | क्षेत्रीय शिक्षा कार्यालय |
| आ.व. | – | आर्थिक वर्ष |
| ई.सं. | – | ईस्वी सम्वत् |
| उ.मा.वि. | – | उच्च माध्यमिक विद्यालय |
| का.मु. | – | कायम मुकायम |
| अ.स.इ. | – | असिस्टेन्ट सव इन्सपेक्टर |
| प्र.जि.अ. | – | प्रमुख जिल्ला अधिकारी |
| गो.प. | – | गोरखापत्र |
| प.नि.का. | – | परीक्षा नियन्त्रण कार्यालय |
| ने.टि.भि. | – | नेपाल टेलिभिजन |
| गो.भा.प्र.स. | – | गोरखा भाषा प्रकाशिनी समिति |

## अभ्यास

१. **तलका शब्दहरूको पर्यायवाची शब्द लेख्नुहोस् :**

आँखा, आमा, जून, सूर्य, पानी, नदील घर, मानिस, पोखरी, साथी, फूल, छोरो, पृथ्वी, ईश्वर, शरीर, माया, देश, विद्यालय, मन्दिर, बादल ।

२. **तल दिइएका शब्दहरूको विपरीतार्थक शब्द लेख्नुहोस् :**

तातो, घाम, भित्र, उल्टो, गाउँ, अमृत, उकालो असल, जेठो, तल, लामो, दिन, धनी, सपना, साँचो, हाँस्नु, प्रश्न, नयाँ, धेरै, सुख ।

३. **तल दिइएका शब्दहरूको श्रुतिसमभिन्नार्थक शब्द लेख्नुहोस् :**

कोट, दीन, कृति, फेरि, खाट, कोश, जाती, टाप, टाल, मोटो, शीत, साठी, हात, यस, पाटी, डर ।

४. **तल दिइएका शब्दहरूको अनेकार्थक अर्थ लेख्नुहोस् :**

कल, साँचो, फल, तर, सुन, हार, ताल, पत्र, थाल, गोल, नगर, साल, माफ, बल, पेटी, तान, धान

५. **तल दिइएका शब्दहरूको सिङ्गो शब्द लेख्नुहोस् :**

ईश्वरमा विश्वास नगर्ने, घाममा सुकाउन राखेको अन्न जसको कुनै शत्रु छैन, एउटा आँखा नभएको, दाँत नभएको, दश वर्षको समय, धार नभएको, कहिल्यै नमर्ने, श्रम गरेर बाँच्ने, बाबुआमा नभएको, जति बुझाए पनि नबुझ्ने ।

६. **तल दिइएका शब्दहरूको लघुतावाची शब्द लेख्नुहोस् :**

पानी, कचौरो, घाम, अनार, भात, डालो, डोको, चिम्टा, किरो, नुन, मासु, केरा, गेडो, पुस्तक, चम्चा, थाल, घण्टा, तोरी ।

७. **तल दिइएका सङ्क्षिप्त शब्दको विस्तारित रूप लेख्नुहोस् :**

प्रअ, पनिका, गोदबा, नासु, गोप, प्रम, मा.वि., गाविस, जिशिअ, पनिका, प्रजिअ, रासस काजि, कामनपा, पनि ।

८. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) शब्दभण्डार भनेको के हो ?
(ख) पर्यायवाची शब्द भनेको के हो ?
(ग) विपरीतार्थक शब्द भनेको के हो ?
(ग) श्रुतिसमभिन्नार्थक शब्द भनेको के हो ?
(घ) लघुतावाची शब्द भनेको के हो ?
(ङ) अनेकार्थक शब्द भनेको के हो ?

## परियोजना कार्य

१. **पर्यायवाची शब्द लेख्नुहोस् :**

संसार :
किताब :
घर :
काल :
आमा :
बुबा :
प्रेम :
पोखरी :
उपहार :
चन्द्रमा :
पानी :
केश :
देवता :
मानिस :
दानव :

२. **विपरीतार्थक शब्द लेख्नुहोस् :**

| | |
|---|---|
| जन्म : | नयाँ |
| अँध्यारो : | आदर : |
| उत्तर : | पहिलो : |
| ठुलो : | उदय : |
| जेठो : | असल : |
| सुपुत्र : | भेद : |
| मिठो : | अगाडि : |
| जित्नु : | सुखी : |
| मानव : | |

३. **तल दिइएका लघुतावची शब्द लेख्नुहोस् :**

| | |
|---|---|
| डालो : | तेल : |
| केरा : | फर्सी : |
| चम्चा : | चिम्टा : |
| नुन : | पटुका : |
| गेडो : | गाग्रो : |
| खेत : | लसुन : |
| लौरो : | अनार : |

४. **तल दिइएका श्रुतिसमभिन्नार्थक शब्दको अर्थ लेख्नुहोस् :**

| | |
|---|---|
| कोट :<br>कोत : | तिर :<br>तीर : |
| दिन :<br>दीन : | कृति :<br>कीर्ति : |
| आदि :<br>आधी : | टाल :<br>ताल : |
| शीत :<br>सित : | टोप :<br>तोप : |
| मोटी :<br>मोती : | हाट :<br>हात : |
| नारी :<br>नाडी : | सिता :<br>सीता : |

एकाइ

२४

# वाक्य संश्लेषण र विश्लेषण

## पढ्नुहोस् र बुझ्नुहोस् :

राम असल छ ।

राम पढ्न सिपालु छ ।

सरल वाक्य : पढ्न सिपालु राम असल छ ।

मिश्र वाक्य : जो राम पढ्न सिपालु छ त्यो असल पनि छ ।

संयुक्त वाक्य : राम असल छ अनि पढ्न पनि सिपालु छ ।

दुई अथवा दुईभन्दा बढी सरल वाक्यहरूलाई जोडेर एउटै वाक्य बनाउने प्रक्रियालाई वाक्य संश्लेषण भनिन्छ ।

## विभिन्न प्रकारका वाक्यमा वाक्य संश्लेषण

### (क) सरल वाक्यलाई सरल वाक्य संश्लेषण

सरल वाक्यहरूमा भएका समापक क्रियाहरूलाई विशेषण अथवा असमापक क्रियामा बदलेर सरल वाक्य बनाउन सकिन्छ ।

#### सरल वाक्यमा संश्लेषण गर्दा ध्यान दिनुपर्ने कुरा

- सरल वाक्यमा भएका समापक क्रियालाई असमापक क्रियामा बदल्ने
- दोहोरिएका शब्दहरू हटाउने,
- सकेसम्म काल परिवर्तन नगर्ने,
- अर्थ परिवर्तन गर्ने,
- कुनै संयोजक चिह्नको प्रयोग नगर्ने ।

जस्तै :

| | |
|---|---|
| राम घर आयो ।<br>रामले भात खायो । | रामले घर आएर भात खायो । |
| आज संविधान दिवस हो । | आज संविधान दिवस भएकाले विद्यालय बिदा छ । |

आज विद्यालय विदा छ ।

**(ख) सरल वाक्यहरूलाई मिश्र वाक्यमा संश्लेषण सरल र वाक्यहरूलाई सापेक्ष संयोजकले जोडेर मिश्र वाक्यमा संश्लेषण गर्न सकिन्छ ।**

**मिश्र वाक्यमा सश्लेषण गर्दा ध्यान दिनुपर्ने कुरा**

- सापेक्ष संयोजकको प्रयोग गर्ने,
- दुई स्वतन्त्र उपवाक्यमध्ये एउटालाई अधीन उपवाक्य बनाउने,
- दोहोरिएका नामलाई उपयुक्त सर्वनाम दिने,
- शब्दहरू थपघट र उपवाक्य तलमाथि पर्न सक्ने,
- काल परिवर्तन नगर्ने,
- सापेक्ष संयोजक प्रयोग हुँदा पद लोप हुन सक्ने ।

जस्तै :

| | |
|---|---|
| ऊ मेरो साथी हो । | जो मेरो साथी हो ऊ पोखरामा बस्छ । |
| ऊ पोखरामा बस्छ । | |
| त्यहाँ फोहोर छ । | जहाँ फोहर छ त्यहाँ नजाऊ । |
| त्यहाँ नजाऊ । | |

**(ग) सरल वाक्यहरूको संयुक्त वाक्यमा संश्लेषण**

सरल वाक्यहरूलाई निरपेक्ष संयोजकले जोडेर संयुक्त वाक्यमा संश्लेषण गर्न सकिन्छ ।

**संयुक्त वाक्यमा संश्लेषण गर्दा ध्यान दिनुपर्ने कुरा :**

- निरपेक्ष संयोजकले जोड्ने,
- दुवै वाक्यहरू स्वतन्त्र रहने,
- परिवर्तन नगर्ने,

जस्तै :

| | |
|---|---|
| पानी पऱ्यो । | पानी पऱ्यो अनि हिलो भयो । |
| हिलो भयो । | |
| म चिया खान्छु । | म चिया खान्छु तर दुध खान्नँ । |
| म दुध खान्नँ । | |

## वाक्य विश्लेषणको परिचय

उसले लट्ठीले हानेर आँप झाऱ्यो ।

उसले लट्ठीले हान्यो । उसले आप झार्‍यो ।

जब रात पर्छ तब ताराहरू देखिन्छन् ।

रात पर्छ । ताराहरू देखिन्छन् ।

राम धेरै पढछ र प्रथम हुन्छ ।

राम धेरै पढ्छ । राम प्रथम हुन्छ ।

सरल वाक्यहरू जोडिएर एउटै वाक्यमा आबद्ध भएका वाक्यहरूलाई स्वतन्त्र रूपमा छुट्याउने कामलाई वाक्य विश्लेषण भनिन्छ ।

## विभिन्न किसिमका वाक्यहरूको विश्लेषण

### (क) सरल संश्लेषित वाक्यलाई विश्लेषण गर्ने तरिका

- समापिका, असमापिका क्रियाबाट कति ओटा वाक्य बन्छन् ख्याल गर्ने,
- असमापिका क्रिया प्रयोग भएअनुसार स्वतन्त्र वाक्य निर्माण गर्ने,
- पद अथवा शब्द लुकेको छ भने थप गर्ने ।

जस्तै :

| | |
|---|---|
| मैले कलम किनेर ल्याएँ । | मैले कलम किनें । |
| मैले कलम ल्याएँ । | भ्रमण गरेर फर्के । |
| उनीहरूले भमण गरे । | उनीहरू फर्के । |

### (ख) मिश्र वाक्यलाई विश्लेषण गर्ने तरिका

- सापेक्ष संयोजक हटाउने,
- अधीन उपवाक्यलाई मुख्य वाक्य बनाउने,
- लोप भएका नाम, सर्वनाम आदि सरल वाक्य बनाउँदा प्रयोग गर्ने,
- सबै उपवाक्यलाई स्वतन्त्र वाक्य बनाउने ।

जस्तै :

जब पानी पर्‍यो तब जाडो भयो ।

पानी पर्‍यो ।

जाडो भयो ।

जब राम आउँछ तब म जान्छु ।

राम आयो

म जान्छु ।

### (ग) संयुक्त वाक्यलाई विश्लेषण गर्ने तरिका

- निरपेक्ष संयोजक हटाउने ।
- लोप भएका शब्द सरल वाक्यमा प्रयोग गर्ने ।
- लोप भएका शब्द सरल वाक्यमा प्रयोग गर्ने ।
- जति ओटा संयोजक छन् त्यतिकै आधारमा सरल वाक्य निर्माण गर्ने ।

जस्तै :

मैले गोपाललाई भेटें तर श्यामलाई भेटिनँ ।

मैले गोपाललाई भेटें ।

मैले श्यामलाई भेटिनँ ।

म प्रथम भएँ र पुरस्कार पाएँ ।

म प्रथम भएँ ।

मैले पुरस्कार पाएँ ।

## अभ्यास

१. **तल दिइएका वाक्यलाई सरल वाक्यमा संश्लेषण गर्नुहोस् :**

(क) राम घर गयो । रामले खाजा खायो ।

(ख) सीता विद्यालय गई । सीताले पढी ।

(ग) घरमा जोगी आयो । जोगीले भिक्षा माग्यो ।

२. **तल दिइएका वाक्यलाई संयुक्त वाक्यमा संश्लेषण गर्नुहोस् :**

(क) तिमी पढ । तिमी देशको सेवा गर । (ख) राम घुम्न गयो । श्याम घुम्न गयो ।

(ग) सीताले गीत गाई । सीता नाचिनँ ।

३. **तल दिइएका वाक्यलाई मिश्र वाक्यमा संश्लेषण गर्नुहोस् :**

(क) म विद्यालय जान्छु । म पाठ पढ्छु । (ख) पानी पऱ्यो । जाडो भयो ।

(ग) मलाई भोक लाग्यो । मैले खाजा खाएँ

४ **तल दिइएका संश्लेषित वाक्यलाई सरल वाक्यमा छुट्याउनुहोस् :**

(क) राम विद्यालय गएर पढ्यो ।

(ख) पढ्यौ भने तिमी प्रथम हुनेछौ ।

(ग) तिमी पढ र देशको सेवा गर ।

(घ) तिमी घर जाऊ र खाजा खाऊ ।

(ङ) जब पानी पऱ्यो तब बाटो हिलो भयो ।

(च) हामी काठमाडौँ जान्छौँ र घुम्छौँ ।

(छ) म बिहान सबेरै उठेर पढ्छु ।

(ज) रमा गीत गाएर नाची ।

(झ) मनाङमा हिउँ पर्नाले निकै जाडो बढ्यो ।

(ञ) गोपालले व्यापार गरेर निकै पैसा कमायो ।

५. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) वाक्य संश्लेषण भनेको के हो ?

(ख) वाक्य विश्लेषण भनेको के हो ?

(ग) वाक्य विश्लेषण गर्दा के कुरामा ध्यान दिनुपर्छ ?

(घ) वाक्य संश्लेषण गर्दा के कुरामा ध्यान दिनुपर्छ ?

## परियोजना कार्य

१. **तल दिइएका वाक्यहरू संश्लेषण गर्नुहोस् :**

(क) हामी बिहान अस्पताल गयौँ । हामीले उसलाई अस्पतालमा भेट्यौँ ।

(ख) लक्ष्मीले टेलिफोन गरी । लक्ष्मीले प्रियालाई बोलाई ।

(ग) पवित्रा अधिवक्ता हुन् । उनले मेरो मुद्दा हेरिन् ।

(घ) राजकुमार तिमीलाई भेट्छ । राजकुमार तिमीलाई धम्की दिन्छ ।

(ङ) उनी जापान गइन् । उनले नयाँ कम्प्युटर किनिन् ।

(च) उमाले फूल टिपिन् । उमाले माला गाँसिन् ।

(छ) मैले हात जोडेँ । मैले नमस्कार गरेँ ।

(ज) उनीहरू अमेरिकाबाट आएका हुन् । उनीहरू एक महिना यहाँ बस्लान् ।

२. **तल दिइएका वाक्यहरू विश्लेषण गर्नुहोस् :**

(क) जब मङ्गलबार आउँछ तब म मामाघर जाने छु ।

(ख) दयाराम बिहान उठेर मन्दिर गयो ।

(ग) राम सहर जान्छ अनि किताब किन्छ ।

(घ) दिक्पालले बनाएको मूर्ति हरायो ।

(ङ) रमेश आयो भने म ढुक्क हुन्छु ।

(च) जब माण्डवी घर आउँछे तब घर रमाइलो हुन्छ ।

(छ) किरा लागेकाले बाली नाश भयो ।

(ज) रजनी मेरो कुरा सुनेर आएकी हो ।

(झ) तिमी किताब पढेर मात्र प्रश्नको उत्तर लेख ।

एकाइ २५

# उखान र टुक्का

## पढ्नुहोस् र बुझ्नुहोस् :

गीताका कुरा पूर्णिमाका जून जस्तै हुन् । बिजुता र बिमलको गोरु बेचेको साइनोमात्र हो । कक्षामा हल्ला गरेर विद्यार्थीहरूले कानै खाइसके । मेरो गोरुको बाह्रै टक्का गर्नु राम्रो होइन । बाँदरको पुच्छर लौरो न हतियार भने जस्तौ हो बकैनाको काठ पनि । घुसघुसे हुनु निको बानी होइन । मालतीले कान्छो छोरालाई टाउकोमा टेकाएकी छे ।

कुनै भाषा बोल्ने व्यक्तिहरूको समुदायले आफ्ना पुस्तौँपुस्तादेखि देखिएका मार्मिक अनुभवको सारलाई दृष्टान्तका रूपमा हुर्काउँदै आएका चोटिलो र उपयोगी भनाइलाई उखान भनिन्छ । उखान भनेको लोक अथवा जनसाधारणको सानो अथवा सूत्रात्मक भनाइ हो । नेपाली लोकजीवनमा उखानको प्रशस्त प्रयोग भएको पाइन्छ ।

केही उखान र तिनको वाक्यमा प्रयोग

– खाने मुखलाई जुँगाले छेक्दैन (आँटिलो व्यक्तिलाई कुनै बाधाले छेक्दैन)
  गाउँबाट सहर आई पढिरहेको हरिलाई बुबाले खर्च पठाइरहेका थिए, तर उसका बाबुको अचानक मृत्यु भएकाले उसलाई घरबाट खर्च आउन छाड्यो । खाने मुखलाई जुँगाले छेक्दैन भने झैँ उसले ट्युसन पढाएर भए पनि आफ्नो पढाइ पूरा गऱ्यो ।
– इन्द्रका अगाडि स्वर्गको बयान (जान्नेको अगाडि नजान्नेले बखान गर्नु)
  पोखरामा जन्मेको शिवको अगाडि एक दिन घुमेर आएको कृष्णले पोखराको बखान गरेको सुन्दा मलाई इन्द्रको अगाडि स्वर्गको बयान गरे झैँ लाग्यो ।
– आफू भलो त जगतै भलो (आफू राम्रो भए अरूलाई पनि राम्रो देखिन्छ )
  आफू भलो जगतै भलो भने झैँ सज्जनले सबैलाई सज्जन र दुष्टले सबैलाई दुष्ट नै देख्छ ।
– एक हातले ताली बज्दैन (सहयोग दुई तर्फबाट हुनुपर्छ)
  मैले हरिलाई अप्ठ्यारो पर्दा सहयोग गर्ने गरेको छु तर हरिले मलाई अप्ठ्यारो पर्दा सहयोग गर्दैन, सायद हरिलाई एक हातले ताली बज्दैन भन्ने कुरा थाहा छैन कि जस्तो छ ।
– ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ (समस्यामा परेकालाई सबैले हेप्छन्)
  श्यामबहादुर अध्यक्ष हुँदा सबैतिर उसको हाइहाइ थियो तर अहिले अध्यक्ष पद

खोसिएपछि कसैले वास्ता गर्दैनन् । साँच्चै हो ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ भनेको ।

– के खोज्छस् काना आँखो (आवश्यक चिज पाउनु)

मलाई एउटा हिसाब गर्न नआएर गुरुलाई भेट्न जाउँ भन्दै थिएँ। अचानक गुरु मेरा घरमै आइपुग्नु भएकाले मलाई त के खोज्छस् कानो आँखो भने झैँ भयो ।

## उखान र तिनको अर्थ

| उखान | अर्थ |
|---|---|
| कानो गोरुलाई औंसी न पुर्ने | (मुर्खलाई राम्रो नराम्रो दुवै समान) |
| कामकुरा एकातिर कुम्लो बोकी ठिमीतिर | (एकातिरको काम छाडी अर्कोतिर लाग्नु) |
| काला अक्षर भैंसी बराबर | (पढ्न नजान्नेलाई सबै अक्षर बराबर) |
| गरिबको भान्सा खुर्सानीको सिँगार | (दुःखीले साधारण कुरामा रमाउनुपर्ने स्थिति) |
| घाँटी हेरी हाड निल्नु | (क्षमता अनुसार काम गर्नु) |
| घोडा चड्ने लड्छ | (काम गर्दा बिग्रन सक्छ ) |
| छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेडी | (धन भए आफन्त नभए पराइ) |
| जति जोगी आए पनि कानै चिरेका | (जो आए पनि उस्तै) |
| जब पर्‍यो राति अनि बूढी ताती | (समय बितेपछि काममा लाग्ने) |
| जसले मह काट्छ उसले हात चाट्छ | (परिश्रमीले फल पाउँछ) |
| हुने बिरुवाको चिल्लो पात | (पछि राम्रो हुने कुराको सङ्केत पहिला नै मिल्छ) |
| अचानाको पिर खुकुरीले जान्दैन | (भोग्नेलाई मात्र दुःखको अनुभव हुन्छ) |
| कहिले सासूको पालो कहिले बुहारीको पालो | (सबैको दिन आउनु) |
| अकबरी सुनलाई कसी लाउन पर्दैन | (राम्रो वस्तुलाई जाँचिरहनु पर्दैन) |
| आकाशको फल आँखा तरी मर | (हुन नसक्ने आशा व्यर्थ) |
| अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सिन्छ | (एक पटक ठक्कर खाएको सधैँ डराउँछ) |
| आलु खाएर पेडाको धाक | (क्षमता नहुनेले बढाइ चढाइ गर्नु) |
| एकले थुकी सुकी सयले थुकी नदी | (एकले गर्न नसकिने काम धेरैले गर्न सकिने) |
| एकोहोरो रोटी पाक्दैन | (सहयोग दोहोरो हुनुपर्छ) |
| कसैलाई काखा कसैलाई पाखा | (पक्षपात गर्नु) |
| काग कराउँदै छ पिना सुक्दै छ | (भन्नेले भन्दै गर्छ आफ्नो काम छाड्नु हुन्न) |

| | |
|---|---|
| नाच्न नजान्ने आँगन टेडो | (आफ्नो ढङ्ग नहुनेले अरूलाई दोष दिन्छ) |
| पशुपतिको जात्रा सिद्राको व्यापार | (एउटा प्रयासबाट दुई ओटा काम) |
| बाँदरको पुच्छर लौरो न हतियार | (कुनै पनि काम कुरामा नआउने) |
| भदौमा आँखा फुटेको गोरुले सधैँ हरियो देख्छ | (एक दिन जे देख्यो त्यसैमा भर पर्नु) |
| मुखमा राम राम बगलीमा छुरा | (बाहिर ठिक्क पार्ने तर भित्र षड्यन्त्र गर्ने) |
| मेरो गोरुको बाह्रै टक्का | (नचाहिँदो जिद्धि गर्नु) |
| रातभरि करायो दक्षिणा हरायो | (काम गरे पनि फल नपाउने) |
| ल्हासामा सुन छ कान मेरो बुच्चै | (अर्काको धन काम लाग्दैन) |
| साँप पनि नमरोस् लट्ठी पनि नभाँचियोस् | (कतै असर नपरी फाइदा लिनु) |
| बाँदरको हातमा नरिवल | (अयोग्यको हातमा बहुमूल्य वस्तु) |

## टुक्काको परिचय

खास खास शब्दहरूसँग लाग्दा कुनै क्रियाले खास खास अर्थ दिन्छ भने त्यस्ता शब्द अथवा क्रियाले बनाएको पदसमूह अथवा पदावलीलाई टुक्का भनिन्छ । टुक्काको रूपमा प्रयोग हुने विशेष शब्द अथवा क्रियाले मिलेर तिनको सामान्य अर्थलाई मोडी विशेष अर्थ दिन्छन् । टुक्का लोकजीवनबाट आएको अभिव्यक्तिगत सम्पत्ति हो ।

### केही महत्त्वपूर्ण टुक्का

खुत्रुक्क पर्नु (मर्नु)

सिकारीले मृगलाई गोलीले हिर्काएर खुत्रुक्कै पार्‍यो ।

कानमा तेल हाल्नु (जाँगर मारेर बस्नु)

परीक्षाको समयमा कानमा तेल हालेर बस्नु ठिक होइन ।

कम्मर कस्नु (तयारी गर्नु)

राष्ट्रको उन्नतिमा सबै जना कम्मर कसेर लाग्नुपर्छ ।

कान काट्नु (बाजी थाप्नु)

राकेशको टिमले क्रिकेट खेल जित्यो भने त म मेरो कान काटिदिन्छु ।

कान ठाडो पार्नु (चनाखो बस्नु)

आजभोलि सबै जना भूकम्पको त्रासले कान ठाडो पारेर बसेका छन् ।

खुट्टा छोड्नु (हरेस खानु)

व्यापार व्यवसायमा एक पटक घाटा भयो भन्दैमा खुट्टा छोड्नु हुँदैन ।

घुँडा टेक्नु (हार खानु)

वैरीका अगाडि नेपालीहरूले घुँडा टेक्न जानेका छैनन् ।

चोचोमोचो बढाउनु (सम्बन्ध राख्नु)

अपराधीहरूसँग चोचोमोचो बढाउनु राम्रो होइन ।

घर खानु (घर थामेर बस्नु)

रूपमतीले आफ्नो आदर्श व्यवहारले सानैदेखि घर खाएर बसिन् ।

खग्रास पार्नु (खत्तम पार्नु)

सरोजले जुवा खेलेर आफ्नो पैतृक सम्पत्ति खग्रास पार्‍यो ।

## केही टुक्का र तिनको प्रयोग

| टुक्का | अर्थ |
|---|---|
| गद्गद् हुनु | (खुसी हुनु) |
| घरजम गर्नु | (बिहे गर्नु) |
| घुसघुसे हुनु | (मन खोलेर कुरा नगर्नु) |
| चन्द्रमा दाहिने हुनु | (पक्षमा हुनु) |
| घैँटामा घाम लाग्नु | (कुरो बुझ्नु) |
| चिसो पस्नु | (शङ्का गर्नु) |
| छेड हान्नु | (घोच्ने गरी भन्नु) |
| जरा गाड्नु | (फैलनु) |
| जिउँदै मर्नु | (लज्जित हुनु) |
| जिब्रो टोक्नु | (मर्नु) |
| नाक राख्नु | (इज्जत राख्नु) |
| निरीक्षण गर्नु | (जाँच बुझ गर्नु) |
| पिलपिल गर्नु | (निभ्न लाग्नु) |
| फत्ते गर्नु | (काम पूरा गर्नु) |
| बात लाग्नु | (दोष लगाउनु) |
| बिन्ती बिसाउनु | (दुःख पोख्नु) |
| विलखबन्दमा पर्नु | (आपत्मा पर्नु) |
| भौँतारिनु | (बरालिनु) |
| मन चोर्नु | (गोप्य कुरा जान्न खोज्नु) |
| माया प्रीति गाँस्नु | (प्रेम गर्नु) |
| माया मार्नु | (बिर्सनु, आशा नगर्नु) |

| | |
|---|---|
| मास छर्न जानु | (मर्नु) |
| टाउकोमा टेक्नु | (हेप्नु) |
| टुप्पी कस्नु | (मिहिनेत गर्नु) |
| टुपी काट्नु | (सन्यासी बन्नु) |
| ठाडो कान लगाउनु | (ध्यान दिएर सुन्नु) |
| डाडुमा पानी तताएर मर्नु | (लाछी हुनु) |
| तालुमा आलु फल्नु | (भाग्य बृद्धि हुनु) |
| थाती राख्नु | (साँच्नु) |
| थाङ्नामा सुताउनु | (छकाउनु) |
| दलिन गन्नु | (आलस्यमा समय बिताउनु) |
| दुनो सोभ्याउनु | (स्वार्थी हुनु) |
| देश पस्नु | (विदेश जानु) |
| धोती खुस्कनु | (कुरा खुस्केको चाल नपाउनु) |
| धौधौ पर्नु | (मुस्किल पर्नु) |
| मुख सिउनु | (चुप लागेर बस्नु) |
| शपथ खानु | (प्रतिज्ञा गर्नु) |
| शिरोधार्य गर्नु | (भनेको मान्नु) |
| श्रीगणेश गर्नु | (सुरुवात गर्नु) |
| सखाप पार्नु | (सिध्याउनु) |
| सरिक हुनु | (भाग लिनु) |
| सातो लिनु | (हकार्नु) |
| सुईंको पाउनु | (पत्तो लाउनु) |
| सैर गर्नु | (आनन्द लिनु) |
| हरेस खानु | (निराश हुनु) |
| हातमुख जोर्नु | (गाँस जुटाउनु) |
| हावा खुस्कनु | (दिमाग बिग्रनु) |
| आँखाको कसिङ्गर हुन | (मन नपर्ने हुनु) |

## अभ्यास

१. **तल दिइएका उखानलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

बाँदरको हातमा नरिवल

घाँटी हेरी हाड निल्नु

अकबरी सुनलाई कसी लाउनु पर्दैन — आफू नमरी स्वर्ग देखिन्न ।
इन्द्रको अगाडि स्वर्गको बयान — आलु खाएर पेडाको धाक
एक हातले ताली बज्दैन — आफू भलो त जगतै भलो
धन देखेपछि महादेवको तीन नेत्र — एक कान दुई कान मैदान
जसले मह काढ्छ उसले हात चाट्छ — हुने बिरुवाको चिल्लो पात

२. **तल दिइएका टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

| | |
|---|---|
| आगो हुनु | खुट्टा तान्नु |
| आँखाको नानी हुनु | मुख ताक्नु |
| मन चोर्नु | मात लाग्नु |
| माया मार्नु | जिब्रो टोक्नु |
| टाउकामा टेक्नु | कानमा तेल हाल्नु |
| दिन काट्नु | श्री गणेश गर्नु |
| टाउको खानु | टाप कस्नु |

३. **उखान भनेको के हो ?**

४. **टुक्का भनेको के हो ?**

५. **तलका उखानहरूलाई अर्थ खुलाएर आफ्नै वाक्यमा प्रस्तुत गर्नुहोस् :**

(क) भाग्यमा छ भन्दैमा डोकोमा दूध दोएर अडिदैन ।
(ख) नजान्ने गाउँको बाटै नसोध्नु ।
(ग) बोल्नेको पिठो विक्छ, नबोल्नेको चामल बिक्दैन ।
(घ) साउनमा आँखा फुटेको गोरु चैतमा पनि हरियो देख्छ ।
(ङ) नमच्चिने पिङका सय झट्का ।
(छ) जुन गोरुको सिङ्ग छैन, उसैको नामको तिखे ।
(ज) बाँदरको पुच्छर लौरो न हतियार ।

६. **तलका टुक्काहरू प्रयोग गरी वाक्य बनाउनुहोस् :**

| | |
|---|---|
| (क) लख काट्नु | (ख) नाक काट्नु |
| (ग) कहर काट्नु | (घ) कान खानु |
| (ङ) धनोपार्जन गर्नु | (च) कुरा खेल्नु |
| (छ) हार खानु | (ज) श्री गणेश गर्नु |
| (झ) कागको फुल चोर्नु | (ञ) कुरा टार्नु |

# खण्ड 'ख'

एकाइ

१

# बोध र अभिव्यक्ति

## बोधको परिचय

बोध भनेको बुझ्नु हो । कुनै पनि लिखित अभिव्यक्तिलाई पढेर त्यसको मूल सार बुझ्नु र लेख्नु बोध हो । बोध अत्यन्तै धैर्य र सावधानीका साथ गरिने कार्य हो । बोधका लागि लेख्नुपर्ने सबै कुरा पाठमा नै रहने भएको हुँदा यसमा धैर्य लिएर बुद्धि लगाउनुपर्छ । प्रत्येक बोध प्रश्नका उत्तरहरू अनुच्छेद भित्र नै रहेका हुन्छन् । पाठ बाहिरबाट उत्तर दिनुपर्ने प्रश्नहरू बोधका लागि सोधिएका हुँदैनन् । बोध प्रश्नको उत्तर दिँदा बढीमा तीन हरफ नबढाई उत्तर दिने सिर्जनात्मक बानी बसाल्नुपर्दछ । कुनै पनि कुरा पढिसकेपछि त्यसको वास्तविक गहिराइसम्म पुग्नका लागि पनि बोधले सहयोग पुर्‍याउँछ ।

## बोध प्रश्नका उत्तर दिने तरिका

(क) दिइएको पाठ्यांशलाई राम्रोसँग पटकपटक पढ्ने,

(ख) पाठ्यांशको अन्त्यमा सोधिएका प्रश्न राम्ररी पढी तिनले सोधेको उत्तर खोज्ने,

(ग) प्रश्नको उत्तर हुनसक्ने अंशलाई रेखाङ्कन गर्ने,

(घ) प्रश्नको ठ्याक्कै उत्तर पाठ्यांशमा नभेटिएमा प्रश्नको भाव बुझी उत्तरको नजिकको अंश खोज्ने,

(ङ) मूल पाठ्यांशभन्दा बाहिर गई आफ्नो ज्ञानको आधारमा उत्तर तयार नपार्ने,

(च) प्रश्नकै काल, भाव, वाच्यअनुसार उत्तर प्रस्तुत गर्ने,

(छ) उत्तर दिँदा सङ्क्षेपमा दिने र उदाहरण प्रस्तुत नगर्ने,

(ज) रेखाङ्कित शब्दको अर्थ लेख्दा अनुच्छेदको प्रसङ्गअनुसार लेख्ने,

(झ) पाठ्यांशको शीर्षक दिनुपरेमा पाठ्यांशको सुरु अथवा अन्त्यको अशंबाट खोजी छोटो शीर्षक दिने ।

## बोध प्रश्नको नमुना

### नमुना – १

**तल दिइएको गद्यांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा धेरै उपत्यकाहरू छन् । तीमध्ये काठमाडौँ, पोखरा, चितवन र बनेपा मुख्य छन् । ती उपत्यकामा पहिले जलभण्डार थियो । करिब अढाइ लाख वर्ष पहिले ती उपत्यकाबाट पानी निस्केर बाहिर गयो । त्यसपछि यहाँ जङ्गल भयो र जीवजन्तुहरू पनि आफ्नो आहाराको खोजीमा यसतर्फ आउन थाले । त्यसपछि आदिमानव पनि जीवन निर्वाहका लागि यसतर्फ सिकार गर्न पस्यो । पहिले मानवजीवन घुमन्ते भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दस हजार वर्ष पहिलेसम्म मानव पुरानै ढुङ्गेयुगको क्रममा थियो तर ईसापूर्व सात हजारदेखि पाँच हजार वर्षतिर आएर मानवले आफ्नो जीवन नयाँ ढुङ्गे युगमा पुऱ्यायो । यस समयमा मानवले कृषि कार्य अपनाउन थालिसकेको थियो ।

### प्रश्नहरू

(क) नेपालका प्रमुख उपत्यकाहरू कुनकुन हुन् ?

(ख) उपत्यकाबाट पानी कहिले बाहिर गयो ?

(ग) आदि मानव उपत्यकातर्फ किन पस्यो ?

(घ) सिकारी मानवले आफ्नो जीवन नयाँ ढुङ्गे युगमा कहिले पुऱ्यायो ?

(ङ) 'उपत्यका' र 'ढुङ्गे युग' शब्दको अर्थ लेख ।

### उत्तरहरू

(क) नेपालका प्रमुख उपत्यकाहरू काठमाडौँ, पोखरा, चितवन, बनेपा हुन् ।

(ख) करिब अढाइ लाख वर्ष पहिले उपत्यकाबाट पानी निस्केर बाहिर गयो ।

(ग) आदिमानव जीवन निर्वाहका लागि सिकार गर्न उपत्यकातर्फ पस्यो ।

(घ) ईसापूर्व सात हजारदेखि पाँच हजार वर्षतिर आएर मानवले आफ्नो जीवन नयाँ ढुङ्गे युगमा पुऱ्यायो ।

(ङ) 'उपत्यका' को अर्थ चारैतिर पहाडले घेरिएको सम्म ठाउँ हो भने 'ढुङ्गे युग' को अर्थ हजारौँ हजार वर्षअघि अर्थात् मानवविकास भएको समय हो ।

## नमुना – २

**तल दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

गुणस्तरीय जीवन निर्माणमा लैङ्गिक समानताको आफ्नै भिन्न स्थान छ । छोरा र छोरी बिचको भेदभाव हाम्रो समाज विद्यमान रहेका कारणले अझै पनि लैङ्गिक असमानता छ भन्ने पुष्टि हुन्छ । छोरा र छोरीप्रतिको असमान कोणले कतिपय परिवारमा छोरा नहुञ्जेलसम्म धेरै बच्चा जन्माउने प्रवृत्ति पाइन्छ । यस्तो गलत प्रवृत्तिले गर्दा परिवारको आकार ठुलो हुन जान्छ । यस्तै पति र पत्नीबिच असमान व्यवहार, छोरा र बुहारीप्रतिको भेदभाव आदि कारणले परिवारको गुणस्तरीय जीवन निर्माणमा प्रतिकूल असर पर्न जाने हुन्छ । तसर्थ प्रत्येक सजग व्यक्तिले विवाह गर्नुभन्दा अगाडि र पछाडि आफ्ना धारणा र अभिवृत्तिको विकास गर्नुपर्छ । परिवारमा लैङ्गिक समानताको भावना जागृत हुनाले पारिवारिक वातावरण रमणीय र सौहार्द हुन जान्छ । जसले गर्दा परिवारको जीवनस्तरमा परिवर्तन आउँछ । त्यसकारण गुणस्तरीय जीवन निर्माणका लागि प्रत्येक दम्पतीले छोरा र छोरीप्रति समान व्यवहार गर्नु नितान्त आवश्यक छ ।

### प्रश्नहरू

(क) हाम्रो समाजमा लैङ्गिक असमानता छ भनेर केले पुष्टि गर्छ ?

(ख) कस्तो प्रवृत्तिले परिवारको आकार ठुलो हुन्छ ?

(ग) केले परिवारको गुणस्तरीय जीवन निर्माणमा प्रतिकूल असर पार्दछ ?

(घ) पारिवारिक वातावरण कसरी रमणीय हुन्छ ?

(ङ) सौहार्द र प्रवृत्ति शब्दको अर्थ लेख ।

### उत्तरहरू

(क) छोरा र छोरीबिचको भेदभाव हाम्रो समाजमा विद्यमान रहेका कारणले गर्दा अझै पनि लैङ्गिक असमानता छ ।

(ख) छोरा र छोरीप्रतिको असमान दृष्टिकोणले कतिपय परिवारमा छोरा नहुञ्जेलसम्म धेरै बच्चा जन्माउने प्रवृत्तिले परिवारको आकार ठुलो हुन्छ ।

(ग) पति र पत्नीबिचको असमान व्यवहार, छोरा र बुहारीप्रतिको भेदभावका कारणले परिवारको गुणस्तरीय जीवन निर्माणमा प्रतिकूल असर पर्न जाने हुन्छ ।

(घ) परिवारमा लैङ्गिक समानताको भावना जागृत हुनाले पारिवारिक वातावरण रमणीय हुन्छ ।

(ङ) ‘सौहार्द’ को अर्थ मितेरी अथवा मित्रता हो ।

‘प्रवृत्ति’ को अर्थ आनीबानी हो ।

## अभ्यास

१. **तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

'फ्लोरेन्स एक परिचारिका मात्र नभएर उपचारात्मक व्यवस्थापनकी प्रणेता पनि हुन् । उनी आफैँले कयौँ महिलाहरूलाई नर्स कोर्सका बारेमा प्रशिक्षण पनि दिएकी थिइन् । क्रिमियाको युद्धका कारण बिरामी परेर क्रिमियाको स्कुटरी अस्पतालमा भर्ना भएका सिपाहीहरूलाई समेत उनले सेवा पुऱ्याइन् । स्कुटरी अस्पतालमा गरेको बिरामीको सेवाले नै उनलाई 'लेडी विथ द ल्याम्प' को उपनामले संसारमा परिचित गरायो । क्रिमियाको युद्धका कारण बिरामी परेका सिपाहीलाई उपचारार्थ उनले लन्डन सहरमा चन्दा सङ्कलनको काम पनि गरिन् । चालिस जनाको प्रतिनिधित्व गरेर क्रिमियाको स्कुटरी अस्पतालमा रोगीको सेवा गर्न उनी खटिएकी थिइन् ।

**प्रश्नहरू**

(क) फ्लोरेन्स केकी प्रणेता हुन् ?

(ख) उनले स्कुटरी अस्पतालमा कसको सेवा गरिन् ?

(ग) उनले केका लागि चन्दा सङ्कलन गरिन् ?

(घ) 'प्रशिक्षण' र 'प्रतिनिधित्व' शब्दको अर्थ लेख्नुहोस् ।

२. **तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मानव जीवनमा जन्मभूमिको ठुलो महिमा छ । जन्मभूमि सम्पूर्ण नेपालीहरूको कर्मभूमि हो । मानिसले आफूले बाँचेर अरूलाई बचाउने आधार पनि जन्मभूमिबाट प्राप्त गर्दछ । जन्मभूमि नै मानव जातिको जननी हुन् । जन्मभूमिले आफ्नो सन्ततिहरूलाई गाँस, बास र कपासका लागि चाहिने यावत् कुरा उपलब्ध गराउँछिन् । मानिसहरूको मात्र होइन सारा जीव जीवात्माहरूको आश्रय स्थल धर्ती हो । धर्ती मानव जातिको आश्रय स्थल र जीविकोपार्जनको प्रमुख स्रोत पनि हो । यस किसिमको जन्मभूमिको महिमा सबैका लागि उदाहरणीय नहुन पनि सक्छ । जसमा जन्मभूमिप्रतिको पवित्र भावना छ । त्यसैले आफू जन्मेको ठाउँको महत्त्व अनुभव गर्दछ । देशभक्तिको भावना निःस्वार्थी मानिसहरूमा मात्र हुन्छ । देशभक्तिको भावना भनेकै आफ्नो जन्मभूमिप्रतिको चोखो माया हो ।

## प्रश्नहरू

(क) मानव जीवनमा जन्मभूमिको कस्तो महिमा छ ?

(ख) धर्तीलाई किन आश्रयस्थल भनिएको हो ?

(ग) जन्मभूमिले आफ्ना सन्ततिहरूलाई के कुरा उपलब्ध गराउँछिन् ?

(घ) कस्तो व्यक्तिले जन्मभूमिको महत्त्व अनुभव गर्दछ ?

(ङ) 'जन्मभूमि' र 'जननी' शब्दको अर्थ लेख्नुहोस् ।

**३. तलको अनुच्छेदमा भन्न खोजेको मुख्य सार के हो ? लेख्नुहोस् :**

मानिसलाई टोकेर रगत चुस्ने जुकालाई वैज्ञानिक भाषामा हिरुडो मेडिसिनालिस भनिन्छ । यिनीहरूको शरीरको अगाडिको छेउमा कचौरा आकारको चुस्ने अङ्ग हुन्छ । यसभित्र करौतीजस्तै लहरै बसेका तीन सय जति मसिना दाँतहरू हुन्छन् । शरीरमा टाँसिएर ती दाँतहरू मासुमा गाडिएपछि जुकाले एकप्रकारको रासायनिक पदार्थ ओकल्छ । यो रासायनिक पदार्थले एकातर्फ रगतको बाटो खोलिदिन्छ र अर्कोतर्फ यिनमा चेतनानाशक गुण पनि हुने हुनाले जुकाले टोकेको हामी चाल पाउँदैनौ । साथै के पनि थाहा पाऊ भने सामान्यतया घाम लागेपछि हाम्रो रगतमा पाइने फायब्रिनोजन भन्ने एक प्रकारको प्रोटिनले रगत जम्न मद्दत गर्दछ । तर जुकाले ओकलेको र सादिने रगतका नसालाई फैलाइराख्छ र रगतलाई जम्नबाट पनि रोकिराख्छ । यसको असरले जुकाले टोकि सकेपछि पनि केही बेरसम्म रगत बगिरहने गरेको हो ।

(साभार : मुना २०५७ बाट साभार)

**४. बोध र अभिव्यक्तिमा के फरक छ ? छुट्याउनुहोस् :**

**५. तपाईँ आफ्नो घरको एक दिनको दैनिकी लेख्नुहोस् र साथीसाथीमा छलफल गर्नुहोस् :**

**६. कक्षामा गुरुआमाले पढाएको उखान र टुक्काको पाठ बुझ्नुहोस् र त्यसको अभिप्राय आफ्नै शब्दमा अभिव्यक्त गर्नुहोस् :**

**७. अरूले बोलेको, पढाएको नबुझ्ने विद्यार्थीले आफ्ना कुरा कसरी अभिव्यक्ति गर्छ होला ? यसो सो चेर लेख्नुहोस् त :**

एकाइ २

# सारांश लेखन

## सारांशको परिचय

कुनै पनि लिखित अथवा मौखिक अभिव्यक्तिका अनावश्यक कुरा हटाई विशेष अंश मात्र टिपेर संङ्क्षेपमा एक तृतीयाशंमा पुनर्लेखन गर्नुलाई सङ्क्षेपीकरण भनिन्छ ।

## सारांश लेख्ने तरिका

(क) अर्थ स्पष्ट हुने गरी दिइएका पाठलाई पटक पटक पढी मूल भाव पहिल्याउने,
(ख) पाठका शब्दहरू गनेर कुल संख्याको एक तृतीयांश शब्दसङ्ख्या निर्धारण गर्ने,
(ग) पाठको मूल तथ्यलाई रेखाङ्कन गर्ने,
(घ) रेखाङ्कित अंशलाई सिलसिलाबद्ध गरी राख्ने,
(ङ) उपमा, अलङ्कार उदाहरण, विशेषण र दोहोरिएका कुरा हटाउने,
(च) सरल वाक्यलाई जटिल वाक्य बनाउने,
(छ) रेखाङ्कित अंशलाई बुँदागत रूपमा टिप्ने,
(ज) टिपिएका बुँदालाई एक तृतीयांश बनाई एक अनुच्छेदमा खेस्रा लेखन गर्ने,
(झ) आफूलाई चाहिनेभन्दा बढी शब्द भएमा छाँटकाँट गरी लेख्ने,
(ञ) यति भएपछि साफी लेखन गर्ने,
(ट) सङ्क्षेपीकरण गरिएको रचनामाथि उपयुक्त, शीर्षक दिने,
(ठ) अन्त्यमा अनुच्छेदमा भएका शब्दसङ्ख्या उल्लेख गरी सारांशपछिको शब्द सङ्ख्या उल्लेख गर्ने ।

## सारांश लेखनका नमुनाहरू

### नमुना – १

(क) तलको गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् :

परिश्रमरूपी ईश्वरलाई अनास्था गरेर जीवनरूपी रथ अगाडि बढ्न सक्दैन । मानिसले इच्छा गरेर मात्र कहाँ हुन्छ र ? इच्छालाई मूर्त रूप दिन त क्रियाको आवश्यकता पर्दछ ।

क्रिया भन्नु परिश्रम हो । सुतिरहेको सिंहको मुखमा आहार कसले पो हालिदिन्छ र ? यसका लागि त उसले मेहेनत गर्नै पर्छ । परिश्रम नगरी कसैले केही पनि पाउन सक्दैन । परिश्रमी जीवन नै पूज्य हुन्छ, उदाहरणीय हुन्छ । जसरी घोटिँदाघोटिँदा नदीको ढुङ्गो गोलो हुन्छ त्यसै गरी परिश्रम गर्दागर्दा जीवनले नयाँ रूप धारणा गर्दछ । उद्योगीले जोगी बन्नु पर्दैन । हरेक क्षेत्रमा परिश्रमको ठुलो महत्त्व छ । यथास्थितिबाट माथि उठ्न हामीले भाग्यवादी बन्ने होइन, कर्मवादी बन्नुपर्छ । पुरुषार्थ प्राप्त गर्न निरन्तर साधना अथवा परिश्रमको खाँचो आवश्यक छ । भाग्यवादी भएर बस्नु भनेको आफ्नो परिश्रमरूपी ऊर्जाको दुरुपयोग गर्नु हो । त्यसैले परिश्रम जीवनको ऊर्जा हो । समाज र राष्ट्रसेवा पनि हो ।

## बुँदाहरू

(क) परिश्रमरूपी ईश्वरलाई अनास्था गरेर जीवनरूपी रथ अघि बढ्न नसक्नु,

(ख) इच्छालाई मूर्तरूप दिन परिश्रमको आवश्यकता पर्नु,

(ग) यथास्थितिबाट माथि उठ्न हामीले भाग्यवादी नभई कर्मवादी बन्नु,

(घ) परिश्रम जीवनको ऊर्जा त्यस्तै समाज र राष्ट्रको सेवा हुनु ।

## खेस्रा लेखन

परिश्रमरूपी ईश्वरलाई अनास्था गरेर जीवनरूपी रथ अघि बढ्न सक्दैन । मानिसले इच्छा गरेर मात्र हुँदैन, त्यसलाई मूर्तरूप दिन परिश्रमको आवश्यकता पर्दछ । यथास्थितिबाट माथि उठ्न हामीले भाग्यवादी नभई कर्मवादी बन्नुपर्छ । परिश्रम जीवनको ऊर्जा हो । समाज र राष्ट्रको सेवा हो ।

## साफी लेखन

### परिश्रमको आवश्यकता

परिश्रमरूपी ईश्वरलाई अनास्था गरेर जीवनरूपी रथ अघि बढ्न सक्दैन । मानिसले इच्छा गरेर मात्र हुँदैन, त्यसलाई मूर्तरूप दिन परिश्रमको आवश्यकता पर्दछ । मानिस परिस्थितिबाट माथि उठ्न भाग्यवादी नभई कर्मवादी बन्नुपर्दछ । त्यसैले परिश्रम जीवनको ऊर्जा, समाज र राष्ट्रको सेवा हो ।

अनुच्छेदमा भएको शब्द सङ्ख्या – ११८

हुनुपर्ने शब्द सङ्ख्या – ३९

सारांशमा भएको शब्द सङ्ख्या – ३७

## अभ्यास

१. **तल दिइएको अनुच्छेदमा चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् :**

मानिसको स्वभाव जिज्ञासु हुन्छ । उसले आफ्नो वरिपरिका धर्ती, आकाश, पहाड, चराचुरुङ्गी, पशु, किराफट्याङ्ग्रा सबै देखेको हुन्छ । मानिसले यी सबै कुराको रहस्य बुझ्न खोज्दछ । मानिसले माछालाई सजिलैसँग पौडेको देख्छ आफू त्यसरी पौडन सक्दैन । काठ पानीमा उत्रन्छ, ढुङ्गा पानीमा डुब्छ । मानिस आफैँसँग प्रश्न गर्न थाल्छ, किन डुब्यो ? किन डुबेन ? यस्ता अनेक सवालको जवाफ खोज्दा खोज्दै आखिरमा मानिस डुङ्गा, जहाज बनाउन सफल हुन्छ । चरा उडेको देखेर हवाइजहाज बनाउन सक्छ । यी सबैको कारण तीखो बुद्धि हो, नयाँनयाँ कुरा जान्न खोज्ने उसको स्वभाव हो, सधैँ उन्नति गर्दै जाने उसको इच्छा हो ।

२. **तल दिइएको अनुच्छेदमा चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् :**

इमानसिंह चेमजोङ आफ्नो मातृभाषा र लिपिका एक सशक्त अन्वेषक हुन् । उनले नेपाल र भारतका विभिन्न ठाउँहरूको स्थलगत भ्रमण गरी आफ्नो भाषा, लिपि र संस्कृतिको विस्तृत खोज र प्रचार प्रसार गरे । नेपाल बाहिर जन्मेर पनि उनले आफ्नो कर्मथलो नेपाललाई नै बनाए । सन् १९५३ मा भारतको सिक्किमबाट पूर्वी नेपालको लिम्बूवान क्षेत्रमा आई उनले लिम्बूवान क्षेत्रमा 'सुधारसंघ' नामक संस्थाको गठन गरे । त्यसको अध्यक्ष भएर उनले परम्परागत रीतिस्थिति, संस्कृति र सभ्यताको संरक्षण गरी जनचेतना बढाउने कार्य गरे ।

३. **अस्ति शुक्रबारको ७ कक्षामा बिहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म भएका पठनपाठन र अरू क्रियाकलापहरूको दुई शब्दमा नबढाइ सारांश लेख्नुहोस् :**

एकाइ 3

# कथा लेखन

## कथा लेखनको परिचय

मानवीय जीवन जगत्सँग सम्बन्धित रहेर रोचक ढङ्गले क्रमबद्ध रूपमा घटनाक्रम मिलाएर तयार पारिएको रचना नै कथा हो । विषयवस्तु, कथानक, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, संवाद, कथा आदि कथाका तत्त्व हुन् । कथाहरू सामाजिक, पौराणिक तथा लोक संस्कृतिका विविध क्षेत्रहरूबाट लिइन्छ । सामान्यतया कथामा जीवन र जगत्को रोचक प्रस्तुति पाइन्छ । कथाहरू सन्देशमूलक, नीतिमूलक र यथार्थपरक हुन्छन् । कथाले समाजमा देखिएका विकृति र विसङ्गतिलाई प्रस्तुत गरेका हुन्छन् ।

## कथा रचना गर्ने तरिका

(क) दिएका बुँदाहरू सरसर्ती पढी कथाको आदि, मध्य र अन्त्यको क्रम मिलाउने,

(ख) कथाको घटना र पात्रको संयोजन मिलाएर प्रस्तुत गर्ने,

(ग) पात्रको नाम दिइएको छैन भने नाम राख्ने,

(घ) मौलिक भाषाको संयोग गरी कथालाई रोचक बनाउने,

(ङ) दृष्टिविन्दुको निर्धारण गरी कथा लेखन आरम्भ गर्ने,

(च) संवाद प्रस्तुत गर्दा पात्रको स्तरअनुसार गर्ने,

(छ) कथानकलाई स्वाभाविक तुल्याउने,

(ज) कथालाई एक अथवा दुई अनुच्छेदमा प्रस्तुत गरी अन्तमा कथाले दिन खोजेको सन्देश समेटी उल्लेख गर्ने,

(झ) कथाको सारवस्तुलाई समेट्ने गरी उपयुक्त शीर्षक दिने ।

## कथा लेखनको नमुना

### नमूना - १

**तल दिइएका बुँदाहरूका आधारमा छोटो कथा तयार पार्नुहोस् :**

एक जना अकबर नाम गरेका राजा उनी भ्यागुताका ज्यादै सौखिन —— जिउँदा भ्यागुतालाई जम्मा पारेर उफार्दा रमाइलो मान्ने —— भ्यागुतालाई नबाँधी र नथुनिकन

एक धार्नी पारेर ल्याउनेलाई एक धार्नी सुन दिने घोषणा —— दरबारमा भ्यागुता जोख्नेको भिड —— जिउँदा भ्यागुता जोखेर धार्नी पुऱ्याउने प्रतियोगिता —— सबै भ्यागुता उफ्रेका —— अनेक जतन गर्दा पनि जोखेर धार्नी पुऱ्याउन नसकिएको —— सबै हार मानेर हिँडेका —— भ्यागुताको धार्नी कहिल्यै नपुग्ने सन्देश ।

उत्तर :

## मुर्खको ओखती हुँदैन

कुनै एक देशमा अकबर नाम गरेका राजा थिए । उनी भ्यागुताका ज्यादै सौखिन थिए । जिउँदा भ्यागुतालाई जम्मा पारेर उफार्दा उनी अत्यन्त रमाइलो मान्थे । एक दिनको कुरो हो, राजाका मनमा एउटा विचार आयो । उनले भ्यागुतालाई नबाँधी र नथुनिकन एक धार्नी पारेर ल्याउनेलाई एक धार्नी सुन दिने घोषणा गरे । विभिन्न ठाउँका मानिसहरू सुन पाउने लोभमा दरबारमा भ्यागुता जोख्न आए । त्यहाँ जिउँदो भ्यागुता जोखेर धार्नी पुऱ्याउने प्रतियोगिता भयो । सबैले भ्यागुता जम्मा पार्न खोज्थे तर भ्यागुता बुरुक्कबुरुक्क उफ्रने गरेकाले अनेक जतन गर्दा पनि कसैले जोखेर धार्नी पुऱ्याउन सकेनन् । आखिर भ्यागुताको धार्नी पुऱ्याउन भनी आएका सबै मानिसहरू लुत्रे कान लगाई आ–आफ्नो घर हिंडे ।

### नमुना - २

ठुलो खोला —— खोलामाथि बाँसका साँघुरो पुल —— दुईटा भेडा दुईतिरबाट आउनु —— एकले अर्कालाई देख्नु —— एक पटकमा एक मात्र तर्न सक्नु —— दुवैलाई हतार हुनु —— सरासर पुल तर्न थाल्नु —— दुवैको पुलमा भेट हुनु —— दुवैले एक अर्कालाई धकेलेर आफ्नो बाटो जान खोज्नु —— दुवै आपसमा जुध्न थाल्नु —— पुल —— हल्लनु —— जुध्न नछोड्नु —— आखिरमा ती दुवै खोलामा खस्नु —— दुवैको खोलामा बगेर ज्यान जानु —— बढी घमण्ड गर्दा यस्तै हुनु ।

## घमण्डको परिणाम

कुनै गाउँमा एउटा किसानले दुई ओटा भेडा पालेको थियो । ती भेडाहरू एकदमै घमण्डी थिए । उनीहरू सधैँ आफ्नो आहारको खोजीमा जङ्गल जाने गर्दथे । जङ्गलको बिचमा ठुलो खोला थियो । खोलामा वारपार गर्नका निम्ति एउटा बाँसको साँघुरो पुल थियो । एक दिन आहाराको खोजीका क्रममा हिँडेका ती दुई भेडा विपरीत दिशाबाट आएकाले पुलका बिचमा भेट भयो । उनीहरू दुवैको मनमा आफू हिँडेको बाटो नछोड्ने र ठाउँ नदिने विचार

आयो । बिचमा दुवै रोकिए । दुवैलाई आपसमा अति नै रिस उठ्यो र जुध्ने निर्णयमा पुगे । उनीहरू दुवै बल लगाएर जुध्न थाले । जुध्दा दुवैका सिङ भाँच्चिए । तर पनि उनीहरूको रिस मरेन । अझ खुट्टाले हानाहान गर्न थाले । पुलमा बार नभएकाले दुवै खोलाको बिचमा खसे । खोला ठुलो थियो । उनीहरूलाई खोलाले बगायो र दुवैको मृत्यु भयो । यसरी घमण्डले गर्दा दुवैले ज्यान गुमाउनुपऱ्यो ।

## अभ्यास

१. **तल दिइएका बुँदाहरूका आधारमा छोटो कथा लेख्नुहोस् :**

कुनै देशमा एउटा क्रुर शासक हुनु —— काम गर्दा नोकरबाट एउटा गमला फुट्नु —— गमला ऐतिहासिक महत्त्वको हुनु —— शासकलाई झोँक चल्नु —— नोकरलाई कडा सजाय दिने घोषणा गर्नु —— गाउँको एउटा बूढाले त्यो खबर सुन्नु —— त्यस बूढाले गमला जोड्न सक्ने बताउनु —— शासकले बूढालाई दरबारमा झिकाउनु —— गमला जोड्ने आदेश दिनु —— बूढाले अरू सबै गमला फुटाइदिनु —— शासकले गमला फुटाउनुको कारण सोध्नु —— निर्दोष व्यक्तिलाई कडा सजायको घोषणा गरेकोले यसो गरेको बताउनु —— शासकको आँखा खोल्नु —— मानव जीवनको मूल्य बुझ्नु —— देशवासीले ती बूढालाई सम्मान गर्नु —— अन्यायको विरोध गर्नुपर्ने सन्देश ।

२. **तल दिइएका बुँदाहरूका आधारमा छोटो कथा तयार पार्नुहोस् :**

कुनै एउटा जङ्गल —— ठुला ठुला रूखहरू —— एउटा रूखमा चराको गुँड —— भालेपोथी दुवै सुखी रहेका —— हिउँदको समय —— त्यही रूखको हाँगामा जाडोले कक्रिएको बाँदर आइ बसेको —— बाँदर थरथर कामेको —— उसको अवस्था दयनीय भएको —— चरीलाई दया लागेको —— मानिसको जस्तै अनुहार, हातगोडा भएर पनि घर किन बनाएर नबसेको भनी सम्झाएको —— बाँदर रिसाएको —— आफ्नो खिल्ली उडाएको भनी चराको गुँडसमेत भत्काइदिएको —— मुर्खलाई उपदेश दिँदा विचार पुऱ्याउनुपर्ने सन्देश ।

३. **तल दिइएको बुँदाहरूका आधारमा छोटो कथा तयार पार्नुहोस् :**

एउटा जङ्गलमा डरलाग्दो सिंह —— जङ्गलको राजा भएको घोषणा —— अन्य जनावरप्रति घोर अत्याचार —— दिनहुँ थुप्रै जनावरको हत्या —— जङ्गलमा जनावरहरूको अस्तित्त्व

लोप हुने खतरा —— अन्य जनावरहरूको भेला —— भेलाले दैनिक एउटा जनावर पालैपाले सिकारको लागि जाने निर्णय —— निर्णयअनुसार खरायोको जाने पालो —— खरायो ढिला गरी जानु —— सिंह रिसाउनु —— खरायोले बाटोमा अर्को सिंहसँग भेट भएको बताउनु —— अर्को सिंह कहाँ छ भनी सिंहले सोध्नु —— खरायोले इनार नजिक गई पानीमा सिंहको छाया देखाउनु —— मार्न भनेर सिंह हाम फाल्नु —— खरायोको बुद्धिले अन्य जनावरहरू बचाउन सफल हुनु —— बलभन्दा बुद्धि ठुलो हुन्छ भन्ने सन्देश।

४. **अस्ति बिहीबार बेलुका हजुरआमाले सुनाउनु भएको पिपलको कथा आफ्नै भाषामा लेखेर कक्षामा छलफल गर्नुहोस् :**

५. **आफ्नो गाउँ ठाउँमा चलिआएका कुनै दुईओटा छोटाछोटा कथा लेखेर गुरुआमाबाट रुजु गराउनुहोस् :**

६. **तल दिएका बुँदाका आधारमा तपाईँको वितेको समयलाई कथात्मक शैलीमा प्रस्तुत गर्नुहोस् :**

| | |
|---|---|
| जन्म : | जन्मस्थान : |
| मातापिता : | दाजुभाइ : |
| दिदीबहिनी : | छरछिमेकी : |
| मामा माइजू : | दिनेश, उषा, कविता (साथी) : |
| खरले छाएको पहाडको घर : | खोलानाला : |
| बारीका ठुला ठुला पाटा : | खेतका गह्रा : |
| पँधेरो : | कुलो : |
| रूख, विरुवा, जनावर : | |

एकाइ 4

# जीवनी लेखन

## जीवनी लेखनको परिचय

कुनै प्रसिद्ध व्यक्तिको जीवनलाई छर्लङ्ग पार्न उसले जीवनभर गरेका काम कुराको क्रमबद्ध लेखनलाई जीवनी भनिन्छ । जीवनी लेखनले योगदान दिने व्यक्तिहरूप्रतिको श्रद्धा सम्मान तथा पछिल्लो पुस्ताका लागि प्रेरणा, हौसला र पथप्रदर्शनको काम गर्दछ । जीवनी तथ्यहरूमा आधारित हुन्छ । जीवनीमा व्यक्तिले भोग्नुपरेका सुख, दुःख, घटना, प्रतिघटना, चरित्र, पेसा, सफलता, असफलता आदि महत्त्वपूर्ण पक्षहरूलाई सिलसिला मिलाएर क्रमबद्ध प्रस्तुत गरिन्छ । जीवनी लेखन सत्यतथ्यमा आधारित हुनुपर्छ । अनुमानित अस्पष्ट कुरा जीवनीमा उल्लेख गर्नु हुँदैन ।

## जीवनी लेखनको तरिका

(क) उपयुक्त शीर्षक दिने,

(ख) जीवनीका लागि दिइएका बुँदाहरूबाट आदि, मध्य र अन्त्य भाग छुट्याउने,

- अ) आदि भाग : यसमा जन्म बाल्यकाल, शिक्षा, पारिवारिक स्थितिको उल्लेख गर्ने,
- आ) मध्य माग : यसमा योगदान, पुरस्कार तथा सम्मानका साथै घटेका घटनाहरू प्रस्तुत गर्ने,
- इ) अन्त्य भाग : यसमा व्यक्तिको मूल्याङ्कन र मृत्यु भएमा मृत्यु उल्लेख गर्ने,

(ग) सरल एवम् सहज भाषामा लेख्ने,

(घ) वस्तुपरक भाषाको प्रयोग गर्ने,

(ङ) हँसी, मजा, ठट्टा हुने कुराको वर्णन नगर्ने ।

## जीवनी लेखनको नमुनाहरू

### नमुना – १

| | | |
|---|---|---|
| नाम | : | विष्णुकुमारी वाइवा |
| जन्मस्थान | : | दार्जिलिङ, भारत |
| जन्ममिति | : | वि.सं. १९९४ |

पिता : के.एन. वाइवा

माता : अमृता मोक्तान

साहित्यिक नाम : पारिजात

प्रमुख प्रकाशित कृतिहरू : शिरीषको फूल, बैँसको मान्छे, महत्ताहीन (उपन्यास) सडक र प्रतिभा आदिम देश (कथा सङ्ग्रह)

विशेषता : प्रगतिवाद, विसङ्गतिवाद, अस्तित्ववाद, शून्यवादजस्ता आधुनिक वादहरूको प्रभावबाट साहित्यिक रचना गर्ने नारी प्रतिभा, बहुमुखी प्रतिभाको धनी, शारीरिक अवस्था कमजोर भए पनि मानसिक दृढताले सम्पन्न सङ्घर्षशील नारी प्रतिभा,

पुरस्कार : मदन पुरस्कार, गड्की बसुन्धारा पुरस्कार आदि,

मृत्यु : वि.सं. २०५० वैशाख ५ काठमाडौँ ।

**उतर:**

## साहित्यकार पारिजात

वि.सं. १९९४ मा भारतको दार्जिलिङ्मा जन्मिएकी साहित्यकार पारिजातको वास्तविक नाम विष्णु कुमारी वाइवा हो । पिता के.एन. वाइवा र माता अमृता मोक्तानकी सुपुत्री पारिजातका प्रमुख कृतिहरू शिरीषको फूल, बैँसको मान्छे, महत्ताहीन आदि उपन्यास, सडक र प्रतिभा, आदिम देश कथासङ्गह, आकाङ्क्षा, बैँसालु वर्तमान कवितासङ्ग्रह आदि छन् ।

बहुमुखी प्रतिभाकी धनी प्रसिद्ध साहित्यकार पारिजातका कृतिहरू मूलतः विसङ्गतिवाद, अस्तित्ववाद, शून्यवाद र प्रगतिवादजस्ता आधुनिक वादहरूबाट प्रभावित छन् । शारीरिक दुर्वलता भए पनि मानसिक सबलताले सम्पन्न सङ्घर्षशील नारी प्रतिभा पारिजात मदन पुरस्कार, गड्की वसुन्धरा पुरस्कार आदिबाट सम्मानित भइन् ।

सङ्घर्षशील प्रसिद्ध साहित्यकार पारिजातको निधन वि.सं. २०५० वैशाख ५ गते काठमाडौँमा भयो ।

## अभ्यास

१. **तल दिइएका बुँदाका आधारमा छोटो जीवनी लेख्नुहोस् :**

नाम : भैरव अर्याल

जन्ममिति : वि.सं. १९९३ असोज ५

जन्मस्थान : ललितपुर

शिक्षा : एम. ए. सम्मको औपचारिक शिक्षा हासिल

प्रकाशित कृतिहरू : काउकुती, जयभुँडी, गलबन्दी, इतिश्री र दस औतार

विशेषताहरू :

- नेपाली साहित्यमा कथा, कविता, समालोचना हास्यव्यङ्ग्य, निबन्ध, विधामा सक्रिय रूपमा कलम चलाएका,
- हास्यव्यङ्ग्यको मिश्रण गरी निबन्धको रचना,
- देशभक्ति, समाजसुधार र मानवतावादी चिन्तनलाई निबन्धमा व्यक्त,
- मानिसका खराब आचरणप्रति तीखो व्यङ्ग्य प्रहार,

मृत्यु : वि.सं. २०३३ असोज १९ काठमाडौँ ।

२. **तल दिइएका बुँदाका आधारमा छोटो जीवनी लेख्नुहोस् :**

नाम : गेहेन्द्र शमशेर राणा

जन्म : वि.सं. १९२८ पौष ३

जन्मस्थान : काठमाडौँ

पिता : वीरशमशेर राणा

जीवनका घटना : अनुदार राणा परिवारमा बुद्धिमानका रूपमा जन्मनु,

- राणा परिवारमा जन्मेर पनि चिन्तनशील, तीक्ष्णबुद्धि र सिजर्नशीलका रूपमा उदाउनु,
- आविष्कारबाट चन्द्रशमशेर त्रसित हुनु,
- चन्द्रशमशेरलाई आफ्नो पौरख देखाउनु दरबार गएर ढोग्न लाग्दा पेस्तोल खस्नु,
- चन्द्र शमशेर डराएर दरबार जान रोक लगाउनु ।

प्रमुख कार्य : वैज्ञानिक खोज र अनुसन्धान

मुख्य आविष्कार : आधुनिक मोटरकार, मेसिनगन, तोप

मृत्यु : १९६४ भाद्र २३ गते ।

एकाइ ५

# संवाद लेखन

## संवादको परिचय

कुनै पनि विषयका बारेमा दुई अथवा दुईभन्दा बढी व्यक्तिहरूबिच हुने वार्तालाप अथवा छलफललाई संवाद भनिन्छ । संवादलाई कुराकानी, वार्तालाप छलफल, कथोपकथन, प्रश्नोत्तर आदि भनिन्छ । संवादमा एउटाले बोल्ने र अरूले सुन्ने गरिन्छ । यसमा सबै जना एकैपल्ट नबोली पालैपालो बोलिन्छ । संवादको माध्यमबाट कुनै विषयको निचोड निकाल्न सहज हुन्छ । संवाद हुँदा कुराकानी मात्र नभई वक्ताहरूबिच हाउभाउ पनि हुने गर्दछ । जसलाई कोष्ठक चिह्नभित्र प्रयोग गरिन्छ । संवाद सुरु गर्नुभन्दा अगाडि कुन कुन पात्र प्रयोग भएका छन् र कुन स्थानमा संवाद गरिन्छ त्यसको जानकारी पनि दिइएको हुन्छ ।

## संवाद लेख्ने तरिका

(क) कुन विषयको संवाद लेख्ने हो त्यसको पृष्ठभूमि ख्याल गर्ने,

(ख) संवादको सुरु, मध्य र अन्त्य कसरी गर्ने हो त्यसको योजना बनाउने,

(ग) संवादको प्रारम्भमा परिवेश उल्लेख गर्ने र त्यसरी उल्लेख गरिएको परिवेश कोष्ठकभित्र राख्ने,

(घ) संवादको शीर्षक उल्लेख गर्ने,

(ङ) दुईदेखि तीन पात्रहरूको सिर्जना गरी विषयवस्तुको पक्ष र विपक्षमा खण्डन र मण्डन गराउँदै विषयवस्तुलाई अगाडि बढाउने,

(च) संवादमा पात्रको हाउभाउलाई पनि बिचबिचमा प्रस्तुत गर्ने,

(छ) संवादमा प्रयोग गरिने शब्द अथवा भाषा पात्रको स्तरअनुसार हुनुपर्ने,

(ज) संवाद लेख्दा लेख्य विराम ख्याल गर्नुपर्ने,

(झ) संवादको अन्त्यमा उचित निचोड निकाली समापन गर्ने ।

## संवाद लेखनका नमुनाहरू

### नमुना – १

**'धुम्रपानले लिन्छ ज्यान' भन्ने विषयमा एउटा संवाद लेख्नुहोस् :**

**समय : दिउँसो २ बजे**

(सार्वजनिक स्थानमा एक युवक धुम्रपान गरिरहेको अवस्थामा परिचित व्यक्तिले भेट्छन् ।)

| | | |
|---|---|---|
| सुमन | : | ए बाबु ! अनि यहाँ बसेर के गरिरहेका छौ ? |
| रमेश | : | दाइ नमस्कार ! खासै केही छैन । आज अलि बढी तनाव भएर एक्लै बसिरहेको छु । |
| सुमन | : | (हाततिर हेर्दै) हैन, यो हातमा के हो ? तिमी पनि चुरोट खाने भएछौ ? |
| रमेश | : | (मुस्कुराउँदै) हो । तनाव हटाउन चुरोट खाँदै छु । |
| सुमन | : | त्यसो भए तनावको औषधी चुरोट पिइरहेका छौ ? अरू के के गर्छौ नि ? |
| रमेश | : | यति चुरोट मात्रै खाने गर्छु । |
| सुमन | : | यसको अर्थ चुरोटचाँहि खाइरहन्छौ ? |
| रमेश | : | के हुन्छ त जाबो धुवाँ उडायो, अलि तनाव पनि कम हुन्छ । |
| सुमन | : | चुरोटको असरबारे थाहा छ नि हैन ? |
| रमेश | : | खै, ठुला ठुला मान्छेले पनि खाएको देख्छु म त । |
| सुमन | : | अरूले नबुझेर खाए भनेर तिमीले पनि त्यसो गर्नु हुन्छ त ? |
| रमेश | : | तपाईँका कुरा बुझिनँ नि । |
| सुमन | : | तिमीलाई थाहा छ क्यान्सर ? त्यसमा पनि फोक्सोको क्यान्सर, दम, खोकी आदि बिरामीहरूको मूल कारण धूम्रपान नै हो । |
| रमेश | : | हो र ? खै, मलाई त थाहा छैन । |
| सुमन | : | धूम्रपान वास्तवमै हानिकारक हुन्छ । यसले मानिसलाई दीर्घरोगी मात्र बनाउँदैन, ज्यानैसमेत लिन पुग्छ । यस उमेरमा धूम्रपान गर्नु भनेको आफैँले काल निम्त्याउनु पनि हो । |
| रमेश | : | मैले सबै कुरा बुझेँ । म आजैबाट चुरोट खान छोड्छु । |
| सुमन | : | तिमीले सही निर्णय गर्‍यौ । म धेरै खुसी भएँ । |
| | | (दुवैजना आ–आफ्नो बाटो लाग्छन् ।) |

## नमुना – २

**'सरसफाइको महत्त्व' शीर्षकमा एउटा संवाद तयार पार्नुहोस् :**

| | | |
|---|---|---|
| समय | : | बिहान ७:०० बजे |
| स्थान | : | पेम्बाको घर |
| | | (घरमा छिरिङले काम गरिरहेको अवस्थामा पेम्बाको प्रवेश हुन्छ ।) |
| पेम्बा | : | ओ ! छिरिङ एकाबिहानै के गर्दै छौ ? |
| छिरिङ | : | हैन, तिमीचाँहि एकाबिहानै कहाँबाट आइपुग्यौ ? |

पेम्बा : म त तिमीलाई नै भेट्न आएको हुँ । तिमी आज कतै जाँदैनौ नि ?

छिरिङ : आज कतै जान्नँ । घरमा कोही पनि हुनुहुन्न । घरमा बाथरुमदेखि सिँढीसम्म सफा गर्नुछ । कपडा पनि धुनै पर्‍यो ।

पेम्बा : (बिचमा कुरा काट्दै) हैन, तिम्रो कुरा सुन्दा त सरसफाइ बाहेक अरू केही पनि काम छैन जस्तो कुरा गर्छौ त । यस्ता कुरामा पनि समय खेर फाल्ने हो । जाऊँ हिँड बजारतिर घुम्न ।

छिरिङ : के कुरा गर्छौ, तिमी । बल्लबल्ल बिरामीबाट उठेका छौ । आराम गर । जानुपर्ने नै भए यसो बगैँचातिर डुल । बजारबाट फोहोर नउठेको पनि हप्ता दिन भयो । त्यहाँको दुर्गन्ध कस्तो होला । सरसफाई भएन भने बिरामी परिन्छ ।

पेम्बा : बिरामी भन्ने कुरा सरसफाइले होइन क्या । त्यो त मान्छेलाई भइहाल्छ नि । कहाँ यस्तो कुरा जोडेको ! कस्ताकस्ता मान्छे त बिरामी हुन्छन् ।

छिरिङ : त्यस्तो हैन पेम्बा, रोगबाट बच्न सरसफाइ सबभन्दा पहिलो कुरो हो । यी हेर त घरभित्र बाथरुमदेखि किचेनसम्म कतै फोहोर देख्छौ ? घरबाहिर हेर त कतै फोहोर छैन । किटाणुहरू फोहोरमा बस्छन् । तिनले हामीलाई बिरामी पार्छन् । त्यसैले म यो काम फटाफट गर्छु । अनि तिमीसँगै बगैँचामा बसेर चिया खाउँला ।

पेम्बा : यो मान्छेले मलाई पनि सुधार्ने भयो । (दुवै हाँस्छन्)

## अभ्यास

१. **'सादा जीवन उच्च विचार' भन्ने शीर्षकमा एउटा संवाद तयार पार्नुहोस् ।**

२. **'पर्यटक हाम्रा पाहुना हुन्' भन्ने विषयमा एउटा संवाद तयार पार्नुहोस् ।**

३. **'खेलकुदको महत्त्व' शीर्षकमा छोटो संवाद तयार पार्नुहोस् ।**

४. **'स्वास्थ्य नै धन हो' भन्ने विषयमा छोटो संवाद तयार पार्नुहोस् ।**

५. **'नारी शिक्षा आजको आवश्यकता' भन्ने विषयमा छोटो संवाद तयार पार्नुहोस् ।**

६. **'बाल अधिकार' शीर्षकमा छोटो संवाद तयार पार्नुहोस् ।**

७. **'पुस्तकालयको महत्त्व' शीर्षकमा छोटो संवाद तयार पार्नुहोस् ।**

८. 'विद्यार्थी जीवनमा अनुशासनको महत्त्व' शीर्षकमा छोटो संवाद तयार पार्नुहोस् ।

९. आज शनिबार बिदाको दिन हो तपाइँ आमासँग बजार घुम्न जानुभयो, बजार घुम्दै हुनुहुन्थ्यो, त्यहीवेला अकस्मात तपाईंकै साथी कोपिलासँग भेटभयो र तपाईं र कोपिलका बिच भएको कुराकानी लेख्नुहोस् :

कोपिला : ____________________

दिनेश : ____________________

आमा : ____________________

कोपिला : ____________________

आमा : ____________________

दिनेश : ____________________

कोपिला : ____________________

दिनेश : ____________________

कोपिला : ____________________

दिनेश : ____________________

साहुजी : ____________________

एकाइ
६
# वादविवाद लेखन

## वादविवादको परिचय

कुनै पनि विषयमा पक्ष विपक्षका आधारमा गरिने तर्कपूर्ण बहसलाई वादविवाद भनिन्छ। वादविवादमा विषयको प्रस्तुति अथवा विपक्षीको विचार खण्डन आत्मविश्वासका साथ कुनै कुरालाई धेरै मानिसको बिचमा प्रस्तुत गर्ने क्षमताको विकास पनि वादविवादका माध्यमबाट बन्छ। यो भाषण गर्ने कला भएकाले सफल वक्ता बन्न यसबाट मद्दत मिल्दछ। यो मौखिक अभिव्यक्ति भएपनि लिखित अभिव्यक्तिका रूपमा अभ्यास गराइन्छ।

## वादविवाद लेख्ने तरिका

(क) आफूले बोल्ने अथवा लेख्ने शीर्षकको विषयवस्तुलाई मनन गरी बुँदा निर्धारण गर्ने,
(ख) सुरुमा विशिष्ट व्यक्तिलाई सम्बोधन गर्नुपर्छ,
(ग) सम्बोधन पछि आफू विषयको पक्ष अथवा विपक्षमा केमा बोल्ने हो, सो स्पष्ट पार्ने,
(घ) विपक्षीका तर्कहरूलाई खण्डन गर्दा व्यक्तिगत आक्षेप नलगाई शिष्ट भाषामा प्रसङ्ग सुहाउँदा उदाहरण अथवा प्रमाण दिनुपर्छ,
(ङ) वक्ताको प्रयोग गर्ने हाउभाउ र समयको सङ्केत कोष्ठकमा गर्ने,
(च) वादविवादको शीर्षक उल्लेख गर्ने,
(छ) अन्त्यमा भनाइको सार उल्लेख गरी अभिवादनसहित आफ्नो भनाइ अन्त्य गर्ने।

## वादविवाद लेखनका नमुनाहरू

### नमुना – १

**क) विपक्षी मतको खण्डन गर्दै 'शस्त्र बलभन्दा नैतिक बल ठुलो' भन्ने वादविवादको विषयमा पक्षका तर्फबाट आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस्।**

आदरणीय सभाध्यक्षज्यू,
निष्पक्ष निर्णायक मण्डल,
गुरुजन र मेरा प्यारा साथीहरू !

आजको यस वादविवाद प्रतियोगितामा म विषयको पक्षबाट बोलिरहेको छु। मेरो विषय 'शस्त्र बलभन्दा नैतिक बल नै शक्तिशाली हुन्छ' भन्ने रहेको छ। कुनै पनि राष्ट्रको उन्नति र प्रगतिमा शस्त्रबलभन्दा नैतिक बलको ठुलो हात रहेको हुन्छ। मेरा विपक्षी मित्रले शस्त्रबलमा जोड दिनुभयो तर यो कुरा मान्ने पक्षमा म छैन किनभने शस्त्रबल

भनेको बुद्धि, विवेक र ज्ञानभन्दा बेग्लै हातहतियारको प्रदर्शन गरी मानिसलाई तर्साउने कुरा हो । त्यसकारण शस्त्र बलले मानिसलाई युद्ध, अशान्ति कलह र रक्तपाततिर उन्मुख गराउँछ । वास्तवमा शस्त्रबल विध्वंसको प्रतीक हो । शस्त्रबलमा विश्वमा शान्ति दिन सक्दैन । शस्त्रबलमा विश्वास गर्ने मानिस अविवेकी, अन्यायी र अत्याचारी हुन्छ । सबै मानिसले शस्त्र बललाई समर्थन गर्ने हो भने विश्व नै विनाशतर्फ अग्रसर हुन्छ र मानवको अस्तित्त्व नै लोप हुन्छ ।

सभापति महोदय,

यसका विपरीत नैतिक बलले मानिसमा विवेकी, नैतिकवान्, उच्च विचार, नवीन चेतना तथा आदर्श भावनाको विकास गरिदिन्छ । सम्पूर्ण मानव जीवनमा शान्ति, सद्भावना, सत्प्रेरणाको विकास गरी उच्च नैतिक गुण र उच्च चरित्र निर्माण नैतिक बलबाट मात्र सम्भव हुन्छ । विश्वका महान् पुरुषहरूले शास्त्रको बलभन्दा नैतिक बललाई जोड दिएका छन् । (जनाउ घण्टी बज्छ ।)

सभापति महोदय,

अन्त्यमा, म के भन्न चाहन्छु भने नैतिक बलकै माध्यमबाट जुनसुकै कुरामा पनि विजय हासिल गर्न सकिन्छ । सम्पूर्ण देश र विश्वमा नै शान्ति स्थापना गर्न सकिन्छ । जहाँ शान्ति हुन्छ, त्यहाँका मानिसको जीवन सुखी र सम्पन्न बन्छ । यसैबाट देश र समाजलाई प्रगतिपथमा हिँडाउन सकिन्छ भन्दै मेरो छोटो मन्तव्य यहीँ टुङ्ग्याउने अनुमति माग्दछु ।

धन्यवाद !

## नमुना – २

**क) विपक्षी मतको खण्डन गर्दै 'विदेशमा रोजगारी गर्न जानुभन्दा स्वदेशमै परिश्रम गर्नु राम्रो हुन्छ' भन्ने विषयको पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् :**

आदरणीय सभाध्यक्ष ज्यू,
प्रमुख अतिथिज्यू, गुरुवर्ग,
निर्णायक मण्डल तथा प्यारा साथीहरू !

म आज भइरहेको विदेशमा रोजगारी गर्न जानुभन्दा स्वदेशमै परिश्रम गर्नु राम्रो हुन्छ' भन्ने वादविवादको पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्न यहाँ उपस्थित भएको छु । भर्खरै पूर्ववक्ता मित्रले विदेशको सपना बाँड्नुभयो । उहाँले देख्दै नदेखी सुनेका भरमा विदेशमा सुखैसुख पाइन्छ भन्ने कुरा सुन्दा मलाई अचम्म लागिरहेको छ । विदेश भन्ने वित्तिकै सबै कुरा नयाँ हुन्छ । मान्छे नयाँ, भाषा नयाँ, व्यवहार तथा संस्कृति नयाँ, काम नयाँ ठाउँ नयाँ सबै नयाँ । त्यस्ता ठाउँमा घरपरिवार, आफन्त आदिबाट टाढा भएर बस्नुपर्ने मानिसलाई सन्तोष होला ? पक्कै पनि हुन्न । अर्को बुझ्नुपर्ने कुरा के भने वैदेशिक रोजगारीमा जानु भएको तपाईँ विदेशीहरूको नोकर भएर जानु हो । स्वदेशी मालिकले हेप्दा त हाम्रो मन कुँडिन्छ भने विदेशी मालिकले नराम्रो वचन लगाउँदा झन् कस्तो होला ? मेरा मित्रलाई अर्को कुरा पनि भन्न चाहन्छु, वैदेशिक रोजगारीमा जाने कैयौँले अङ्गभङ्ग भएर अथवा मृत्युलाई

वरण गरेर फर्किनु परेको तीतो सत्यलाई हामीले बिर्सनु हुँदैन । त्यसैले मेरो विचारमा विदेशमा रोजगारी गर्न जानुभन्दा स्वदेशमै परिश्रम गर्नु राम्रो हुन्छ । (जनाउ घण्टी बज्छ)

सभापति महोदय,

हामीले विदेशमा गएर दुःख पाउनुभन्दा स्वदेशमै परिश्रम गरी प्रशस्त पैसा कमाउन सक्छौँ । आखिर जहाँ भए पनि मिहिनेत गरेर पैसा कमाउन सकिन्छ भने विदेश जानै पर्छ र ? पक्कै पर्दैन । आज कैयौँ युवकयुवतीहरूले स्वदेशमा उद्योग धन्दा सञ्चालन गरेर, कृषि व्यवसाय गरेर पनि पैसा कमाएका छन् । उनीहरू यहीँ परिश्रम गरेर आनन्दले बस्न पाइने र सन्तोषको जीवन बिताउन सकिने उदाहरण बनेका छन् । अतः मेरो विचारमा विदेशमा रोजगारीमा जानुभन्दा स्वदेशमै परिश्रम गर्नु राम्रो हो भन्दै मेरो भनाइ यहीँ टुङ्ग्याउन चाहन्छु ।

धन्यवाद !

## अभ्यास

१. 'धनभन्दा विद्या ठुलो' भन्ने वादविवादको पक्षमा आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।
२. विपक्षका तर्कहरूको खण्डन गर्दै 'सहरिया जीवनभन्दा गाउँले जीवन वेश' भन्ने वादविवादको पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।
३. विपक्षीको मतको खण्डन गर्दै 'भाग्यभन्दा परिश्रम ठुलो' भन्ने विषयको पक्षबाट आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।
४. 'तरबारभन्दा कलम बलियो' भन्ने वादविवादको पक्षमा आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।
५. 'नारी शिक्षित भएमात्र समाज शिक्षित हुन्छ' भन्ने वादविवादको पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।
६. वादविवाद, वक्तृत्वकला, प्रवचनमा पाइने भिन्नता प्रस्तुत गर्नुहोस् ।
७. अघिल्लो महिनाको अन्तिम शुक्रबार तपाईंको विद्यालयले वादविवाद प्रतियोगिता गरेको थियो । त्यो प्रतियोगितामा ७ कक्षाकै रमिला न्यौपानेले पहिलो स्थान हासिल गरेकी थिइन् । अब लेख्नुहोस् पहिलो साथी न्यौपानेले पक्षमा बोलेका कुरा सम्झिएर सारांश लेखनुहोस् ।
८. वादविवाद प्रतियोगिताका लागि दिइएका विषयमध्ये तपाईंलाई विशेषगरी कुन पक्ष र विपक्षमध्ये कुनमा बोल्न पाउँदा आनन्द आउँछ ?
९. भोलि शुक्रबारको दिन हो । १:३० मा पढाइ सकिन्छ, त्यसपछि अतिरिक्त क्रियाकलाप अन्तर्गत वक्तृत्वकला प्रतियोगिता सुरु हुन्छ । सो प्रतियोगिताका लागि गोला प्रथाद्वारा छानेर कुनै एक शीर्षकमा सुन्दर वक्तृत्वकला प्रस्तुत गर्नुहोस् र आफूले बोलेका कुरालाई सारांशमा समेत टिपोट गर्नुहोस् :
   (क) आजको वैज्ञानिक युग
   (ख) खोला तऱ्यो, लौरो बिर्सियो
   (ग) समाजसेवाबाट देशलाई फाइदा
   (घ) अतिरिक्त सामग्रीको अध्यनबाट के के कुरा सिकिन्छ ?

एकाइ ७

# चिठी/निवेदन लेखन

## चिठीको परिचय

कुनै सूचना, सन्देश, समाचार अथवा मनको भावना व्यक्त गर्न कुनै व्यक्ति अथवा संस्थाद्वारा सम्बन्धित व्यक्ति अथवा संस्थालाई लेखिएको पत्रलाई चिठी भनिन्छ । चिठी लेख्ने व्यक्तिलाई प्रेषक र पाउने व्यक्तिलाई प्रापक भनिन्छ । चिठीको आदानप्रदान मूलतः हुलाकद्वारा नै गरिन्छ तर कतिपय अवस्थामा कुनै व्यक्तिमार्फत् पनि चिठी आदानप्रदान गरिन्छ । चिठी घरायसी, कार्यालयीय र व्यापारिक गरी तीन प्रकारका हुन्छन् ।

## चिठी लेख्दा ध्यान दिनुपर्ने कुरा

(क) चिठी लेख्ने कागजको दायाँतिर सिरानमा प्रेषकको ठेगाना र मिति छोटकारीमा लेख्नुपर्छ ।

(ख) मिति लेखिएको पङ्क्तिभन्दा तल्लो पङ्क्तिमा बायाँतिर प्रेषकले प्रापकलाई सम्बन्धअनुसार सम्बोधन गर्नुपर्दछ ।

(ग) सम्बोधनको ठिक मुन्तिर केही ठाउँ छाडेर प्रेषकले प्रापकप्रति गर्ने यथायोग्य अभिवादन लेख्नुपर्छ ।

(घ) सम्बोधन र अभिवादन लेखिसकेपछि आवश्यकताअनुसार पूर्व पत्रको जवाफ समाचार, सूचना आदि कुरा विभिन्न अनुच्छेदमा लेख्नुपर्छ ।

(ङ) चिठीको अन्त्यमा दायाँतिर प्रेषकले प्रापकप्रति सम्बन्ध जनाउने खालका शब्द अथवा शब्दावलीको प्रयोग गर्नुपर्दछ । सो सम्बन्ध जनाउने शब्दमा शब्दावलीको मुन्तिर प्रेषकले आफ्नो नाम लेखी हस्ताक्षर गर्नुपर्दछ ।

(च) चिठी लेखिसकेपछि त्यसलाई खामभित्र बन्द गरी खाम बाहिर बायाँतिर प्रेषक र दायाँतिर प्रापकको पूरा नाम र ठेगाना स्पष्ट रूपमा लेख्नुपर्छ ।

## घरायासी चिठीको नमुना

**नमुना – १**

**(क) आफूले अवलोकन गरेको कुनै दर्शनीय स्थलको वर्णन गर्दै पोखरामा बस्ने साथीलाई चिठी लेख्नुहोस् ।**

चन्द्रगिरि न.पा.– ४

मिति : २०७८/०१/१०

प्रिय मित्र राजन,

सुमधुर सम्झना ।

यहाँ हामी सबैलाई सञ्चै छ । त्यहाँ तिमी र तिम्रो परिवारलाई आरामै होला भन्ने विश्वासमा छु । तिमीले त्यहाँबाट पठाएको चिठी हिजोमात्र प्राप्त भयो ।


तिमीले केही नयाँ कुरा भए चिठीमा लेखेर पढाउन अनुरोध गरेका रहेछौ । यस चिठीमा म त्यस्तै एउटा दर्शनीय ठाउँका बारेमा जानकारी गराउँदै छु ।

हाम्रो विद्यालयले गत हप्ता भक्तपुर जिल्लाको चाँगुनारायण भन्ने ठाउँमा शैक्षिक भ्रमणमा लगेको थियो । म यसभन्दा पहिला पनि त्यहाँ बुबासँग घुम्न गएको थिएँ । मलाई त्यो ठाउँ अत्यन्तै मन परेको थियो । चाँगुनारायणको मन्दिर निकै अग्लो ठाउँमा अवस्थित छ । काठमाडौँ उपत्यकाभित्र यसको ऐतिहासिक र सांस्कृतिक महत्त्व रहेको छ । लिच्छवि राजा मानदेवबाट निर्माण गरिएको यस मन्दिरको अहिले संरक्षण गरिएकाले स्वदेशी तथा विदेशी पर्यटकहरू प्रशस्त आउने गर्दछन् । यस मन्दिरको परिसरबाट हिमालको साथै उपत्यकाका तीन सहरको अवलोकन गर्न सकिन्छ । चारैतिरको दृष्य हेर्न पाउँदा स्वर्गीय अनुभूति हुने गर्दछ । यसको मन्दिरका छेउछाउमा नेपाली कलाकारहरूले बनाएका काठका अनेक वस्तुहरू र हातबाट बनाएका कपडाहरू बेच्न राखिएका छन् । साथी अरू धेरै कुरा के लेखुँ । अरू जिज्ञासा भएमा पत्र लेख्नू । अर्को पत्रमा जवाफ दिउँला ।

उही तिम्रो मित्र

सुमन थापा

## खामको नमुना



## कार्यालयीय चिठीको नमुना

### नमुना – १

१. **आफ्नो विद्यालयको वार्षिकोत्सवका अवसरमा वृक्षरोपण गर्न विभिन्न जातका बिरुवाहरू उपलब्ध गराइदिन अनुरोध गर्दै प्रधानाध्यापकले जिल्ला वन कार्यालयलाई निवेदन लेख्नुभयो ।**

श्री जलदेवी माध्यमिक विद्यालय

सुनापति – ४, रामेछाप

मिति : २०७८/०१/१२

प.स.

च.न.

श्रीमान् अधिकृतज्यू,

जिल्ला वन कार्यालय,

मन्थली ।

विषय : बिरुवा उपलब्ध गराइदिने बारे ।

उपर्युक्त सम्बन्धमा यस विद्यालयको पचासौँ वार्षिकोत्सवको उपलक्ष्यमा विद्यालय क्षेत्रभित्र रहेको खाली भूभागमा विभिन्न प्रजातिका बिरुवाहरू रोपेर विद्यालय परिसरलाई प्राकृतिक वातावरणयुक्त बनाउने विषयमा व्यवस्थापन समितिको निर्णय भएबमोजिम त्यस कार्यालयबाट पाइने उपयुक्त किसिमका लगभग ५०० (पाँच सय) ओटा बिरुवा उपलब्ध गराई सहयोग गरिदिनुहुन अनुरोध छ ।

निवेदक

श्यामबहादुर बलामी

प्रधानाध्यापक

## खामको नमुना

पठाउने
जलदेवी माध्यमिक विद्यालय
सुनापति – ४, खनियापानी,
रामेछाप ।

पाउने
श्रीमान् अधिकृतज्यू,
जिल्ला वन कार्यालय
मन्थली ।

टिकट

## अभ्यास

१. **आउँदो जाडो बिदामा काठमाडौँ घुम्न जाने योजना बनाउन अनुरोध गर्दै पोखरामा बस्ने मामालाई एक चिठी लेख्नुहोस् ।**

२. **विद्यालयबाट दिइने जेहेनदार छात्रवृत्ति पाऊँ भनी प्रधानाध्यापकलाई चिठी लेख्नुहोस् ।**

३. **तपाईंको घर कहाँ अरे ? गोकर्ण । दोलखाको चरिकोटमा बसेका साथीलाई गोकर्णको महिमा वर्णन गर्दै दुई सय शब्दमा नबढाइ चिठी लेख्नुहोस् ।**

४. **तल दिएका बुँदाका आधारमा विराटनगरमा पढ्न बसेका दाइलाई काठमाडौंको हनुमानढोकाको वर्णन गर्दै चिठी लेख्नुहोस् ।**

(क) हनुमानढोकाको निर्माण
(ख) पृथ्वीनारायण शाहको एकीकरण
(ग) हनुमानढोकाका मठमन्दिरहरू
(घ) हनुमानढोकाभित्र रहेका महत्त्वपूर्ण चोकहरू
(ङ) हनुमानढोकाको मूलकोत
(च) हनुमानढोकाको दसैं घर

एकाइ
८

# निबन्ध लेखन

## निबन्धको परिचय

'बन्ध' धातुमा 'नि' उपसर्ग लागेर निबन्ध शब्दको निर्माण भएको हो । जसको शाब्दिक अर्थ 'राम्ररी बाँध्नु' भन्ने हुन्छ । कुनै पनि विषय अथवा शीर्षकमा बाँधिएर अथवा केन्द्रित रहेर आफ्ना अनुभूति, धारणा, सोचाइ अथवा भावनालाई क्रमबद्ध रूपमा रोचक पाराले प्रस्तुत गरिएको गद्य भाषिक रचना निबन्ध हो । निबन्ध त्यस्तो विधा हो जसमा कुनै विषय अथवा शीर्षकमा केन्द्रित रही जीवन जगत्का अनुभव अथवा अनुभूतिलाई एक बसाइमा पढिसकिने आयाममा कलात्मक रूपले अभिव्यक्त गरिन्छ । निबन्धलाई विद्वान्हरूले विभिन्न रूपबाट चिनाएका छन्, तथापि कुनै पनि विषयवस्तुमा आन्तरिक भावना अथवा बाह्य विवरण प्रस्तुत गरी रोचक र क्रमबद्ध रूपमा प्रस्तुत गद्य रचनालाई नै निबन्ध भनिन्छ ।

## निबन्धका प्रकार

**विषयवस्तुका आधारमा निबन्धलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ :**

(क) आत्मपरक निबन्ध (ख) वस्तुपरक निबन्ध

(क) आत्मपरक निबन्ध : कुनै पनि विषयवस्तुमा लेखकले आफ्नो स्वधारणा प्रस्तुत गरी म र हामी जस्ता प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । यसमा विषयवस्तुलाई आफ्ना निजी अनुभव व्यक्त गरिन्छ । यस्ता निबन्ध वैयक्तिक र भावनात्मक हुन्छन् ।

(ख) वस्तुपरक : कुनै पनि विषयवस्तुसँग सम्बन्धित तथ्यको सिलसिला मिलाएर तृतीय दृष्टिबिन्दु शैलीमा लेखिएको निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ । यसमा निबन्ध वस्तुलाई चिनाउने किसिमको हुन्छ । यस्तो खाले निबन्धमा कुनै वस्तु अथवा विषयलाई चिनाउन त्यसको वर्णन, विश्लेषण अथवा विवरण तटस्थ भएर प्रस्तुत गरिन्छ । यस्तो निबन्धमा विषयवस्तुको यथार्थचित्र प्रस्तुत गर्ने उद्देश्य हुन्छ । वस्तुपरक निबन्ध तर्कमूलक, विवरणात्मक एवम् वर्णनात्मक हुन्छन् ।

## (ग) निबन्ध लेख्ने तरिका

(क) निबन्धको सुरुमा शीर्षक लेख्ने,

(ख) निबन्धका आदि, मध्य र अन्त्य गरी तीन भाग लेख्ने,

आदि भागमा विषयवस्तु अथवा शीर्षकको अर्थ, परिभाषा अथवा परिचय दिने,

मध्य भागमा शीर्षक अथवा विषयवस्तुका बारेमा विस्तारपूर्वक चर्चा गर्ने,

अन्त्य भागमा आफूले अगाडि गरेको विषयवस्तु वर्णन, व्याख्या, विश्लेषण र त्यसप्रतिको विचारलाई समेटेर लेखकको दृष्टिविन्दु, अनुभूति, विचार आफ्नो शैलीमा जानकारी दिने,

(ग) निबन्ध सरल र आकर्षक भाषाशैलीमा लेख्ने,

(घ) निबन्ध उद्देश्यमूलक हुनुपर्ने ।

## (घ) निबन्धका नमुनाहरू

### नमुना – १

### पर्यटनको महत्त्व

पर्यटन भनेको घुमफिर हो । अनेकौँ ऐतिहासिक दर्शनीय, रमणीय र अरू कतिपय दृष्टिले पनि महत्त्वपूर्ण मानिने स्थानहरू हेरीहेरी मन बहलाउनका लागि देशविदेशमा गरिने घुमफिर नै पर्यटन हो । विशुद्ध मनोरञ्जनका लागि निजी खर्चमा गरिने भ्रमणलाई पर्यटन भनिन्छ । पर्यटनबाट पर्यटकले देशदेशावरका मनोरम दृश्यावलीहरूको गहिरो आस्वादन प्राप्त गर्दछन् । त्यहाँको जनजीवनमा बहुरङ्गी झाँकीहरूको अवलोकन गर्दछन् । त्यहाँका संस्कृति, रीतिरिवाज, परम्परा र धार्मिक मान्यताभित्र लुकेका रङ्गीचङ्गी पक्षहरूको ज्ञानार्जन गर्दछन् र समष्टिमा भन्दा एक ठाउँका मानिसले अर्को ठाउँका प्राकृतिक सामाजिक, सांस्कृतिक र धार्मिक महत्त्वका स्थानहरूका बहुविध रूपहरूको रहस्य बुझ्ने हुनाले पर्यटनको महत्त्व अविस्मणीय छ ।

पर्यटन शब्दको अर्थ चारैतिर भ्रमण हो तापनि यसको विशिष्ट अर्थचाहिँ विशुद्ध मनोरञ्जनात्मक प्रयोगसँग सम्बन्धित छ । हुन त, मानिसले देश देशावरको भ्रमण विभिन्न उद्देश्यले पनि गर्न सक्छन् तर सबै उद्देश्यले गरिने भ्रमण पनि पर्यटन होइन । नत एउटा पत्रकार मण्डलले अर्को मुलुकको निमन्त्रणामा गर्ने औपचारिक भ्रमण नै पर्यटन हो । विशेष गरेर हिमाली शृङ्खलाका सौन्दर्यको अवलोकन गर्न संस्कृतिभित्र लुकेका अनन्त रहस्यमयी कुरा बुझ्न र प्रकृतिका काखमा एकाकार दुवै परमानन्द लिन गरिने भ्रमण नै पर्यटन हो ।

मानिस स्वभावैले भ्रमण गर्न ज्यादा रुचाउने प्राणी हो। बेलाबखतमा विभिन्न रमाइलारमाइला र मनै लोभ्याउने ठाउँतिर हिँडडुल नगर्ने हो भने मानिसको जीवन नै नीरस एवम् उच्चाहट लाग्दो बन्न पुग्दछ। जीवनलाई सुखी तुल्याउन आक्कलझुक्कल भए पनि यताउति घुमफिर नगरी हुँदैन। अझ घरायसी कामकाज र कार्यालयीय कामकाजबाट हुने थकान अनि अरू खालका झमेलाबाट फुक्का भई बेफिक्रीसँग घुमफिर गर्दाको आनन्द अर्कै हुन्छ। आज पर्यटन व्यवसाय प्रशस्त धनसम्पत्ति आर्जन गर्ने एक प्रमुख व्यवसायका रूपमा फस्टाइरहेको छ। अहिले हरेक देशका लागि खासगरी विदेशी पर्यटकहरू अनमोल सम्पत्ति मानिन्छन्। हरेक देशमा पर्यटनहरूको आगमनलाई ज्यादै महत्त्वपूर्ण ठानिन्छ। जुन देशमा पर्यटकहरू खचाखच ओइरिन्छन् त्यस देशले प्रशस्त मात्रामा विदेशी मुद्रा आर्जन गरी आफ्नो आर्थिक अवस्था मजबुत तुल्याउँछ।

पर्यटनबाट राष्ट्रको भौतिक विकासमा पनि टेवा पुग्दछ। पर्यटकहरूलाई आफ्ना देशमा निम्त्याउँदा बस्ने बास, खाने गाँस र ओड्ने कपासको राम्रो व्यवस्था गरिदिनुपर्दछ। आज आउने विदेशी पर्यटकहरू पाटीको बासमा गुजारासम्म त गर्लान्। तर त्यसले राम्रो सन्देश प्रवाह हुँदैन। त्यसैले पर्यटकलाई लोभ्याउने उत्कृष्ट होटेलहरू, रिसोर्टहरू खोलिनुपर्छ। त्यतिमात्र होइन विभिन्न ट्राभल एजेन्सीहरू, पर्वतारोहणसम्बन्धी संघसंस्थाहरू, नदी यातायात र पैदल यात्रा लगायतको व्यवस्था पनि राष्ट्रले मिलाउनुपर्छ। पर्यटनबाट नयाँनयाँ खोज र अनुसन्धान पनि हुन्छन्। पर्यटनबाट नौलानौला जातिहरू पत्ता लाग्दछन्, नयाँनयाँ ठाउँहरू भेटिन्छन्।

पर्यटन राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो। पर्यटनलाई हाम्रो मुलुकमा पनि एउटा उद्योगका रूपमा स्वीकार गरिएको पाइन्छ। पर्यटकहरू नेपालमा आउँदा नेपालले विदेशी मुद्रा आर्जन गरिरहेको छ। अतः नेपालमा पर्यटन व्यवसायको विकास वाञ्छनीय छ।

पर्यटनलाई एक महत्त्वपूर्ण उद्योगका रूपमा स्वीकार गरी पर्यटकहरूको मनै लोभ्याउने वातावरण तयार पारेमा नेपाल पर्यटनहरूको आगमनका लागि झन आकर्षक बन्न पुग्ने छ। प्रकृतिले आफ्ना अङ्गअङ्गबाट मुस्कान छरेर सजाएको यस नेपालभित्र पर्यटन उद्योग फस्टाउनु भनेको नेपाल र नेपालीलाई प्रत्यक्ष फाइदा हुनु हो। त्यसैले पनि हाम्रा लागि पर्यटनको महत्त्व सर्वोपरि रहेको छ।

### नमुना – २

## परोपकार

मन वचन र कर्मले अर्काको हित अथवा भलाइका लागि संलग्न हुने प्रवृत्तिलाई परोकार भनिन्छ। यो 'पर' र 'उपकार' दुई शब्दको योगबाट निर्मित शब्द हो। परको अर्थ

आफूभन्दा बाहेक हो भने उपकारको अर्थ हित, सेवा अथवा भलाइ हो । यसप्रकार परोपकार शब्दको अर्थ अरूको भलाइको लागि गरिने कुनै असल सुकार्य सेवा अथवा सहायता हो । हाम्रो संस्कारमा मन्दिर गएर देवी देवताको मूर्ति पूजा गर्नुभन्दा परोपकारबाट धर्म कमाइन्छ भन्ने भावना हृदयमा बास गरेको छ । हाम्रो समजमा धर्म भनेको साध्य हो भने परोपकार धर्म प्राप्तिको साधन हो भन्ने विश्वास गरिन्छ । परोपकार समयानुकूल विभिन्न रूपमा प्रस्तुत हुन्छ । कुनै व्यक्ति दुर्घटनामा परेको छ, बिरामी परेको छ भने अस्पताल पुऱ्याउनु, समाजमा अन्याय र अत्याचारमा परेको व्यक्तिलाई न्याय दिलाउनु, दीन दुःखीको सेवा गर्नु, रूढीवादी परम्परा, शिक्षा, स्वास्थ्य रोजगारबाट वञ्चित भएका व्यक्तिलाई आफूले सक्दो सहयोय गर्नुजस्ता मानव सेवा परोपकार हो ।

मानव चेतनशील सामाजिक प्राणी हो । परोपकार समाज सेवाको अनुपम कार्य हो । परोपकार सृष्टिको धर्म हो । जगत्का समस्त प्रकृति र चराचर नै उपकार र धर्ममा प्रवृत्त छ । परोपकारको शिक्षा त मानिसले प्रकृति जगत्बाट नै प्राप्त गर्दछ । सूर्यले ताप दिएर धर्तीको सन्ताप हरिदिन्छन् । चन्द्रमाले गर्मीमा बाफिएकालाई शीतलता प्रदान गरिदिन्छन् । धर्तीले अन्न फलफूल फलाएर प्राणीलाई भोकबाट बचाएर जीवित राख्छिन् । हावाले प्राणीलाई अक्सिजन प्रदान गरेर प्राण दिन्छ । बादलले पानी दिएर जगत्को सेवा गर्दछ । परोपकारी हुनुमा नै जीवनको सार्थकता छ । त्यसो हुनाले भित्री हृदयदेखि नै स्वच्छ भावनाले मन, वचन र कर्मले अरूको भलो गर्ने आदतलाई सुरुदेखि नै बढाउँदै लैजानु मानिसको मानवता हो, मनुष्यको कर्तव्य हो ।

परोपकार भनेको पुण्य हो र परपीडा भनेको पाप हो । वास्तवमा परोपकारी व्यक्तिको नाम अजम्बरी हुन्छ । उसको भौतिक शरीर मरे पनि उसको सुकार्यले गर्दा बाँचिरहेको हुन्छ । परोपकारबाट व्यक्तिले परम्आनन्द प्राप्त गर्दछ । परोपकारबाट रूपैयाँ खर्च भए पनि मानिसलाई आत्मसन्तुष्टि पैदा हुन्छ । भौतिक वस्तुको दानबाट गरिएको उपकारबाट व्यक्तिले आत्मिक तथा आध्यात्मिक दुवै सुख प्राप्त गर्छ । परोपकारी भावनाबाट प्रेरित भएर मानिसले विद्यालय, पाटी, पौवा, धारा, मठ, मन्दिरको निर्माण गर्दछन् । उसलाई यस्ता कार्यले समाजमा प्रिय व्यक्ति बनाउनका साथै मृत्युपर्यन्त पनि अमर बनाउँछ । परोपकारलाई व्यक्तिगत मात्र नभएर संस्थागत रूपमा पनि गर्न सकिन्छ । नेपालमा दयावीर सिंह कंसाकारले परोपकार संस्थाको स्थापना गरे । नेपालमा एस.ओ.एस, नेपाल अन्ध अपाङ्ग महासङ्घ, नेपाल अपाङ्ग महासङ्घ, नेपाल स्काउट, रोटरी क्लबजस्ता संस्थाले परोपकारी कार्य गर्दै आएका छन् ।

परोपकारले मानिसलाई ज्ञानी र संयमी बनाउँछ । परोपकारी व्यक्तिको स्वभाव नम्र र भद्र हुन्छ । परोपकारी व्यक्तिले आफूलाई अर्काको भलाइका लागि समर्पित गराउनु आफ्नो कर्तव्य ठान्दछ । परोपकारमा निष्काम भावना हुनुपर्छ । स्वार्थी भावना यसमा देखिनु हुन्न ।

परोपकार गर्छु भनेर गर्ने कार्य नभएर समय सन्दर्भ र आवश्यकता हेरी मानवको भित्री हृदयदखि नै प्रकट हुने व्यवहार हो । बाहिरबाट हेर्दा परोपकारीजस्तो देखिने तर भित्रभित्रै व्यक्तिगत स्वार्थ राख्ने व्यक्ति परोपकारी व्यक्ति होइन । त्यस्ता व्यक्तिमा भित्रदेखि नै सङ्कुचित विचार तथा भावना जागृत भएको हुन्छ । लुटेर कमाएको धन चन्दा दिँदैमा परोपकारी भइन्न । जनताको काम गर्दा घुस लिएर कमाएको पैसाले, व्यापारीले मिसावट गरी सामान बेचेर कमाएको पैसाले, नेताले भ्रष्टाचार गरेको पैसाले अकुत सम्पत्ति जोड्दछन् अनि त्यही पैसा समाजमा चन्दा दिन प्रयोग गर्दछन् भने त्यो परोपकार होइन । त्यो त आफूले गरेको गल्ती छोप्न, पाप पखाल्न, समाजमा आफ्नो इज्जत थाम्न गरिएको आडम्बरी प्रयास मात्र हो, परोपकारको नाममा कलङ्क हो ।

व्यक्ति, परिवार, समाज र राष्ट्रकै हितका लागि परोपकारी कार्यको महत्त्व छ । परोपकारी भावना र आचरणले मानव समुदायको प्रगति हुन्छ । धार्मिक कोणले दृष्टिले मात्र होइन व्यवहारिक तथा सामाजिक दृष्टिले पनि परोपकारको विशेष महिमा छ । परोपकार नै धर्म हो । परोपकार नै पुण्य हो भन्ने मान्यता राख्ने व्यक्तिहरूले परहितको उपकारका लागि सहयोगको हात बढाउँछन् । परोपकारी व्यक्ति आफू मेटाई अरूलाई दिने चाहना राख्दछ, परोपकारलाई आफ्नो कर्तव्य ठान्दछ । अतः परोपकार मानव जातिकै लागि आवश्यक छ । आफ्नो व्यक्तिगत स्वार्थभन्दा समाज र देशलाई प्रश्रय दिनु र भावनाले मात्र होइन कार्यले पनि परहितमा समर्पित हुनु वास्तवमा परोपकार हो । परोपकारी भावनाबाट मात्रै व्यक्तिले समाज र देशको भलो गर्न सक्छ ।

## अभ्यास

१. **तल दिइएका शीर्षकमा निबन्ध लेख्नुहोस् :**

(क) मेरो जीवनको लक्ष्य

(ख) मेरो बाल्यकाल

(ग) राष्ट्रिय चाड दसैं

(घ) खेलकुदको महत्त्व

(ङ) सगरमाथा

(च) मेरो जन्मभूमि

(छ) मेरो रमाइलो यात्रा

(ज) पर्यटनको महत्त्व